## राष्ट्रिय मानव अधिकार आयोगबाट भएका

# मानव अधिकारसम्बन्धी महत्त्वपूर्ण निर्णयहरू

वर्ष २ अङ्क ३ २०७४ असार

मानव अधिकारको संरक्षण र सम्बर्द्धनको विशेष जिम्मेवारी बहन गर्नुपर्ने निकायको रूपमा रहेको राष्ट्रिय मानव अधिकार आयोगलाई प्राप्त आर्थिक तथा अन्य व्यवस्थापकीय स्वायत्तताका सम्बन्धमा स्थापित अन्तर्राष्ट्रिय मान्यतालाई नजर अन्दाज गरी सरकारी निकायको मापदण्ड अपनाउन बाध्य गरी सरकारी निकायको रूपमा सञ्चालन गर्न कर लगाउन मिल्ने देखिँदैन र त्यसमा न्यायिक हस्तक्षेप गर्नु मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मूल्य मान्यता तथा पेरिस सिद्धान्तले आत्मसात गरेको मर्म विपरीतसमेत हुन आउँछ।

*- सर्वोच्च अदालत, विशेष इजलास, निर्णय नं. ९०५०, ने.का.प. २०७०, अङ्क ९*

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

राष्ट्रिय मानव अधिकार आयोगबाट भएका

# मानव अधिकारसम्बन्धी महत्त्वपूर्ण निर्णयहरू

वर्ष २ अङ्क ३ २०७४ असार

मानव अधिकारको संरक्षण र संवर्द्धनको विशेष जिम्मेवारी वहन गर्नुपर्ने निकायका रूपमा रहेको राष्ट्रिय मानव अधिकार आयोगलाई प्राप्त आर्थिक तथा अन्य व्यवस्थापकीय स्वायत्तताका सम्बन्धमा स्थापित अन्तर्राष्ट्रिय मान्यतालाई नजर अन्दाज गरी सरकारी निकायको मापदण्ड अपनाउन बाध्य गरी सरकारी निकायका रूपमा सञ्चालन गर्न कर लगाउन मिल्ने देखिँदैन र त्यसमा न्यायिक हस्तक्षेप गर्नु मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मूल्य मान्यता तथा पेरिस सिद्धान्तले आत्मसात् गरेको मर्म विपरीतसमेत हुन आउँछ।

*-सर्वोच्च अदालत, विशेष इजलास, निर्णय नं. ९०५०, ने.का.प. २०७०, अङ्क ९*

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर

**आयोगका पदाधिकारीहरू**

मा. अनूपराज शर्मा, अध्यक्ष

मा. प्रकाश वस्ती, सदस्य

मा. सुदिप पाठक, सदस्य

मा. मोहना अन्सारी, सदस्य

मा. गोविन्द शर्मा पौड्याल, सदस्य

**सचिव**

वेदप्रसाद भट्टराई, सचिव

**संयोजन**
श्यामबाबु काफ्ले
नि. महाशाखा प्रमुख
कानुन महाशाखा, राष्ट्रिय मानव अधिकार आयोग ।

**सहयोग**
मानव अधिकार अधिकृतद्वय दिव्य कुमार झा, रञ्जिता साह र सहायक प्रथम मणिराम थापा
कानुन महाशाखा, राष्ट्रिय मानव अधिकार आयोग ।

**प्रकाशक**
राष्ट्रिय मानव अधिकार आयोग
कानुन महाशाखा
हरिहरभवन, ललितपुर ।

**प्रकाशन मिति:** २०७४ असार

---

**प्रकाशन प्रति** : ६००

**प्रकाशन सङ्ख्या** : रामाअआ के.का. २१६

**मुद्रण : एस.बि.प्रिन्टर्स एण्ड पब्लिकेशन, काठमाडौं,** ९८५११ ३८००५

**सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग

*आयोगको पूर्व-स्वीकृतिबिना यस प्रकाशनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू मात्र साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।*

# प्रकाशन सम्बन्धमा

१. राष्ट्रिय मानव अधिकार आयोगले २०७३ वैशाख महिनाबाट सुरु गरेको **मासमनि**को तेस्रो अङ्कको रूपमा आयोगबाट भएका थप आठवटा महत्त्वपूर्ण निर्णयहरू यस अङ्कमा समावेश गरिएको छ।

२. यस अङ्कमा मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनसँग सम्बधीत आयोगबाट भएका महत्त्वपूर्ण निर्णयहरू समावेश गरिएको छ।

३. यस प्रकाशनमा कतिपय स्थानमा आयोगको ठहर र कतिपयमा निर्णय उल्लेख भएको विषयलाई मानव अधिकार आयोग ऐन २०५३ बमोजिम भएका निर्णयहरूमा ठहर र राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ बमोजिम भएका निर्णयहरूमा निर्णय भनी उल्लेख गरिएको छ।

४. प्रकाशित सामग्रीलाई पठनीय र प्रयोगकर्ता-मैत्री बनाउने प्रयोजनका लागि प्रत्येक परिच्छेदहरूमा नम्बरिङ गरिएको छ। तर, ठहर वा निर्णयमा उल्लेख भएको ब्यहोरालाई व्याकरणीय रूपमा  मिलाइएको छ।

५. पीडित र साक्षीको अधिकार संरक्षणको दृष्टिकोणबाट यस प्रकाशनमा उनीहरूको नाम गोप्य राखिएको छ। तर, मृतक र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको नाम उल्लेख गरिएको छ।

६. यस प्रकाशनमा छापिएका निर्णयहरूमा कुनै द्विविधा उत्पन्न भएमा सक्कल ठहर वा निर्णयमा उल्लेख भएको ब्यहोरा आधिकारिक हुनेछ।

७. यो प्रकाशन वि.सं. २०७४ सालको प्रथम भएपनि प्रकाशन सङ्ख्यालाई निरन्तरता दिने प्रयोजनको लागि वर्ष २ पछि अङ्क ३ भनिएको छ।

# विषयसूची


| उजुरी नं. | मानव अधिकार उल्लङ्घनको विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| सम्वत २०६७ सालको उजुरी नं. १५३२ | शारीरिक सजाय (शिक्षकबाट कुटपिट/ यातना ) | १ |
| सम्वत २०६२ सालका उजूरी नं ४९२ | गैह्र न्यायिक हत्या | ९ |
| सम्वत २०६२ सालको उजुरी नं. ७७५ | बन्दीको अधिकार (कारागारमा मृत्यु) | १७ |
| सम्वत २०६३ सालका उजुरी नं. ८१९ | गैर न्यायिक हत्या | ३० |
| सम्वत २०६८ सालको उजुरी नं. ८४७ | सुकुम्वासीको अधिकार सम्बन्धी (सुकुम्वासीहरुको न्यायोचित व्यवस्थापन) | ३९ |
| सम्वत २०६२ सालको, क्षे.का. विराटनगर | गैरन्यायिक हत्या | ५८ |
| सम्वत २०६० सालको, के.का. ललितपुर | बलपूर्वक वेपत्ता (बेपत्ता सम्बन्धमा) | ६८ |
| सम्वत २०६१ सालको के.का., ललितपुर | यातना | ७३ |

# राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय
माननीय सदस्य श्री रामनगिना सिंह
माननीय सदस्य श्री गौरी प्रधान
माननीय सदस्य श्री डा. के.वि.रोकाय

**सम्वत २०६७ सालको उजुरी नं. १५३२**
**क्षे.का., विराटनगर।**

## विषय : शिक्षकबाट कुटपिट/यातना ।

**पीडक शिक्षकले आयोगको टोलीसमक्ष घटनामा आफ्नो गल्ती भएको र अबउप्रान्त यस किसिमको गल्ती कहिल्यै गर्ने छैन भनी लिखित बयानसमेत दिएको भएपनि तर, प्रचलित कानुनबमोजिम बालिकाहरू र बालिकाहरूको परिवारको सुरक्षा निश्चित गरी यस्ता घटनाहरूमा कानुनी कारबाही नहुने हो भने दण्डहीनताले प्रश्रय पाउने।**

(प्रकरण नं. ११)

**विद्यालयमा विद्यार्थीहरूलाई दिइने सजायबाट बालबालिकासम्बन्धी ऐन २०४८ को दफा ७ को उल्लङ्घन हुन गई ... र ... को विद्यालयमा भयरहित वातावरणमा अध्ययन गर्न पाउने अधिकारको हनन हुन गई उनीहरू शारीरिक सजायबाट समेत पीडित भएको देखिन्छ। नेपालको अन्तरिमसंविधान २०६३ को धारा २२** (३) **विपरीत उनीहरूको शारीरिक र मानसिक शोषणसमेत हुन नगएको हैन भनी भन्न सकिने अवस्था देखिएन । शिक्षकबाट भएको शारीरिक सजायबाट बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ को धारा ३७** (क) **र ३९ समेतको उल्लङ्घन हुने ।** (प्रकरण नं. १३)

**बालबालिकाको अधिकार हनन भएको अवस्थामा यस घटनामा बालबालिका-सम्बन्धी ऐन २०४८ को दफा ५३** (३) **बमोजिमको कारबाहीको लागि दफा ५४ बमोजिम घटना भएको एक वर्षभित्रमा सम्बधीत निकायमा मुद्दा दायर भई कारबाही हुनुपर्नेमा यस घटनामा जिल्ला शिक्षा कार्यालय तथा विद्यालयका स्रोत-व्यक्तिसमेतबाट मिलापत्र गराउने कार्य हुनुले बाल अधिकारसम्बधी महासन्धिको धारा २** (२) **विपरीत सरकारबाट हुनुपर्ने कार्यसमेत हुन नसकेको।** (प्रकरण नं. १४)

**दुवै पक्ष बीच मिलापत्र भई पीडकबाट पीडित परिवारले १५ हजार रूपैयाँ बुझिलिएको भन्ने देखिँदा क्षतिपूर्तितर्फ आयोगबाट बोलिरहनु परेन । घटनामा संलग्न शिक्षक नकुल प्रसाद साहलाई अब आइन्दा बालबालिकालाई यसरी कुटपिट नगर्न सचेत गराउनुको साथै बाल–बालिकासम्बन्धी राष्ट्रिय नीति** २०६९ नं.९(२) **बमोजिम विद्यालयमा बालबालिकालाई शारीरिक र मानसिक यातना दिने शिक्षकलाई विभागीय कारबाही हुने भन्ने कुराको जानकारी नेपाल राज्यभरका विद्यालयहरूमा निर्देशन जारी गर्न गराउन नेपाल सरकारलाई नीतिगत सिफारिस गर्ने।** (प्रकरण नं. १७)

१. सप्तरी जिल्ला ... गाविस वडा नं. ... बस्ने ... का छोरीहरू श्री ... निम्न माध्यामिक विद्यालय, ... मा क्रमशः कक्षा ५ र ६ मा अध्ययनरत ... र ... लाई सोही विद्यालयका शिक्षक नकुल प्रसाद साहले मिति २०६७।३।११ गते विद्यालयमा शारीरिक सजाय गरी (थप्पड, मुड्की, लठ्ठीसमेतले हिर्काइ) सख्त घाइते बनाएकोले विभिन्न अस्पतालमा उपचार गराइरहेको हुँदा शिक्षकलाई कारबाही र नाबालिकाहरूलाई उपचार खर्च, जीवन निर्वाह खर्चसमेत उपलब्ध गराइपाऊ भनी मिति २०६७।४।१८ गते आयोगमा उजुरी दर्ता हुन आएको ... देखिन्छ।

२. प्रस्तुत उजुरीका सम्बन्धमा आयोगबाट गरिएका काम कारबाहीहरू देहायबमोजिम रहेको देखियो :

- घटनाको सम्बन्धमा के कसो भएको हो ? उक्त घटनाको सम्बन्धमा तहाँ कार्यालयबाट छानविन प्रक्रिया अगाडि वढाइएको भए छानविनको प्रक्रिया के, कुन चरणमा पुगेको छ ? बालबालिका विद्यार्थीहरूको मानव अधिकारको रक्षार्थ आवश्यक पहल हुनेछ भनी विश्वस्त हुँदै त्यहाँ कार्यालयमा प्राप्त हुन आएका सम्पूर्ण जानकारी उपलब्ध गराई आयोगको काम कारबाहीमा सहयोग गरिदिने समेतको ब्यहोरा उल्लेख गरी आयोगको क्षेत्रीय कार्यालय विराटनगर ... मार्फत जिल्ला शिक्षा कार्यालय सप्तरीलाई पत्राचार गरी सोको बोधार्थ जिल्ला प्रशासन कार्यालय सप्तरीलाई प्रेषित गरी मिसिल संलग्न गरिएको रहेछ।
- घटनाका सम्बन्धमा के कसो भएको हो ? प्रस्तुत घटना के कसरी घट्न गएको हो ? यस

विषयमा तहाँ विद्यालयबाट छानविनको प्रक्रिया वढाएको छ, छैन ? छानविन प्रक्रिया वढाएको भए के कुन चरणमा पुगेको छ ? सोको प्रतिवेदन लगायत अन्य आवश्यक जानकारी उपलब्ध गराउन भन्ने समेतको ब्यहोरा उल्लेख गरी आयोगको क्षेत्रीय कार्यालय विराटनगरबाट श्री ... निम्न माध्यामिक विद्यालय, ... मा प्रेषित पत्र पनि मिसिल संलग्न रहेछ।

- प्रस्तुत उजुरी क्षेत्रीय कार्यालय विराटनगरको क्षेत्राधिकारमा पर्ने हुँदा आयोगको केन्द्रिय कार्यालयमा प्राप्त उजुरी तथा संलग्न कागजातहरू मिति २०६७।५।३१, द.नं. ३० मा दर्ता गरी आवश्यक कारबाहीका लागि उजुरी र सोसम्बन्धी कागजात समेत संलग्न गरी सम्बधीत कार्यालयमा पठाइएको पत्र मिसिल संलग्न रहेको।
- आयोगबाट पत्राचार गरिएका उपर्युक्त निकायहरूमध्ये श्री ... निम्न माध्यामिक विद्यालयको मिति २०६७।६।८ गते पत्रमार्फत निवेदक ... को छोरी कक्षा ५ मा पढ्ने ... ले कक्षा कोठामा नकुल सरको बारेमा केही नराम्रा कोटेसनहरू लेखेर छात्रछात्राहरूलाई देखाएको। पछि गएर त्यो कुरा छात्रछात्राहरूले नकुल सरलाई भन्न गएका। त्यसैको रिसले सरले ... लाई थप्पडले हिर्काउन थालेको । त्यसपछि ... रुन थालेको र सो रुवाइ सुनेर कक्षा छबाट ... आएर नकुल सरलाई गाली गर्न थाल्यो। ... को गाली सुनेर सरले त्यसलाई पनि थप्पडले मात्र गालामा र कानमा हिर्काएको । सरको कुटाइले ... को कान दुख्न थाल्यो । घटनाको भोलिपल्ट निवेदकले विद्यालयमा निवेदन दियो । त्यसैअनुसार त्यसको दुईचार दिनपछि विद्यालय व्यवस्थापन समिति, शिक्षक स्टाफ र गाउँका केही भद्र-भलादमी बसी निवेदक र सरको कुराहरू सुनी छलफल गरी निवेदकलाई औषधी उपचार बापत रु १५,०००। सरबाट जरिवाना तिराई आफ्नो गल्तीको क्षमा याचना गराई दुवैजनाको बीचमा सम्झौतासमेत गराई मेलमिलाप गराइदिएका छौँ भन्ने समेतको ब्यहोरा उल्लेख भएको पत्र मिसिल संलग्न रहेछ।

३. घटनाको सम्बन्धमा आयोगको अनुसन्धान टोलीको प्रतिवेदनमा सप्तरी जिल्ला ... गाविस वडा नं. ... घर भएका ... र ... का छोरीहरू ... र ... ऐ. गाविस वडा नं. ... मा रहेको श्री ... निम्न माध्यमिक विद्यालय ... मा क्रमशः कक्षा ५ र ६ मा अध्ययनरत रहेका र सोही विद्यालयमा निजहरूकी आमा ... र उनीहरूका छिमेकी नकुलप्रसाद साह .... अध्यापनरत रहेका । निजहरू बीचमा गाउँघरको विषयमा सामान्य विवाद पनि रहेको भन्ने बुझिएको ।

४. सो विद्यालयमा अध्ययनको क्रममा २०६७ असार ११ गते ... र ... का छोरीहरू ... र ... विद्यालयमा आ-आफ्नो कक्षा कोठामा भएका। सोही दिन कक्षा ५ मा अध्ययनरत ... र निजको एक जना साथी भई शिक्षक नकुललाई समेत इङ्गित गरी कविता लेखेका। त्यो कविता ... को साथीले नकुल सरसँग ... ले लेखेकी भनी देखाएपछि निज नकुल सरले सुरुमा गालामा र त्यसपछि बाँसको लट्ठीले पिटेको । शिक्षकको पिटाइको कारण कानबाट रगत आाएको भन्ने ... को भनाइ रहेको।

५. ... लाई पिटेपछि शिक्षक नकुल अर्को पिरियडमा पढाउनलाई कक्षा ६ मा गई अध्यापन गराइरहेका समयमा ... ले गल्ती पढाएको भनी शिक्षकलाई भनेपछि शिक्षकले ... लाई पनि हातले एक झापड पिटेको, सो पिटाइको कारण ... बेहोस भई निधार र ओठमा चोट लागेर रगत आएको भन्ने ... को भनाइ रहेको ।

६. घटनाको छानविनका लागि जिल्ला शिक्षा कार्यालयबाट विद्यालय निरीक्षक खटिई गएको समयमा शिक्षक नकुल साहले बालिकाहरूलाई मिठाई दिएर फकाइ नराम्रो कुरा नगरिदेऊ भनी भनेका र विद्यालय निरीक्षकलाई आफ्नो घरमा लगी माछामासु खुवाएका भन्ने पीडितहरू ... को भनाइ रहेको।

७. पीडक शिक्षक सशस्त्र समूहसँग पनि आबद्ध भएको कारण आफूले दबाबमा मिलापत्र गरेकाले आफूलाई जोखिम नहुने गरी निजलाई कारबाही हुनुपर्ने र छोरीहरूमध्ये कम्तीमा एकजनालाई ... स्कुलमा सरकारी छात्रवृत्तिमा अध्ययनको लागि सिफारिस गरी पाऊँ भन्ने बालिकाहरूका पिता ... को माग रहेको ।

८. बालिकाहरूमाथि शिक्षकबाट शारीरिक सजाय भएपछि भारतमा र काठमाडौँमा उपचार गराएको भनी बालिकाहरूका

पिताले आयोगको टोलीलाई जानकारी गराएको भएपनि उजुरीमा काठमाडौँ शिक्षण अस्पतालमा उपचार गराएको प्रेस्क्रिप्सनहरू मात्र संलग्न भएको देखिएको र उजुरी संलग्न दुवै प्रेस्क्रिप्सनहरूमा पीडितहरू डराउने, विद्यालय जानलाई नमान्ने लगायतका समस्या भएको र औषधी सेवन गर्ने र काउन्सीलिङ गर्नको लागि सिफारिस भई काउन्सीलिङसमेत भएको पाइएको।

९. हाल दुवै बालिकाहरूमध्ये ... कक्षा ६ मा ... बोर्डिङस्कुल (सहिदस्कुल) र ... सप्तरी जिल्लाकै ... मा बसी ... प्राविमा पढ्दै गरेको भन्ने बुझिएको ।

१०. घटनाको सम्बन्धमा आरोपी शिक्षकले कक्षा ६ मा पढ्ने ... ले आफ्नी साथी ... को कपीमा लेखिदिएको र त्यसरी नलेख्नु भनी हातले निजलाई एक झापड हानेको तर ... लाई आफूले नपिटेको, यो विवाद निज विद्यार्थीहरूकी आमा तथा सोही विद्यालयकी शिक्षिका ... र विद्यालयका अन्य शिक्षकसमेत भई त्यही दिन मिलाएको, त्यसपछि अन्नपूर्ण पोस्ट दैनिक पत्रिकामा यस विषयको समाचार छापिएपछि विद्यालय व्यवस्थापन समितिका सदस्य, प्रधानाध्यापक, अन्य शिक्षकहरू र स्रोतव्यक्ति ... समेत भई पीडकले पीडितलाई १५ हजार रूपियाँ नगद लेनदेन गरी मिलेको एवम् जिल्ला शिक्षा कार्यालय सप्तरीका जिल्ला शिक्षा अधिकारी सत्रुघ्नप्रसाद यादवले जिल्ला शिक्षा कार्यालयमा उपस्थित गराई सम्झाई बुझाई गरी छाडिदिनुभएको । उक्त घटनामा गल्ती भएको, त्यसपछि कसैलाई पनि शारीरिक सजाय नदिएको, त्यसप्रकारको भूल आफूबाट नहुने भनी ... लिखित बयान दिएको ।

११. अनुसन्धानबाट यस घटनामा बाल अधिकारको उल्लङ्घन भएको देखिएको। पीडकले पीडित परिवारलाई १५ हजार रूपियाँ उपलब्ध गराइसकेको पाइएको। पीडित बालिकाहरू नाबालिग रहेका र उनीहरूका अभिभावकले आयोगमा २०६० माघ १७ गते उपस्थित भई पीडकलाई कारबाही हुँदा आफूलाई थप असुरक्षित हुने हुँदा स्पष्टतः कारबाहीको माग गर्न नसकेको अवस्था देखिन्छ। साथै **पीडक शिक्षकले आयोगको टोलीसमक्ष घटनामा आफ्नो गल्ती भएको र अबउप्रान्त यस किसिमको गल्ती कहिल्यै गर्ने छैन भनी लिखित बयानसमेत दिएको भएपनि प्रचलित कानुनबमोजिम बालिकाहरू र बालिकाहरूको परिवारको सुरक्षाको निश्चित गरी यस्ता घटनाहरूमा कानुनी कारबाही नहुने हो भने दण्डहीनताले**

**प्रश्रय पाउने निश्चित छ।** यस अवस्थामा प्रचलित नेपाल कानुनबमोजिम अभिभावकबाट जाहेरी दिने म्याद नाघेको देखिए पनि मुलुकी ऐन २०२० को अदालती बन्दोबस्त महलको दफा ४० बमोजिम नाबालिकाहरूले चाहेमा उनीहरूले १६ वर्ष उमेर पूरा गरेको एक वर्षभित्रमा उजुरी गर्न पाउने गरी सिफारिस गर्न सकिने टोलीको निष्कर्ष रहेछ । साथै यस्ता घटनामा बाल-अधिकारसम्बन्धी आधारभूत मान्यता र प्रचलित नेपाल कानुनविपरीत कार्य गर्ने कार्यमा जिल्ला शिक्षा अधिकारी, स्रोत व्यक्ति र विद्यालयका प्रध्यानाध्यापक एवम् शिक्षकहरूको समेत संलग्नता भएको कुरालाई इन्कार गर्न नसकिँदा निजहरूलाई समेत सचेत गराउन तथा पीडित विद्यार्थीहरूको उपचार खर्च पीडकबाट भराउन समेत आयोगबाट सिफारिस हुनुपर्ने देखिन्छभन्ने अनुसन्धान टोलीको निष्कर्षसहितको सिफारिस रहेछ।

१२. प्रस्तुत घटनाका सम्बन्धमा सप्तरी जिल्ला ... गाविस वडा नं. ... घर भई ... निम्न माध्यमिक विद्यालय ... मा कक्षा ५ र ६ मा अध्ययनरत विद्यार्थीहरू ... र ... लाई सोही विद्यालयका शिक्षक नकुल प्रसाद साहले कुटपिट गरेको भनिएको घटना सम्बन्धमा स्थलगत रूपमा खटिएको अनुसन्धान टोलीले पेस गरेको प्रतिवेदनबाट समेत निज शिक्षक नकुल प्रसाद साहले ... र ... लाई कुटपिट गरी शारीरिक यातना दिएको पुष्टि हुने देखिन्छ। निज शिक्षकले गरेको कुटपिटको कारण दुवैजना बालिकाहरूमा शारीरिक र मानसिक समस्या परेको हुँदा निजहरूलाई उपचार गराउनुका साथै मनोपरामर्श सेवासमेत दिइएको देखिन्छ।

१३. तसर्थ, उक्त कार्यहरूबाट **विद्यालयमा विद्यार्थीहरूलाई दिइने सजायबाट बाल-बालिकासम्बन्धी ऐन २०४८ को दफा ७ को उल्लङ्घन हुन गई ... र ... को विद्यालयमा भयरहित वातावरणमा अध्ययन गर्न पाउने अधिकारको हनन हुन गई उनीहरू शारीरिक सजायबाट समेत पीडित भएको देखिन्छ । यस्तै नेपालको अन्तरिम संविधान २०६३ को धारा २२ (३) विपरीत उनीहरूको शारीरिक र मानसिक शोषणसमेत हुन नगएको हैन भनी भन्न सकिने अवस्था देखिएन। शिक्षकबाट भएको शारीरिक सजायबाट बाल-अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ को धारा ३७ (क) र ३९ समेतको उल्लङ्घन हुने देखिन्छ।**

१४. **बालबालिकाको उल्लिखित अधिकार हनन भएको अवस्थामा यस घटनामा बाल–बालिकासम्बन्धी ऐन २०४८ को दफा ५३ (३) बमोजिमको कारबाहीको लागि दफा ५४ बमोजिम घटना भएको एक वर्षभित्रमा सम्बधीत निकायमा मुद्दा दायर भई कारबाही हुनुपर्नेमा यस घटनामा जिल्ला शिक्षा कार्यालय तथा विद्यालयका स्रोत– व्यक्तिसमेतबाट मिलापत्र गराउने कार्य हुनुले बाल अधिकारसम्बधी महासन्धिको धारा २(२) विपरीत सरकारबाट हुनुपर्ने कार्यसमेत हुन नसकेको देखियो।**

१५. कुटपिट गर्ने शिक्षक नकुल प्रसाद साहले ... र ... का परिवारलाई घटनापश्चात् १५ हजार रूपियाँ उपलब्ध गराइसकेको देखिन्छ। ...।

१६. घटनामा संलग्न शिक्षक नकुलप्रसाद साहले आफ्नो गल्ती स्वीकार गरी भविष्यमा यस किसिमको गल्ती कहिल्यै नगर्ने भनी लिखित रूपमा प्रतिवद्धतासमेत जाहेर गरेको देखिएतापनि प्रचलित नेपाल कानुनबमोजिम अभिभावकबाट जाहेरी दिने म्याद नाघेको अवस्थामा घटनामा पीडित भएका बालिकाहरू र निजहरूको परिवारको सुरक्षाको निश्चित गरी यस्ता घटनाहरूमा कानुनी कारबाही नहुने हो भने दण्डहीनताले प्रश्रय पाउने अवस्थासमेत रहन जाने देखिन्छ।

१७. यसमा निर्णयतर्फ विचार गर्दा सप्तरी .. गाविस वडा नं. ... बस्ने ... का छोरीहरू श्री ... निम्न माध्यामिक विद्यालय ... मा कक्षा ५ र ६ मा अध्ययनरत ... र ... लाई उक्त विद्यालयका शिक्षक नकुल प्रसाद साहले मिति २०६७।३।११ गते विद्यालयमा थप्पड, मुड्की, लट्ठी समेतले हिकाई सख्त घाइते बनाएकाले हाल अस्पतालमा उपचार भइरहेको हुँदा शिक्षकलाई कारबाही र पीडितलाई उपचार खर्च उपलब्ध गराइपाऊँ भनी मिति २०६०।४।१८ गते यस आयोगमा उजुरी दर्ता हुन आएको देखियो। यसमा आयोगको अनुसन्धानबाट श्री ... निम्न माध्यामिक विद्यालय ... मा कक्षा ५ मा पढ्ने ... र कक्षा ५ मा पढ्ने ... लाई कक्षा कोठामा सोही विद्यालयका शिक्षक नकुल प्रसाद साहले मिति २०६७।३।११ गते शारीरिक सजाय दिएको। त्रि.वि. शिक्षण अस्पतालमा उपचार गराएको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पनि शिक्षकबाट कुटपिट भएको भनी उल्लेख भएको देखिँदा निजहरूको बाल अधिकारहनन भएको देखियो। हाल ... कक्षा ६ मा ... बोर्डिङ स्कुल र ... जिल्लाको ...

स्थित ... प्राविमा पढ्दै गरेको । **दुवै पक्ष बीच मिलापत्र भई पीडकबाट पीडित परिवारले १५ हजार रूपियाँ बुझिलिएको भन्ने देखिँदा क्षतिपूर्तितर्फ आयोगबाट बोलिरहनु परेन । घटनामा संलग्न शिक्षक नकुल प्रसाद साहलाई अब आइन्दा बालबालिकालाई यसरी कुटपिट नगर्न सचेत गराउनुको साथै बाल–बालिकासम्बन्धी राष्ट्रिय नीति २०६९ को नं.९(२) बमोजिम विद्यालयमा बालबालिकालाई शारीरिक र मानसिक यातना दिने शिक्षकलाई विभागीय कारबाही हुने भन्ने कुराको जानकारी नेपाल राज्यभरका विद्यालयहरूमा निर्देशन जारी गर्न गराउन नेपाल सरकारलाई नीतिगत सिफारिस गर्ने निर्णय भयो ।**

१८. प्रस्तुत उजुरीउपर भएको निर्णय कार्यान्वयनका लागि नेपाल सरकारलाई लेखी पठाउनू । निर्णयको जानकारी उजुरीकर्तालाई दिनू । उजुरी फाइलको लगत कट्टा गरी नियमानुसार उजुरी फाइल आयोगको अभिलेख शाखामा बुझाइदिनू ।

**पेस गर्ने**

...............

मन्दिरा श्रेष्ठ

सहायक प्रथम

| | |
|---|---|
| ................. | ................. |
| सदस्य | सदस्य |
| ................. | ............... |
| सदस्य | अध्यक्ष |

इति सम्वत २०७० साल असार ३० गते रोज १ शुभम् ............................... ।

# राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

मानवीय अध्यक्ष श्री केदारनाथ उपाध्याय
माननीय सदस्य श्री रामनगिना सिंह
माननीय सदस्य श्री गौरी प्रधान
माननीय सदस्य डा.के.बि. रोकाय

**संवत् २०६२ सालका उजुरी नं:४९२ क्षे.का. विराटनगर।**

## विषय: गैरन्यायिक हत्या

**घटनास्थलको अवलोकनबाट उक्त स्थानमा दोहोरो भिडन्तको कुनै चिन्ह, घर तथा वरिपरिको ठाउँमा गोलीको दाग देखा पर्न नसकेको। सुरक्षाकर्मीतर्फ पनि कुनै क्षति भएको भनी लिखित जबाफमा नआएको हुँदा उक्त ठाउँमा नेकपा माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त भएको भन्न सकिएन। निज अर्जुन सुब्बा (मेन्याङवो) तत्कालीन नेकपा माओवादीको कार्यकर्ता भए पनि सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिइसकेपछि कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेकोले निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको समेत उल्लङ्घन भएको देखियो। घटनामा संलग्न तत्कालीन इन्द्रदल गुल्मका सेनानी रूपेन्द्र बुढाथोकी र गोली हान्ने सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्नु। (प्रकरण नं. ७)**

१. ताप्लेजुङ जिल्ला, थेचम्वु गाविस वडा नं ६ खाल्टे बस्ने वर्ष ३२ का शिक्षक अर्जुन सुब्बा (मेन्याङवो) लाई मिति २०६२/०७/०२ गते बिहानको ८.१० बजे आत्मा सुरक्षाका लागि भाग्दै गर्दा थुम्बेदिन गाविस वडा नं ७ बडहरेमा सेनाले नियन्त्रणमा लिई गोली हानी हत्या गरेकोले घटनाको उचित छानविन गरी क्षतिपूर्ति दिलाइ पाऊँ भन्ने ब्यहोराको उजुरी मिति २०६२/०८/१७ गते आयोगको क्षेत्रीय कार्यालय, विराटनगरमा दायर भएको देखिन्छ। उजुरीको साथका दुईप्रति रङ्गिन फोटो, घटनास्थल लास जाँच मुचुल्का पाना ३ र लाससद्गत मुचुल्का पाना २ समेत उजुरीको साथ पेस गरेको मिसिल संलग्न देखिन्छ।

२. उल्लिखित उजुरीको सम्बन्धमा आयोगको क्षेत्रीय कार्यालय

विराटनगरले मिति २०६२/०९/२८ गते ... पत्रमार्फत श्री जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङलाई जानकारी उपलब्ध गराइदिने सम्बन्धमा पत्राचार गरिएको मिसिल संलग्न पत्रबाट देखिन्छ।

३. जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङको मिति २०६२।१०।२४ गतेको पत्रमा थेचम्बु गाविस वडा नं ६ ताप्लेजुङ बस्ने अर्जुन सुब्बा (मेयाङवो) को मिति २०६२।०७।०२ गते बिहान ८.५० बजेको समयमा थुम्बेदिन गाविस वडा नं ७ मा सुरक्षाफौजसँग जम्का भेट भई भिडन्त हुँदा मृत्यु भएको ... भन्ने ब्यहोरा उल्लेख भएको पत्र मिसिल संलग्न रहेछ।

४. उजुरीको सम्बन्धमा आयोगको क्षेत्रीय कार्यालय, विराटनगरबाट अनुसन्धानको लागि टोली खटिई अनुसन्धान प्रतिवेदन मिसिल संलग्न देखिन्छ। अनुसन्धानको क्रममा साक्षीहरू तथा घटनाको जानकारले दिएको बयान तथा भनाइको सङ्क्षिप्त विवरण यसप्रकार रहेछः-

(क) ... अर्जुन मेन्याङवो २०६२ को असोज मसान्तमा मेरो दाइ पर्ने ... को घरमा आएर बसेको रहेछ। सो कुरा हामीलाई भोलिपल्ट थाहा भयो । भोलिपल्ट कात्तिक १ गते बिहानको अन्दाजी ८.०० बजेतिर थेचम्बुको पुर्ने डाँडाका सेनाहरू (सुरक्षाफौज) ... दाइको घरमा आएछन् । त्यहाँ सेना देखेपछि अर्जुन भागेछ । त्यस दिन ... दाइको घरबाट भागेपछि उ कहाँ गयो थाहा भएन। पछि २०६२ कात्तिक ३ गते थुम्बेदिनबाट एक जना नाम नचिनेको मानिस आएर अर्जुन सरलाई सेनाले २ गते माऱ्यो भन्यो । उसले थुम्बेदिनको बडहरे भन्ने ठाँउमा घटना घटेको छ भन्यो । तरपनि हामीलाई मारेको निश्चित भएन । त्यही दिन बेलुका ताप्लेजुङ सदरमुकाममा बस्ने ... बहिनीले आफूले टिभीमा अर्जुनलाई सेनाले मारेको खबर सुनेपछि मेरो घरमा आई सुनाइन्। त्यसपछि ४ गते बिहानै गाउँलेहरू मिलेर घटनास्थलतर्फ गयौँ । त्यहाँ जाँदा भाइलाई सेनाहरूले २ गते बिहान ८.०० बजे एउटा ... को घरमा बसिरहेको अवस्थामा पक्राउ गरी गोली हानी हत्या गरेको सुन्यौँ । लास भएको ठाउँमा जाँदा सेनाहरूले पुरेको ठाउँबाट नेकपा माओवादीका मानिसहरूले लास निकालिरहेको देख्यौँ । लास हेर्दा ... अर्जुन रहेछ, मैले चिनिहालेँ । लासलाई हात र खुट्टा एकै ठाउँमा बाँधेर पुरेका रहेछन्। नेकपा माओवादीका मानिसहरूले त्यहाँबाट लास झिकी अर्को ठाउँमा पार्टीको झन्डा गाडी राम्रोसँग लास सद्गत गर्ने भनेका थिए। तर हामीले जेजस्तो भए पनि हाम्रै लोक संस्कृतिअनुसार घरमा

लगी सद्गत गर्छौं भनी लास लिएर घरमा आयौँ । त्यही ४ गते नै हामीले अर्जुनको दाहसंस्कार गर्‍यौं । सेनाहरूले ... लासलाई नेकपा माओवादी वा मानिसहरू आएर पार्टीको झन्डा गाड्लान् । सो गर्न नदिनू। त्यसो गरेको थाहा पाए हामी नराम्रो गर्छौं । मुचुल्कामा सही गर्नेहरूलाई राम्रो हुनेछैन भनेर तर्साई गएकाले अर्जुनलाई पनि घरमा ल्याएकै दिन सद्गत गर्‍यौं । मैले घटनास्थलमा ... को घरको हजुरआमाले भनेअनुसार मेरो भाइ अर्जुन तल्लो घरमा खाना खाएर उनको घरको कोठामा बसेको रहेछ । सोही बेलामा सेनाहरू आएर घर घेरा हाली केही सेना कोठाभित्र पसेछन् । भाइले कोठाको बाकल (फलेक) तोडेर भाग्न खोज्दा बाहिर निस्कने बित्तिकै पक्राउ गरी हिजो भाग्ने तँ नै होइन? भनी गोली ठोकेर मारेछन् भन्नुभयो भन्ने ब्यहोराको ... मृतकका आफन्तको बयान मिसिल संलग्न रहेछ।

(ख) ... मिति २०६२/०७/०१ गते रातको नौ बजेतिर हामी खान खाँदै गर्दा नेकपा (माओवादी) का बाह्र जना मानिसहरू आई मेरो घरमा बास दिनू भने । उनीहरू प्रत्येकले एक-एक झोला लिएर आएका थिए । त्यति भनेपछि मैले बस्ने भए त्यो कोठामा बस्नू भनेर घरको एउटा कोठा देखाइदिएँ । त्यति भनेपछि ती व्यक्तिहरू सो कोठामा गई बसे । ती सबै मानिसहरूले साधारण पोसाक लगाएका थिए । हातमा केही हतियार पनि थिएन । उक्त समूहमा महिलाहरू पाँच जना थिए । राति बाह्र जना त्यही कोठामा सुते । भोलिपल्ट बिहान ... चार बजे उनीहरु मध्ये एघार जना ... घरबाट निस्केर नुहाउने लुगाधुने गर्न थाले । छ बजि सकेपछि ... निस्केर कहाँ गए कता गए थाहा भएन । तर, उनीहरूमध्ये अर्जुन मेन्याङ्वो कोठाबाट बाहिर ... पिढीँको खाटमा पल्टेर बसिराखेका थिए । बिहान ८.०० बजेतिर उ ... दुस्मन आए भन्दै ... सुतेको कोठामा पस्यो । कोठाभित्र पसेपछि उसले कोठाको फलेक भत्काई बाहिर हाम फाल्यो । ऊ कोठाबाट बाहिर हाम फाल्ने बित्तिकै ३/४ पटक बन्दुकको आवाज सुनेँ । ... बन्दुकको आवाज ... माओवादीले पड्काएका हुन् जस्तो लाग्यो । त्यही बेला मेरो घरवरिपरि सेनाहरू आएर घरका जन जति सबै बाहिर निस्क भनेकाले म बाहिर निस्केँ । सेनाहरू घरभित्र पसेर सबै ठाउँमा खोजतालस गरे तर केही लगेनन्। मेरो ... छोरो ... लाई आँगनमा राखेर सेनाले यो घर तेरो माओवादीको खानी रहेछ; कतिवटा ग्रिनेट बोकेको छस् ? भन्दै कुटे । सेनाहरूले मेरो घर घेराउ गरेर बसिराखेका थिए । सेना र प्रहरी गरी अन्दाजी १५० जना जति देखिन्थे । मैले मृतक अर्जुन मेन्याङ्वोको लास एघार बजेमात्र देखेँ । लासको खुट्टा मात्र देखेँ अरू हेर्न सकिनँ । पछि बाह्र बजे

सेनाहरू आफैले लासलाई मेरो घरको उत्तरतर्फ २०० मिटर जति पर लगेर खाल्टो खनेर गाडे । सेना प्रहरीहरूले यही बारीमा खाना बनाएर खाए । उनीहरूले एउटा कागज पनि बनाए। मेरो छोरा ... ले पनि त्यसमा सही गऱ्यो । सेनाहरूले त्यसमा के लेखेका थिए थाहा भएन। पढेर पनि सुनाएनन्। ... अर्जुन मेन्याङबोलाई गोली हानिसकेपछि सेनाहरूले मृतक बसेको कोठामा छिरी झोला लिएर बाहिर निस्के र आगनमा राखेर झोला खोले । झोला खोल्दा झोलामा लुगा, पैसा, कापी, किताब थियो । अन्य केही देखिएन । पैसा उनीहरूले आगनमै गने । तीन लाख एक्काइस हजार रहेछ। हामी सबैलाई देखाए। बेलुका बास बस्ने क्रममा मेरो छोराले भरुवा बन्दुक दुईवटा र सकेट बम एकवटा माओवादीले हातमा लिएको देखेको रहेछ । सेनाहरू बेलुका पाँच बजेतिर यहाँबाट गए। बाह्र जनामध्ये ... गाविसको नेकपा (माओवादीको) कमान्डर ... पनि थियो । ऊ भाग्ने क्रममा खुट्टा भाँचिएको रहेछ र उसलाई सेनाले हात पछाडि बाँधेर यही मेरै आगनमा ल्याए र बयान गराएका थिए। यहाँ ल्याएर भने कुटेको थिएन। पछि हेलिकप्टरमा लगेर उपचार गराई छोडिदिएछन्। हाल ऊ गाउँमै देखिन्छ। लासको मैले खुट्टा मात्र हेर्न सकेँ। खुट्टा थिलथिलो भएको थियो। घटना भएको पर्सिपल्ट गाउँले तथा माओवादीले ... गाडेको ठाउँबाट लास निकालेर अर्को ठाउँमा पुर्न लगेका थिए। सो क्रममा लासलाई हेर्दा हातखुट्टा एकै ठाउँमा बाँधेको थियो । टाउकोमा अलि बढी घाउ थियो । टाउको फुटेको थियो । पछाडिबाट हेर्दा मृतकको गिदी छरपस्ट देखिन्थ्यो । लासलाई अर्को खाल्टोमा गाड्ने बेलामा नै मृतकका परिवार यहाँ आए र माओवादीले लासलाई हामी नै यही गाड्छौ भनेका थिए। तर, मृतकका ... ले तपाईँहरूले डर मान्नु पर्दैन अर्जुनको लास हामी घरमानै लग्छौँ भन्ने अनुरोध गरी घरमा लिएर गए भन्ने ब्यहोराको प्रत्यक्षदर्शीको बयान ... मिसिल संलग्न रहेछ।

(ग) हामी सुतिरहेको अवस्थामा करिब नौ बजे राती बाह्र जना माओवादीहरू आएर घरको दैलो उघार्नुस् भने । उनीहरूले हामीलाई बास दिनुहोस् भनेका थिए। सुत्ने ठाउँ छैन; लुगा दिन सक्छु भनेर केही लुगा दिए र उनीहरू दाजुको घरमा गए । भोलिपल्ट बिहान ... ७.३० बजे मेरो घरमा आई चिया खाई बसेको थियो। सोही समयमा अन्दाजी १५/२० फायर गोलीको आवाज आयो । चारैतिरबाट सुरक्षाफौजले घर घेरा हालिसकेका रहेछन् । ८.३० बजे मेरो घर खानतलासी गरे । उनीहरूले हामी घर खानतलासी गर्छौँ। कति जना माओवादी लुकाएर राख्नुभएको छ ?

भनिहाल्नुस् नत्र पछि अप्ठेरो पर्ला भन्दै घर खानतलासी गरे । ... मेरो घरबाट पहिल्यै भागिसकेको थियो । ... भाग्दा केही पर पुगेपछि खुट्टा भाँचिएर लडेर बसेको रहेछ; उसलाई सुरक्षाकर्मीले बोकेर ल्याए । गोलीको आवाज सुनेपछि म ... आमा आत्तिएको थाहा पाएर सुरक्षाकर्मीलाई सोधी दाजुको घरमा गए । त्यहाँ गई आमालाई भित्र राखेँ । लास घरको तल्लो पटि बलेसीमा लडिरहेको देखेँ । त्यहाँ गएर हेर्न दिएनन् । लासलाई सुरक्षाकर्मीहरूले बासमा राखेर घटना भएको उत्तरपट्टि घरभन्दा २००/३०० मिटर पर लगी गाडे । दाइको घरको आगनको अगाडि र पछाडिको सुरबाट सुरक्षाकर्मीले गोली हानिरहेको मैले आफ्नो घरबाट देखे । मेरो घर र दाजुको घरको दूरी करिब १०० मिटर जति पर्दछ । अर्जुनलाई गोली हानेको देखिनँ तर सुरक्षाकर्मीले गोली पड्काएको र ताकेर हानेको मात्र देखेँ । कसलाई ताकेर हानेको हो त्यो देखिनँ । सुरक्षाकर्मीहरू लगभग ९५/१०० जनाको सङ्ख्यामा थिए । सुरक्षाकर्मीले लासलाई पुरिसकेपछि चामल खसी किनेर मेरो घरको अगाडि रहेको बाँझो जग्गामा पकाएर खाए । बेलुकी ६ बजे यहाँबाट गए । अन्दाजी दिउँसो २.०० बजेतिर मेरो घर अगाडिको बाँझो जग्गामा हेलिकप्टर उतार्न ठिक पारेको भए पनि त्यहाँ उतार्न नसकेपछि तल ... को घरमुनि उतारेर घाइते ... लाई लग्यो । थेचम्बुबाट पक्रेर ल्याएका दुई जनालाई र यहाँ सेन्ट्री बसेका तीन जनालाई सँगै लिएर गए । तिनीहरूलाई ठूलाठूला हतकडी लगाएर लगिएको थियो । उनीहरू कहाँका थिए मैले चिनिनँ । सुरक्षाकर्मीमध्ये एक जनाघाइते भएको देखेँ । मुखमा, निधारमा र गालामा ब्यान्डेज थियो तर त्यो मानिस यहाँ घाइते भएको थिएन । भनाइअनुसार उसलाई रमण (अर्जुन) ले तातोपानी मुखमा फालेर भागेको रहेछ । सेनाहरूले हिजो हामीलाई मार्न तातो पानी खन्याएर एक रात बाँच्न आइस् र मरिस् भन्दै गोली हान्दै गरेको मैले सुनेको थिएँ । सुरक्षाकर्मीले आफू-आफूमा ग्रिनेट फाल्छ है चारैतिरबाट घेर भन्दै पनि थिए । सुरक्षाकर्मीले एउटा कागज बनाई ..., निजकी बुहारी, आमालगायत मसमेतलाई सहीछाप गर्न लगाए तर त्यसमा के कसो लेखिएको थियो पढेर सुनाएनन् । दाजुको घरबाट बाह्र जनाको झोला निकालेर जलायो । आगनमा एउटा ग्रिनेट, दुईतीन वटा बन्दुक राखेका थिए त्यो कहाँबाट के कसरी लिएर आएका थिए थाहा भएन । माओवादीहरूले कपडा धेरै प्रकारका लगाएका थिए । तीनचार जना महिला पनि थिए । बाह्र-तेह्र वर्षका तीन जना सेन्ट्री बसेकालाई पक्राउ गरी ल्याएका थिए । मनिसहरूलाई नबाँधी

लगेका थिए । माओवादीका झोलाबाट सुरक्षाकर्मीले ३ लाख २१ हजार रुपियाँ गनेर लिएर गए भन्ने ब्यहोराको अर्का प्रत्यक्षदर्शी तथा ... जानकार व्यक्तिको भनाइ मिसिल संलग्न रहेछ ।

(घ) बेलुकी नौ बजे माओवादीका मानिसहरू आई बास मागेर ... हाम्रो घरमा सुतेकामध्ये चार जना महिला चुलो नजिक सुते । भोलिपल्ट बिहान सबैजना लाखापाख लागे तर एकजना बाहिरको खाटमा बसेको थियो । अन्दाजी आठ बजे सुरक्षाकर्मीहरू एकाएक बाख्रा आएजस्तो गरी हरर आए र मेरो घरको आगनको खाटमा बसेको माओवादी कोठाभित्र पस्यो । सुरक्षाकर्मीहरू घरभित्र पसेपछि उसले कोठाको फलैँचालाई लात्तीले तोडी भाग्ने क्रममा सुरक्षाकर्मीले गोली हान्यो । गोलीको आवाज पाँच-छ पटक सुनेँ; त्यसपछि सुनिनँ भन्ने ब्यहोराको बयान घटनाका अर्का जानकार ... व्यक्तिको भनाइ पनि मिसिल संलग्न रहेछ ।

५. अनुसन्धानपश्चात् टिप्पणी उठाई माननीय सदस्य श्री रामनगिना सिंहसमक्ष पेस हुँदा अनुसन्धान पूरा भई पेस हुन आएको मिसिल निर्णयको लागि आयोगमा पेस गर्नू भनी मिति २०६६/०८/१६ गते भएको आदेश पनि मिसिल संलग्न रहेछ ।

६. ताप्लेजुङ जिल्ला, थेचम्बु गाविस वडा नं ६ खाल्टे बस्ने वर्ष ३२ का शिक्षक अर्जुन सुब्बा (मेन्याङ्वो) लाई मिति २०६२।०७।०२ गते बिहानको ८.१० बजे आत्मा सुरक्षाका लागि भाग्दै गर्दा थुम्बेदिन गाविस ... मा सेनाले नियन्त्रणमा लिई गोली हानी हत्या गरेकोले घटनाको उचित छानविन गरी क्षतिपूर्ति दिलाइपाऊँ भन्ने ब्यहोराको उजुरी मिति २०६२।०८।१७ गते आयोगको क्षेत्रीय कार्यालय, विराटनगरमा दायर भएकोमा, जिल्ला प्रशासन कार्यालयबाट प्राप्त हुन आएको लिखित जबाफमा भिडन्तको क्रममा मृत्यु भएको भन्नेतर्फ विचार गर्दा सो घटना प्रत्यक्ष रूपमा देख्ने र थाहा पाउने कुनै पनि व्यक्तिले सो दिन उक्त ठाउँमा दोहोरो भिडन्त नभएको केवल ५/६ राउन्ड गोलीको आवाज आएको भन्ने भनाइ रहेको देखियो । त्यसैगरी अनुसन्धान टोलीले घटनास्थलको अवलोकन गर्दा समेत उक्त ठाउँमा दोहोरो भिडन्तको कुनै सङ्केत नपाएको । घटनास्थल वरिपरि गोलीको दाग नभेटिएको, सुरक्षाकर्मीतर्फ कुनै क्षति भएको पनि जिल्ला प्रशासन कार्यालयको लिखित जबाफमा उल्लेख नगरिएकोबाट सो घटनाको

समयमा माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त भएको पुष्टि हुन सकेन । नेपालको विद्यमान कानुनअनुसार जोसुकै व्यक्तिले कसुर गरेको भए पनि पक्राउ गरी सुरक्षकर्मीले आफ्नो नियन्त्रणमा लिई कानुनबमोजिम कारबाही गर्नुपर्नेमा निज अर्जुन मेन्याङबोलाई निःशस्त्र रहेको अवस्थामा भाग्ने क्रममा गोली हानी मारेको देखिन्छ । सुरक्षाकर्मीद्वारा गोली चलाउनुपर्नेसम्मको अवस्था सृजना भएको थियो भन्ने कुनै स्पष्ट आधारसमेत देखाउन सकेको नपाइँदा सुरक्षाफौजको उक्त कार्य गैरकानुनी देखिन्छ । यस्तो कार्यले तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११, १२, १४ द्वारा प्रदत्त मौलिक हक-अधिकार, हालको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, नागरिक अधिकार ऐन, २०१२ को दफा १२, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर र्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ६ समेतको उल्लङ्घन भएको देखिन्छ भन्ने अनुसन्धान प्रतिवेदनबाट पाइयो ।

७. यसमा निर्णयतर्फ विचार गर्दा ताप्लेजुङ जिल्ला, थेचम्बु गाविस वडा नं ६ का अर्जुन सुब्बा (मेन्याङ्गवो) लाई मिति २०६२।०७।०२ गते बिहानको ८.१० बजे सोही जिल्लाको थुम्वेदिन गाविस ... स्थित संयुक्त सुरक्षाफौजले नियन्त्रणमा लिई गोली हानी हत्या गरेकाले घटनाको छानविन गरी दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाऊँ भनी ब्यहोराको उजुरी मिति २०६२।०८।१७ गते यस आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङको च.नं १३४५ मिति २०६२।१०।२४ को पत्रानुसार निज अर्जुन सुब्बा (मेन्याङवो) को मिति २०६२।०७।०२ गते बिहानको ८.५० बजेको समयमा थुम्बेदिन गाविस .... मा सुरक्षाफौजसँग जम्काभेट हुँदा भिडन्त भई मृत्यु भएको भनी ब्यहोरा उल्लेख भए पनि उक्त कुरा पुष्टि हुने आधार प्रमाण देखिएन । यसमा आयोगको अनुसन्धानबाट मिति २०६२।०७।०२ गते उक्त ठाउँमा दोहोरो भिडन्त नभएको केवल ५/६ राउन्ड गोलीको आवाज आएको भनी घटनाको प्रत्यक्षदर्शीको भनाइ रहेको । **घटनास्थलको अवलोकनबाट उक्त स्थानमा दोहोरो भिडन्तको कुनै चिन्ह, घर तथा वरिपरिको ठाउँमा गोलीको दाग देखा पर्न नसकेको । सुरक्षाकर्मीतर्फ पनि कुनै क्षति भएको भनी लिखित जबाफमा नआएको**

**हुँदा उक्त ठाउँमा नेकपा माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त भएको भन्न सकिएन । निज अर्जुन सुब्बा (मेन्याङवो) तत्कालीन नेकपा माओवादीको कार्यकर्ता भए पनि सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिइसकेपछि कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेकोले निजको बाँच्न पाउने मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीयकानुनको समेत उल्लङ्घन भएको देखियो । घटनामा संलग्न तत्कालीन इन्द्रदल गुल्मका सेनानी** रूपेन्द्र **बुढाथोकी र गोली हान्ने सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्नु** तथा मृतकका कानुनबमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. तीन लाख क्षतिपूर्ति रकममध्ये क्षतिपूर्तिबापत रकम पाएको भए सो कट्टा गरी र अघि नपाएको भए सिफारिस भएबमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

**पेस गर्ने**

....................
नीतु गर्तौला
मानव अधिकार अधिकृत

| | |
|---|---|
| ................ | ................ |
| सदस्य | सदस्य |
| ............... | ................ |
| सदस्य | अध्यक्ष |

इति संवत् २०६९ साल चैत्र महिना ११ गते रोज १ शुभम् ............................ ।

# राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

मानननीय अध्यक्ष केदारनाथ उपाध्याय
माननीय सदस्य रामनगिना सिंह
माननीय सदस्य गौरी प्रधान

**संवत् २०६२ सालको उजुरी नम्बर ७७५ क्षे.का. नेपालगञ्ज।**

## विषय: कारागारमा मृत्यु ।

**मिना घर्तीमगरको मानसिक अवस्था अस्वाभाविक भएको कुरा कारागार प्रशासनलाई जानकारी हुँदाहुँदै मट्टितेलजस्तो संवेदनशील पदार्थ निज मिना घर्तीमगरको पहुँचबाट टाढा राख्नुपर्नेमा कारागार प्रशासनले त्यस्तो गरेको नदेखिँदा कारागार प्रशासनको कमजोरी रहेको देखियो । (प्रकरण नं १२)**

**कारागार प्रमुखद्वारा कारागार ऐन २०१९ को दफा ६ (ग), (ङ ) र (च) बमोजिम एक्काइस वर्षमुनिको र एक्काइस वर्षमाथिको कैदी वा थुनुवालाई छुट्याई यथासम्भव भिन्नाभिन्नै भागमा, रोगी थुनुवा वा कैदीलाई छुट्याई यथासम्भव भिन्नै भागमा तथा पागल र अर्धपागल थुनुवा वा कैदीलाई छुट्याई यथासम्भव भिन्नै भागमा राख्नुपर्ने कानुनी व्यवस्था विपरीत राखिएको हुँदा सो दफामा उल्लेख गरिएबमोजिमको व्यवहार नगरिएबाट उक्त कानुनको उल्लङ्घन भएको छ।** (प्रकरण नं १२(ख)

**उमेर नपुगेको नाबालकलाई बालसुधार गृहमा राख्ने, कारागारमा शारीरिक वा मानसिक यातना दिन नहुने, कारागारभित्र रहेका सवैको जीवन रक्षा गर्ने अभिभारा कारागार प्रशासनकै भएकोले त्यसतर्फ लापरवाही भएको देखिँदा कारागार प्रशासकलाई सचेत गराउन नेपाल सरकारलाई सिफारिस गर्नु।** (प्रकरण नं. १३)

१. मिति २०६२/११/३ गते रोल्पा जिल्ला खुमेल गाविस-६ घर भई तुलसीपुर कारागार कार्यालयमा नजरबन्दमा थुनामा रहेकी वर्ष २१ की मिना घर्तीमगरको सुरक्षाकर्मीद्वारा गरिएको दुर्व्यवहार र यातनाका कारण मृत्यु भएको भनिएको घटनाको सम्बन्धमा घटनाको प्रकृतिको आधारमा उक्त घटनामा मृतकको गंम्भीर मानव आधिकार उल्लङ्घन भएको हुनसक्ने हुँदा घटनाको गम्भीरताको

आधारमा उक्त घटनालाई आयोगको स्वविवेकमा उजुरी ग्रहण गरेको । सो घटनामा एसियन मानव अधिकार आयोगको समेत उजुरी परेको देखिन्छ।

२. प्रकरण (१)मा उल्लिखित घटनाहरूको सम्बन्धमा के कसो भएको हो ? भनी राष्ट्रिय मानव अधिकार आयोगबाट जिल्ला प्रशासन कार्यालय, दाङ र ... कारागार शाखा नेपालगञ्ज, बाँकेलाई पत्राचार गरिएका पत्रहरू मिसिल संलग्न देखिन्छ।

३. यसैगरी जिल्ला रोल्पा, खुमेल गाविस वडा नं. ६ घर भै तुलसीपुर कारागार शाखा दाङमा नजरबन्दमा रहेकी मिना घर्तीमगरले कारागारभित्र आफ्नो शरीरमा मट्टितेल हाली आगो लगाई आत्महत्या गर्ने प्रयास गरेको हुँदा उपचारको क्रममा मृत्यु भएको भनिएको घटनाको सम्बन्धमा ... निजलाई अस्पतालमा भर्ना गरिएको रेकर्ड, पोस्टमार्टम प्रतिवेदन, ... प्रतिवेदन उपलव्ध गराइदिन ... भेरी अञ्चल अस्पतालमा गरिएको पत्राचारसमेतको मिसिल संलग्न देखिन्छ।

४. जिल्ला प्रशासन कार्यालय, दाङको पत्रानुसार "रोल्पा जिल्ला, खुमेल गाविस वडा नं ६ की मिना घर्तीमगरले आत्मसमर्पण गरी स्वतन्त्र जीवन यापन गरी बस्न पाऊँ भनी इलाका प्रहरी कार्यालय तुलसीपुर दाङमार्फत निवेदन पेस गरी मिति २०६२।०५।२४ गते निजले आत्मसमर्पण गरेको" भन्ने ब्यहोराको जानकारीका साथमा निजले पेस गरेको आत्मसमर्पणको निवेदनको फोटोकपीसमेत प्राप्त भई मिसिल संलग्न रहेछ । यस्तै भेरी अञ्चल अस्पतालबाट "मिना घर्तीको यस भेरी अञ्चल अस्पतालमा उपचार भएको सम्पूर्ण कागजातको छायाप्रति र निजको महिना नपुगी गर्भ तुहिएको पोस्टमार्टम गरेको रिपोर्टको फोटोकपी यसै साथ पठाइएको" भन्ने ब्यहोराको जानकारी प्राप्त भई मिसिल संलग्न रहेछ।

५. रोल्पा जिल्ला, खुमेल गाविस वडा नं. ६ बस्ने मिना घर्तीमगरलाई आतङ्ककारी तथा विध्वसांत्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६२ अर्न्तगत कारागार शाखा तुलसीपुर मिति २०६२।०८।१२ देखि दाङमा ६ महिनासम्म नजरबन्दमा राखेको कारागार शाखा, दाङले आयोगमा उपलब्ध गराएको पत्रपनि मिसिल संलग्न रहेछ।

६. आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जबाट घटनाको ... अनुसन्धानको क्रममा टुरमुकामबाट प्राथमिक स्वास्थ्य केन्द्र दाङलाई

मृतक मिना घर्तीमगर कारागारमा रहँदा उपचार गराएको जानकारी माग गरी पत्राचार गरेकोमा “कारागार शाखा दाङ तुलसीपुरमा बन्दी जीवन बिताइरहेकी रोल्पा जिल्ला, खुमेल गाविस वडा नं. ६ स्थायी ठेगाना भएकी मिना घर्ती मिति २०६२/०४/२४ गते Dysmenorrhoea र मिति २०६२/११/२२ गते Burns केसमा यस प्राथमिक स्वास्थ्य केन्द्र तुलसीपुरमा उपचारको क्रममा भर्ना भई उपचार गरेको” भन्ने ब्यहोराको जानकारी प्राप्त भई मिसिल संलग्न गरेको देखिन्छ।

७. रोल्पा जिल्ला खुमेल गाविस वडा नं ६ निवासी १७ वर्षीय मिना घर्तीमगरलाई मिति २०६२ जेठ ३ गते दाङको फूलबारी गाविसअन्तर्गत स्वास्थ्य केन्द्र नजिक अखिल क्रान्तिकारीद्वारा आयोजित आमसभाबाट सुरक्षाकर्मीले पेस्तोलसहित गिरफ्तार गरी तुलसीपुर एयरपोर्टस्थित सुरक्षा बेस क्याम्पमा तीन दिनसम्म हिरासतमा राखी तत्पश्चात् सेनाको १९ नं वाहिनीमा ५ दिन राखिएको र त्यहाँ उनलाई चरम शारीरिक र मानसिक यातना दिई यौन दुर्व्यवहारसमेत गरी तत्पश्चात् पीडितलाई इलाका प्रहरी कार्यालय तुलसीपुरमा राखिएको थियो । त्यहाँ पीडितलाई आत्मसमर्पण गराइएको कुरा नेपाल टेलिभिजनमा समेत प्रसारण भइसकेको छ । प्रहरीले तलव खुवाई बोलाएको समयमा इलाका प्रहरी कार्यालय तलसीपुरमा उपस्थित हुने गरी बाहिर डेरा गरी छ महिनासम्म बसाले। उक्त समयमा तीन महिनासम्म सुराकीको रूपमा प्रहरीले प्रयोग गरेको थियो । सोही क्रममा २०६२ मंसिर महिनामा माओवादीको आरोप लगाई पुनः गिरफ्तार गरी २०६२।८।१२ गते थुनुवा पुर्जी दिएपछि उनलाई कारागार कार्यालय तुलसीपुरमा चलान गरिएको थियो । चरम यौन दुर्व्यवहार र यातनाको क्रममा कारागारभित्र एक्लै खाना आफै पकाएर खाने, अन्य बन्दीहरूसँग सधैँ झगडा गर्ने स्वभाव भएको कुरा अध्ययनमा खुल्न आएको छ। मिति २०६२।११।१४ गते राती चर्को यातनाकै कारण महिला बन्दीगृहको भान्साघरमा रहेको मेसको स्टोभको मट्टितेल बाथरुममा लगी शरीरमा खन्याई आगो लगाई आत्महत्या गर्ने प्रयास गरेकी थिइन् । आगोले जलेकी मिनालाई कारागारमा रहेका कर्मचारीहरूले उद्धार गरी २ घण्टापछि प्रहरीको गाडीमा राखेर तुलसीपुर हेल्थपोस्टमा पुऱ्याएको र त्यहाँबाट रिफर गरेकाले एम्वुलेन्समा राखी सोही राती १ बजे महेन्द्र अस्पताल घोराहीको प्रारम्भिक उपचारपछि सोही १५ गते

नेपालगञ्जस्थित भेरी अञ्चल अस्पताल ल्याइएको थियो । नेपालगञ्जस्थित मानव अधिकारकर्मी, पत्रकार, नागरिक समाजसमक्ष आफूलाई सुरक्षाकर्मीले यौन दुर्व्यवहार गरेको र शारीरिक तथा मानसिक रूपमा यातना दिएको बताएकी थिइन् । उनले यही यातना र प्रताडना सहन नसकी आत्महत्या गर्ने प्रयास गरेको बताइन्" भन्ने मानव अधिकारकर्मीद्वारा सार्वजनिक गरिएको प्रतिवेदन मिसिल सलग्न रहेको देखिन्छ ।

८. घटनाको सम्बन्धमा आयोगको क्षेत्रीय कार्यालय, नेपालगञ्जबाट अनुसन्धानका लागि टोली खटाई उक्त टोलीले घटनाको अनुसन्धान गरी पेस गरेको प्रतिवेदनमा निम्न ब्यहोरा उल्लेख भएको देखिन्छ :–

**क**) मिना घर्तीको जलेको केस हो। ९० प्रतिशत जलिसकेको छ; यस्तो बिरामीलाई बचाउन गाह्रो हुन्छ तैपनि बचाउन सकिन्छ कि भनेर कोसिस गरेको हो तर बचाउन सकिएन। ५० प्रतिशत जलेको मानिसलाई पनि बचाउन गाह्रो हुन्छ भने मिनाको केस अरूको भन्दा जटिल र गम्भीर थियो। बढी जलेको कारण मिनाको मृत्यु हुन गएको हो भन्ने मिनाको उपचारमा संलग्न डा. ... को भनाइ रहेछ।

ख) मिनालाई २०६२।४।२४ गते घटना भएको मितिमा यहाँ ल्याई उपचार गराइएको हो । पहिला पनि पटक पटक यहाँ ल्याउने गरिन्थो र म पनि कारागारमा बन्दिहरूको उपचारमा संलग्न भएको हुँदा निजको स्वभावको बारेमा जानकारी राख्दछु । उनी झगडालु, सन्काहा र कसैसँग नडराउने हठी स्वभावकी थिइन् । निज मिना कारागारमा आउनुभन्दा पहिले नै निजको महिनावारी रोकिएको थियो । निजलाई हामीले Iron र B-complex बाहेक अरू दिएका थिएनौं । अन्य त्यस्तो कुनै रोग थिएन भन्ने मिना घर्तीमगरको उपचारमा संलग्न अहेवको बयान पनि मिसिल संलग्न रहेछ।

ग) म माघ महिनामा कारागारमा थिएँ तर फाल्गुनको महिनामा कारागारमा थिइनँ । मिना जोसँग पायो त्योसँग बोल्ने गर्दछे भनी बन्दीहरूले भनेको सुनेको हुँ । महिला बन्दीहरूलाई मैले कसैलाई पनि कुटपिट गरेको होइनँ । स.ई. ... को ब्यवहार राम्रो थियो । कहिले काहीँ सम्झाउने गर्नुहुन्थो" भन्ने सल्यान जिल्ला माल्नेटा गाविस वडा नं -६ घर भै हाल इलाका प्रहरी कार्यालय तुलसीपुरमा कार्यरत महिला प्रहरीको भनाइ रहेको देखिन्छ।

घ) मिनालाई म आउनुभन्दा केही समय पहिले मिति २०६२।०८।१२ गते कारागारमा ल्याइएको भन्ने थाहा पाएको हुं । मिना ... बढी केटाहरूसँग हेलमेल गर्ने सुरक्षाकर्मीहरूसँग हाँसो मस्करी गर्ने गर्थिन् । सामान्य व्यक्तिको भन्दा फरक चञ्चले स्वभावकी थिइन् । रातीको समयमा पुरुष सुरक्षाकर्मीहरूसँग आफ्नो परिचय लुकाई म फलानो हुँ भनी आफ्नो नाम ढाँटी डिउटीमा खटिएका सुरक्षाकर्मीहरूसँग कुरा गर्ने गर्थिन् । घटना हुने मितिमा मिना पुरुष बन्दीहरूको गेटमा गई केटाहरूसँग गफ गरिरहेको बेला स.ई. ...ले सम्झाउँदा मिनाले म यहीँ बस्छु भनी स.ई. ... लाई अश्लील शब्द प्रयोग गरी तँ भनी गाली गलौज गरेकी थिइन् । त्यसपछि सो कुरालाई सहन नसकी स.ई. ले कारागार प्रशासनमा गै कुरा गरी मिनालाई माफी माग्न लगाएकोमा मिनाले माफी माग्न मानिनन् । माफी नमागेपछि मिनालाई हत्कडी लगाउने काम भयो । मिनाको मानसिक अवस्था असन्तुलन भएको समयमा सई ... ले मिनालाई हत्कडी लगाउन भनेका थिए । हामी सबै महिला बन्दीहरू र मिनाले साँझको खाना आफै बनाई खाई ओछ्यान लगाई सुतेका थियौँ । त्यस समयमा समेत मिनालाई हत्कडी लगाइएको थियो । हत्कडी लगाउँदाको समयमा मिना आफैले हत्कडी यस्तरी लगाउनुपर्दछ भनी सिकाई आफैले लगाएकी थिइन् भने हत्कडीको साँचो नाइके ... ले राखेकी थिइन् । महिला बन्दीहरूको नाइके मिना थिइनन् । मिनाले मात्र स्टोभमा खाना पकाउने गर्थिन् भने अरू हामी सबैले दाउरामा खाना पकाउने गर्दथ्यौँ । राती सबै सुतेको समय पारी आफूले खाना पकाउन प्रयोग गर्ने गरेको स्टोभको मट्टितेल बाथरुममा लगी शरीरमा तेल खन्याई आगो लगाएर आफै चिच्चाएपछि नाइके ... ले थाहा पाई बाहिर आगो निभाएपछि हामी सबैले थाहा पाएका हौँ । मिनाको शरीर पूर्णरूपले जलेको थियो । प्रहरीले गाडीमा राखी उपचारको लागि लगे । स.ई. ... ले मिनालाई यस्तो घटना घटाउन बाध्य पार्नेसम्मको दुर्व्यवहार तथा ब्यवहार केही गरेका होइनन् । मिना र स.ई.बीच सामान्य भनाभन भएपछि मिनाले स.ई.लाई अपशब्द प्रयोग गरी गाली-गलौज गरी पख तँलाई फसाएर छोड्छु, । पख तेरो जागिर खाइदिन्छु देख्लास् भनी भनेकी र त्यही कारण अनावश्यक रूपमा स.ई.लाई फसाउनका लागि मिनाले आत्महत्या गरेको हुनुपर्दछ । स.ई. ... बाट दुर्व्यवहार र यातना दिने काम भएको होइन । महिला

कारागारभित्र आई ब्ल्यू फिल्म देखाउने लगायतका यौनशोषण गर्ने गरेको भन्ने पत्रिकामा पढ्न पाएकोसम्पूर्ण कुरा झुठा ब्यहोरा हो। यो कुराले हामी सबै महिला बन्दीहरूको मान प्रतिष्ठामा ठेस पुऱ्याएको छ। तर, मिना घर्तीमगरले आत्मसमर्पण गरी सुरक्षा निकायमा तलवी रूपमा नोकरी खाई सेना र प्रहरीलाई सुराकीको काम गर्थिन्। मिना घर्तीमगरले आफ्नो प्रेमिको रूपमा ... रहेको भन्ने कुरा गर्थिन् र ... पनि समय–समयमा कारागारमा भेट्न आउँथे। आवश्यक परेको बेला रूपियाँ दिने फलफूल ल्याउने गर्दथे। ... ले आफूलाई असाध्यै माया गर्ने गरेको मिना बताउने गर्थिन्। मिनाले आफू गुप्तचरमा जागिर भएको भन्ने गर्थिन्। इलाका प्रहरी कार्यालय तुलसीपुरमा रहेको समयमा ... सँग भेट भएको बताउने गर्दथिइन्। गुप्तचरमा काम गर्दा बाहिर डेरा गरी बस्ने गरेको र आफ्नो डिउटी नभएको समयमा लुकी छिपी ... सँग भेट गर्ने गरेको र आफूहरूदुवै बुटवलसम्म पुगेर आएका हौँ भनी सुनाएकी थिइन्। घटना हुनुपूर्व र पछि कारागार प्रमुख र सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरूले बन्दीहरूसँग राम्रो व्यवहार गर्दै आएका थिए। मिति २०६२।११।०१ गतेका दिन सम्पूर्ण महिला बन्दीहरूले संयुक्तरूपले मेसमा खाना पकाई खाने सम्बन्धमा कार्यक्रम गरी संयुक्त रूपमा मेस सञ्चालन गरिएको र सो दिन सबैले सँगै खाना खाई टीका लगाउने काम गरेका थियौँ भने कसैले स्वस्थानीको ब्रतको टीका लगाएका थियौँ। त्यत्तिकैमा मिना घर्तीमगरले बाहिर गेटमा गई जनयुद्धको १० बर्ष पूरा भएको हुँदा लालसलाम भन भनी डिउटीका प्रहरीलाई भनेपछि सो कुरा डिउटीवाला प्रहरीले सुनेर कारागार प्रशासनमा जानकारी गराई स.ई. ... ले महिला प्रहरी हुर्मता वि.क.लाई निर्देशन दिएर निज महिला प्रहरी आई जसले टीका लगाएका थिए, तिनीहरू सबैलाई दुई–दुई लठीले पिटेकी हुन्; मिनालाई मात्र त्यो व्यवहार गरिएको होइन। सोही कारणले मिनाले मिति २०६२।११।१४ गते आत्महत्या गर्नुपर्ने कारण बनेको होइन। त्यसले यस घटनाका सम्बन्धमा कुनै सम्बन्ध राख्दैन। घटनाको सम्बन्धमा थप कुरा केही भन्नु छैन" भनी तुलसीपुर कारागारमा थुनामा रहेका प्रत्येक्षदर्शी छ जना महिला बन्दीहरूको एउटै ब्यहोराको बयान मिसल संलग्न रहेछ।

ङ) कारागारमा मिनाले आफ्नो शरीरमा आफै आगो लगाई आत्महत्या गर्ने प्रयास

गरेको घटनाको बारेमा मलाई मिति थाहा नभएको सोमबारको दिन कारागारमा भेट्न जाँदा थाहा पाएको हुँ । मिनालाई म प्रत्येक सोमबार भेट गर्न जाने गर्दथेँ । मिनासँग आठुनौं महिना अगाडि इलाका प्रहरी कार्यालय, तुलसीपुरदाङमा भेट भएको थियो । सो समयमा मलाई पनि ई.प्र.का.मा सामान्य घटनामा संलग्न रहेको भनी बुझ्न लगेका थिए । त्यहाँ छ सात दिन बस्दा मिनासँग परिचय भएको हो । म ६/७ दिनपछि इलाका प्रहरी कार्यालयबाट छुटेपछि मिना घर्तीमगर गङ्गा बस यातायात समिति तुलसीपुरमा आई मलाई आफू बाहिर डेरा गरी बस्दै आएको छु भनिन् र डेरामा बस्ने गरिन् । बिस्तारै हामी दुवैको सहमतिले मायाप्रेम बाँधी एकअर्काको जीवन साथीकारूपमा जीवन बिताउने सहमति भयो । एक हप्तासम्म हामीहरूको नियमित सम्बन्ध भयो त्यसपछि एक्कासी मिना मेरो सम्पर्कभन्दा बाहिर भइन् । मिनाले आफै तुलसीपुर कारागारबाट फोन गरिन् र म त्यहाँ गै मिनासँग भेट गरेँ । मैले नियमित रूपमै कारागारमा भेट्न जाने गरेँ । हामी दुवै बीच प्रेमी-प्रेमिकाको रूपमा रहेका थियौं । मिनाबाट मैले प्रेमिकाले प्रेमीलाई गर्ने ब्यवहार पाएको थिएँ । मिनाले आफ्नो पार्टी तथा विचारधाराको बारेमा केही पनि बताइनन् बरु पछि अरूबाट थाहा पाएको हुँ । मिनाको रोल्पामा रहेको घर परिवारको बारेमा मलाई केही जानकारी छैन । मिनालाई कारागारमा भेट्न जाँदा कारागार प्रशासन र सुरक्षाकर्मीहरूले मिना घर्तीप्रति गर्ने राम्रो नराम्रो ब्यवहारको बारेमा मलाई केहीपनि भन्ने गर्दैनथिन् । म भेट्न जाँदा समेत सुरक्षाकर्मीहरूले म प्रति त्यस्तो कुनै दुर्व्यवहार गर्ने गरेका थिएनन् । मिना कारागारमा महिला बन्दीहरूको नाइके भए नभएको बारेमा कुनै जानकारी भएन । मिना माओवादी पार्टीको कार्यकर्ता भएको, आफूले सुरक्षा निकायसमक्ष आत्मसर्मपण गरेको र सुरक्षा निकायद्वारा सञ्चालित भएको भन्नेबारे मलाई केही बताइनन् । मिना र मबीच सम्बन्ध बढ्दै गई हामी दुवैका बीच शारीरिक सम्बन्ध भएको हो । मिनाको पेटमा रहेको गर्भ मेरो नै हो । यसरी पेटमा गर्भ रहेको भन्ने कुरा मलाई पहिले नै थाहा थियो । मिनाको मृत्युको घटनाको बारेमा कसैले जानकारी दिएनन् । तर, तेरो परिवारको मृत्यु भयो भनी आफ्नै स्टाफहरूले भनेपछि मिति २०६२।१२।३ र ४ गतेतिर मात्र थाहा पाएको हुँ । मिनालाई उपचार गर्न कारागारले लगेको हुँदा म गैरहन आवश्यक ठानिनँ र आफ्नो कार्यालयको कामको सिलसिलामा

मिति २०६२।११।१२ गते काठमाडौं गई मिति २०६२।११।२९ गते तुलसीपुरस्थित आफ्नो घरमा आएको थिएं । यसरी मिनाले आत्महत्या गनुपर्ने कारण म केही देख्दिनँ; अन्य कारणहरू पनि केही हो जस्तो लाग्दैन । उनीमा त्यस्तो खालको कुनै मानसिक विचलन भएको पाएको थिइनँ । मेरी श्रीमतीको मृत्यु भैसकेको छ । अब मागेर पाइने कुरा पनि हैन भन्ने ब्यहोराको मिति २०६२।१२।०९ गतेको मिना घर्तीमगरको प्रेमी भनिने गङ्गा बस यातायत समितिमा ... कार्यरतको .... को बयानकागज पनि मिसिल संलग्न रहेको देखिन्छ ।

च) कारागारमा मिना र हामीहरू ३ महिनासँगै बस्यौं । मिना कारागारमा मिति २०६२।०८।१२ गते आएकी हुन् । त्यसको १०/१२ दिनपछि निजको अस्वाभाविक स्वभाव भएका कारण झै-झगडा गर्ने, अपशब्द बोल्ने, केटाहरूसँग नजिक हुन खोज्ने स्वभावकी भएकी हुँदा बहिनी बढी नबोल; झै-झगडा नगर भनी सम्झाउँदा मसँग समेत झगडा पारिन् । मिना झगडालु स्वभावकी थिइन तर पत्रपत्रिकामा जुन खबर आएको त्यो साह्रै नै झुठा हो । दुर्व्यवहार र यातना दिने काम कारागारमा हुँदैन । मिना घर्तीमगरले झगडा पारेको कारण सुरक्षाकर्मीहरूले उसमाथि दुर्व्यवहार र यातना गरेर पनि नगरेको भनेको होइन । ऊ पनि त हाम्रो साथी हो । साथीहरूमा एकआपसमा कहिले झगडा परे पनि मिलि हाल्थ्यौं । यदि दुर्व्यवहार भएको सत्य भएमा आखिर भोलि हामी पनि पर्दछौं नि ? तसर्थ, कारागारभित्र कुनै दुर्व्यवहार र यातना दिने काम भएको होइन । भेरी अञ्चल अस्पताल नेपालगञ्जमा भनेको भनी पत्रपत्रिकामा प्रकाशित भएको सम्पूर्ण कुरा झुठा हो । घटना भएको समयमा निजको शरिरमा लागेको आगो मैले नै निभाएको हुं । आगो निभाएपछि तत्काल उपचारको लागि नजिकको उपचार केन्द्रमा लगिएको हो" भन्ने तुलसीपुर कारागार शाखाकी महिला बन्दीहरूकी नाइकेको बयान मिसिल संलग्न रहेछ ।

छ) मिति २०६२ कार्तिक महिनादेखि कारागारको सुरक्षार्थ कारागारमा आएको हुँ । मिना २०६२।८।१२ गते यस कारागार कार्यालयमा आएकी हुन् । मिना सन्काहा, झगडालु, धेरै बोल्ने स्वभावकी थिइन । मसँग कहिले राम्रो र कहिले नराम्रो व्यवहार गर्ने गर्दथिन् । कहिलेकाहीँ चौकीदारसँग पनि झगडा गर्ने गर्थिन् । मिति २०६२।११।१४ गतेका दिन मिना पुरुष बन्दीहरूको गेटतर्फ गएर गफ गर्न लागेकी हुँदा मैले यहाँ आई किन गफ गरेर बसेको आफ्नो कोठामा गई बस

भनी भन्दा मलाई अश्लील शब्द प्रयोग गरी तथानाम गालीगलौज गरिन। कति सम्झाउँदा पनि नमानेको हुँदा मिनालाई भित्र लगी थुनामा राखिएको हो । मिना गर्भवतीसमेत भएको हुँदा उसले खैनी खान मागेपछि मैले उसकै हितको लागि खैनी खान दिँदैन थिएँ । तर, खैनी नदिएपछि पनि मलाई गाली गर्दथिन्। कहिले काहीँ कारागार सुरक्षार्थ खटिएको हुँदा नराम्रो काम गरेको पाएमा सम्झाउने गर्दथैं तर मिना सन्काहा र झगडालु स्वभावकी भएकीले मलाई प्रयोग गर्न नमिल्ने शब्द प्रयोग गरी गाली गलौज गर्दथिन्। एसएसपीलाई त सालेको जागिर खाइदिन्छु भन्ने गर्दथिन् भने फाल्गुन १४ गते सामान्य भनाभन भएको दिनमा पख देख्लास् तेरो जागिर खाइदिन्छु भनेकी थिइन्। मिनालाई म त के मेरा मातहतका सुरक्षाकर्मीहरूले समेत कुनै दुर्व्यवहार यातना दिने काम गरेका छैनौं । मिनालाई ... भन्ने व्यक्ति समय समयमा फलफूल ल्याई भेट्न आइरहन्थो । रूपियाँ चाहिएको समयमा रूपियाँसमेत दिने गर्दथ्यो । उनीहरू एकअर्कालाई माया गर्दथे । दुवैले एकआर्कालाई जीवन साथीकोरूपमा स्विकारेका थिए । मेरा विरुद्धमा जुन कुराहरू पत्रपत्रिकामा ब्ल्यु फिल्म देखाउने, एक्लै कोठामा लगी यौनशोषण गर्ने भनी आए; ती सबै झुठा हुन् । कारागारभित्र त्यस्तो कार्य हुनै सक्दैन। त्यो कुराको सत्यताको बारेमा कारागारका महिला बन्दीहरूसँग बुझ्े हुन्छ । कारागारमा भएको मिनाको घटनाका सम्बन्धमा यसरी मेरो विरुद्धमा अनावश्यक रूपमा पत्रपत्रिकामा आयो; त्यसले मलाई साह्रै दुखित बनाएको छ। यति गम्भीर समाचारको बारेमा कुनै पत्रकारले मलाई एक फोन गरी बुझ्ने कोसिस समेत नगरी, सूचनाको प्रमाणित नगरी एकपक्षीय रूपमा लेखिएको छ । यो कुराले मलाई अत्यन्तै दुखी बनाएको छ । मेरो पनि मानव अधिकार हनन भएको छ । मेरो घरबाट बारम्बार फोन आउँछ । अनावश्यक रूपमा मलाई घटनाको बारेमा सोधनी हुन्छ । यो घटनामा मेरो कुनै दोष छैन निर्दोष छु। कारागार सुरक्षार्थ खटिएको सुरक्षा प्रमुखले बन्दीहरूकै हितको लागि राम्रो नियतले सम्झाउँदा घटना घट्दछ भने मेरो के दोष" भन्ने पीडक भनिएका तुलसीपुर कारागार शाखाको सुरक्षार्थ खटिएका प्रहरी नायव निरीक्षक ... को बयान मिसिल संलग्न रहेको देखिन्छ।

ज) मिना सामान्य माओवादी कार्यकर्ता भएको र निजले जिल्ला प्रशासन कार्यालय दाङमा आत्मसर्मपण

गरेपछि उनीलाई सुराकीको **रूप**मा पनि प्रयोग गर्नसक्ने कानुनमा व्यवस्था भएबमोजिम सुरक्षाकर्मीहरूको निगरानीमा सुराकीको **रूप**मा राखिएको थियो। मिनाको माओवादी पार्टीमा पुनः झुकाव भएको पाइएको हुँदा निजलाई तुलसीपुर कारागारमा नजरवन्दमा राखिएको हो। तुलसीपुर कारागारभित्र यातना पाएर निजको मृत्यु भएको होइन। कारागारको सुरक्षार्थ खटिएका प्रहरी सहायक निरीक्षक ... ले मिनाको क्रियाकलापको बारेमा पटक पटक मलाई जानकारी गराइरहन्थे। तुलसीपुर कारागारमा सुरक्षाकर्मीहरूबाट बन्दीहरूलाई दुर्व्यवहार गरिँदैन अलि कडा खालका माओवादीहरूलाई घोराही कारागारमा राखिएको हुँदा सुरक्षाको कारणले यहाँ केही कडा गरिएको छ। कानुन व्यवसायीहरूले पनि वकालतनामा ल्याएरमात्र बन्दीहरूसँग भेट गर्न पाउँछन् तर तुलसीपुर कारागारमा खुल्ला छ कानुन व्यवसायीहरूले बन्दीहरूसँग भेटघाट गर्न पाउनुहुन्छ भन्ने प्रमुख जिल्ला अधिकारी प्रतापकुमार पाठकको भनाइ मिसिल संलग्न रहेको।

झ) मिनालाई मिति २०६२।०८।१२ गते यस कारागारमा ल्याइएको हो। मिना केही मानसिक रूपमा असन्तुलन अवस्थाकी थिइन। कहिले हाँस्ने कहिले राम्रो कुरा गर्ने मिलनसार, कहिले झगडालु, पुरुषहरूसँग कुरा गर्न मन पराउने स्वभावकी थिइन। यहाँ ल्याएको केही दिनमा नै महिला बन्दीहरूसँग झगडा परी महिला बन्दीकी नाइके ... लाई कुटपिट गरिन्, त्यस्ता क्रियाकलाप दोहोरिरहेकाले निजलाई चेतावनी स्वरूप अब पुनः यस्ता क्रियाकलाप गर्ने छैन भन्ने ब्यहोराको कागज उनीबाट गराएका थियौँ। समय समयमा मिना प्रहरी सुरक्षाकर्मीहरूसँग जिस्किने गर्दथिइन्। मिना सुर्ती खाने भएकीले र मिनाको पेटमा गर्भ भएको हुँदा सुरक्षामा खटिएका सई ...ले स्वास्थ्यलाई हानी गर्दछ नखाऊ भनी सम्झाउँदा समेत सई ... सँग तँलाई के पर्‍यो भनी गाली गलौज गर्ने गर्दथिन्। घटना हुने मितिमा मिना पुरुषहरूको कारागारको कोठामा गई पुरुष बन्दीहरूसँग कुरा गरिरहेकीले सई ... ले यता आएर किन पुरुषहरूसँग कुरा गरेको आफ्नो कोठामा जाऊ भनी भन्दा सई ... लाई अश्लील शब्द प्रयोग गरी तथानाम गाली गलौज गरी तँ सालेलाई जानेको छु पख, मेरो डि.एस.पी, एस.पी.हरू छन् तिनीहरूलाई भनेर तेरो जागिर खाइदिन्छु भनेकी हुँदा धेरै सम्झाउँदा पनि केही नमानेपछि सुरक्षाकर्मीहरूले

मकहाँ ल्याएका हुन् । सम्झाएर फेरि कारागारमा भित्र पठाएका हौँ । साझ आफ्नो शरीरमा आफै मट्टितेल खन्याई आगो लगाई आत्महत्या गर्ने प्रयास गरिछन् । त्यसपछि सुरक्षाकर्मीहरूले जानकारी गराएपछि गाडीमा राखी घोराही अस्पतालमा उपचारको लागि पठाएका हौँ । त्यहाँ पनि नसक्ने भएको हुँदा उपचारको लागि एम्बुलेन्समा रातारात नेपालगञ्ज भेरी अञ्चल अस्पतालमा पठाइदिएको हुँ । मिनालाई कारागारमा हुँदाको समयमा निजको मायालु भन्ने ... कहिले फलफूल ल्याएर त कहिले रूपियाँ पैसा ल्याई भेट गर्न आइरहन्थे । कारागारभित्र कुनै किसिमको ब्लु फिल्महरू देखाउने काम हुँदैनथ्यो । प्रहरीहरू महिला बन्दीहरूको कोठामा जाँदैनथे । पत्रपत्रिकामा छापिएका समाचारहरू पूर्णरूपमा झुठा हुन् । पत्रकारले घटनाको बारेमा समाचार प्रकाशित गर्दा मसँग एउटा पनि पत्रकारले सोधेनन् । म कारागार कार्यालयको मुख्य जिम्मेवार कर्मचारी भएको हुँदा घटनाको बारेमा मलाई सोध्नु पर्दछ तर त्यसो भएन भन्ने कारागार प्रमुख ललीतबहादुर भट्टको भनाइ मिसिल संलग्न रहेको ।

९. मिसिल संलग्न कागजात तथा प्रमाणको अध्ययन तथा विश्लेषण, आयोगको स्थलगत अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला रोल्पा खुमेल गाउँ विकास समिति वडा नं.६ घर भएकी वर्ष १७ की मिना घर्तीमगरलाई माओवादीको आरोपमा तुलसीपुर कारागार शाखा, दाङमा नजरबन्दमा राखिएकोमा सोही कारागारभित्र ... आफ्नो शरीरमा मट्टितेलखन्याई आफै आगो लगाई आत्महत्या गर्ने प्रयास गरेकी र त्यसपछि उपचार हुँदाहुँदै निजको मिति २०६२।१२।०३ गते मृत्यु भएको जानकारी प्राप्त हुनासाथ ... मानव अधिकारको गंम्भीर उल्लङ्घन हुन सक्ने सम्भावना देखी आयोगबाट ... उक्त घटनालाई स्वयम् जानकारी (SUO MOTTO) मा लिई उजुरी उठान गरी कारबाही अगाडि बढाएको देखिन्छ ।

१०. मिति २०६२।११।१४ गते कारागार शाखा तुलसीपुरमा सुरक्षार्थ खटिएका नायव प्रहरी निरीक्षक ... सँग सामान्य भनाभन भएको, मृतक मिना रिसालु, शङ्कालु र धेरै बोल्ने अस्वाभाविक स्वभाव भएको भन्ने भनाइसमेत सङ्कलित बयानबाट देखिन्छ । पीडक भनिएका ... ले पत्रपत्रिकामा प्रकाशित भएको जस्तो शारीरिक, मानसिक यातना तथा यौन दुर्व्यवहार र यौनशोषण गर्ने गरेको र सोही कारणबाट विछिप्त भई निज मिना

घर्तीमगरले आफ्नो शरीरमा आफै आगो लगाई आत्महत्या गर्ने प्रयास गरेकी हुन् भन्ने बुझिएका मानिसहरूको बयानमा कतै देखिँदैन। निज मिना घर्तीमगरको गर्भमा बच्चा रहन गएको सम्बन्धमा मिनाको प्रेमी भनिएका साक्षीले समेत मिना र आफू प्रेमी र प्रेमिकाको रूपमा रहेको र कानुनीरूपमा विवाह नभए पनि व्यावहारिक रूपमा हामी पतिपत्नीको रूपमा एकअर्कालाई स्वीकार गर्दै आएको र दुवै वीच शारीरिक सम्पर्कसमेत भएको भन्ने बयानमा उल्लेख भएको र मृतक मिनाको पेटमा रहेको गर्भ स्वीकार गरेको देखिन्छ।

११. कारागारको सुरक्षार्थ खटिएका बन्दीहरूको अभिभावकजस्तो मानिने एउटा जिम्मेवार सुरक्षा प्रमुख स.ई.... सँग भनाभन भएको सोही कारणले मिना घर्तीमगरले आफ्नो शरीरमा मट्टितेल खन्याई आगो लगाई आत्महत्या गनुपर्नेसम्मको स.ई. ... लगायत अन्य सुरक्षाकर्मीबाट भए गरेको भन्ने नदेखिएकोले मिना घर्तीमगर आफैले आगो लगाउदा जलेकी र उपचार हुँदाहुँदै भेरी अञ्चल अस्पताल नेपालगञ्जमा मृत्यु भएको आयोगको अनुसन्धान प्रतिवेदनमा देखिन्छ।

१२. उल्लिखित अवस्थाले निज **मिना घर्तीमगरको मानसिक अवस्था अस्वाभाविक भएको कुरा कारागार प्रशासनलाई जानकारी हुँदाहुँदै मट्टितेल जस्तो संवेदनशील पदार्थ निज मिना घर्तीमगरको पहुँचबाट टाढा राख्नु पर्नेमा कारागार प्रशासनले त्यस्तो गरेको नदेखिँदा कारागार प्रशासनको कमजोरी रहेको देखियो** । तसर्थ, कारागारजस्तो सुरक्षाको अनुभूति गरी राखिएको स्थानभित्र नै आत्महत्या गरेकाले निज मिना घर्तीमगरको निम्न मानव अधिकार हनन भएको देखिन्छ।

(क) कारागार प्रशासनले कारागारमा बन्दीको रूपमा राखेको बन्दीहरूको सुरक्षा गर्न नसकेको मात्र नभई कारागार प्रशासनले आफ्नो जिम्मेवारी वहन गर्न नसकेको कारण कारागारभित्र रहेको व्यक्तिको मृत्यु हुन गएकोले जीवनको अधिकार हनन।

(ख) **कारागार प्रमुखद्वारा कारागार ऐन २०१९ को दफा ६** (ग), (ङ ) **र** (च) **बमोजिम एक्काइस वर्षमुनिको र एक्काइस वर्षमाथिको कैदी वा थुनुवालाई छुट्याई यथासम्भव भिन्नाभिन्नै भागमा, रोगी थुनुवा वा कैदीलाई छुट्याई यथासम्भव भिन्नै भागमा र पागल र अर्धपागल थुनुवा वा कैदीलाई छुट्याई**

**यथासम्भव भिन्नै भागमा राख्नुपर्ने कानुनी व्यवस्थाविपरीत राखिएको हुँदा सो दफामा उल्लेख गरिए बमोजिमको व्यवहार नगरिएबाट उक्त कानुनको उल्लङ्घन भएको छ।**

१३. तसर्थ, निर्णयतर्फ विचार गर्दा रोल्पा खुमेल गाविस वडा नं. ६ घर भै तुलसीपुर कारागार शाखा दाङमा नजरबन्दमा रहेकी १७ वर्षीया मिना घर्तीमगरले सुरक्षाकर्मीको दुर्व्यवहार र यातनाका कारण कारागारभित्रै शरीरमा मट्टितेल खन्याई आत्महत्या गर्ने प्रयास गरेको र उपचारको क्रममा मिति २०६२।१२।३ गते भेरी अञ्चल अस्पतालमा मृत्यु भएको भनी समाचार प्रकाशित भएको घटनाको सम्बन्धमा आयोगको ध्यानाकर्षण भई आयोगले आफ्नै सक्रियतामा मिति २०६२।१२।३ गते उजुरी ग्रहण गरी कारबाहीअगाडि बढाइएको देखियो । यसमा आयोगको अनुसन्धानबाट निज मिना घर्ती मगरले मिति २०६२।११।१४ गते रातीको समयमा आफ्नो शरीरमा मट्टितेल खन्याई आत्महत्या गर्ने प्रयास गरेकी । नेपालगञ्ज भेरी अञ्चल अस्पतालमा मिति २०६२।१२।३ गते उपचारको क्रममा मृत्यु भएको देखियो । **उमेर नपुगेको नाबालकलाई बालसुधार गृहमा राख्ने, कारागारमा शारीरिक वा मानसिक यातना दिन नहुने, कारागारभित्र रहेका सबैको जीवन रक्षा गर्ने अभिभारा कारागार प्रशासनकै भएकोले त्यसतर्फ लापरवाही भएको देखिँदा कारागार प्रशासकलाई सचेत गराउन नेपाल सरकारलाई सिफारिस गर्ने** निर्णय भयो ।

**पेस गर्ने**

...............

यशोदा बन्जाडे

मानव अधिकार अधिकृत

.................. ..................

सदस्य सदस्य

.............

अध्यक्ष

इति संवत् २०६९ साल जेष्ठ ३ गते ४ रोज शुभम् ................................. ।

# राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

मानननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय
माननीय सदस्य श्री रामनगिना सिंह
माननीय सदस्य श्री गौरी प्रधान
माननीय सदस्य डा.के.बि. रोकाय

**संवत् २०६३ सालका उजुरी नं. ८१९, क्षे.का.विराटनगर ।**

## विषयः गैरन्यायिक हत्या

**कानुनअनुसार जोसुकै व्यक्तिले कुनै कसुर गरेको भए पक्राउ गरी सुरक्षकर्मीले आफ्नो नियन्त्रणमा लिई कानुनबमोजिम कारबाही गर्नु पर्नेमा निज पनराज लाबुङ (लिम्बू) लाई नियन्त्रण पश्चात् गोली हानी मारेको देखिन्छ । सुरक्षाकर्मीद्वारा गोली चलाउनु पर्नेसम्मको अवस्था सृजना भएको थियो भन्ने कुनै स्पष्ट आधारसमेत देखाउन सकेको पाइँदैन । जसबाट सुरक्षाफौजको कार्य गैरकानुनी भई तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११, १२, १४ द्वारा प्रदत्त मौलिक हक र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, नागरिक अधिकार ऐन, २०१२ को दफा १२, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ६ बाट प्राप्त अधिकार हरूको समेत उल्लङ्घन भएको देखिन्छ।** (प्रकरण नं. १५)

**आफन्तको घरमा सुतिरहेको अवस्थामा तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी सुरक्षाकर्मीको सुरक्षा घेरामा रहेको व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेकोले निजको बाँच्न पाउने मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको समेत उल्लङ्घन हुने।** (प्रकरण नं. १६)

१. ताप्लेजुङ जिल्ला, इखाबुगाविस वडा नं ५ सेगुवा बस्ने वर्ष १६ का पनराज लाबुङ सुब्बा (लिम्बू) लाई मिति २०६०।०८।१८ गते ताप्लेजुङ जिल्ला इखाबु गाविस वडा नं २ सेतोवास्थित आफन्तको घरमा सुतिरहेको अवस्थामा शाही नेपाली सेनाले नियन्त्रणमा लिएर निर्मम यातना दिई गोली हानी हत्या गरेकोले घटनाको निष्पक्ष छानविन गरी क्षतिपूर्ति दिलाइ पाऊँ भन्ने ब्यहोराको उजुरी मिति

२०६३।०४।१९ गते आयोगको क्षेत्रीय कार्यालय, विराटनगरमा दायर भएको देखिन्छ।

२. प्रकरण (१) मा उल्लिखित उजुरीको सम्बन्धमा आयोगको क्षेत्रीय कार्यालय विराटनगरले, मिति २०६३।०९।२४ गते च.नं ८११ संरक्षण ५९ को पत्रमार्फत जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय ताप्लेजुङ र मिति २०६५।०९।०१ गतेको च.नं. ८१३।८१९ संरक्षण को पत्रमार्फत पूर्वी पृतना हेडक्वाटर, मानव अधिकार महाशाखा इटहरीलाई जानकारी उपलब्ध गराइदिने सम्बन्धमा पत्राचार गरी सोको बोधार्थ तथा कार्यार्थ श्री जबरजंङ्ग गुल्म ताप्लेजुङलाई दिएको मिसिल संलग्न पत्रबाट देखिन्छ।

३. जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङले मिति २०६६।०८।०१ गते जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङलाई लेखेको पत्रको बोधार्थ पत्र आयोगलाई प्राप्त हुँदा ... यसैसाथ संलग्न लिस्टमा उल्लिखित व्यक्तिहरूको हकमा (पनराजसमेत) के कस्तो कारबाही प्रक्रिया भएको हो खुलाई पठाइदिनुहुन अनुरोध छ भन्ने ब्यहोरा प्राप्त भई मिसिल संलग्न गरिएको रहेछ।

४. जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङको मिति २०६३।११।०६ गतेको पत्र सङ्ख्या ०६३।०६४ च.नं. ७०४ को पत्र प्राप्त हुँदा ... पत्रको क्रमसङ्ख्या ९ मा पानराज लाबुङ (लिम्बू) ... को ०६०।०८।१९ गते इखाबु गाविसको एरियामा ... गस्ती गर्दै जाँदा सुरक्षाफौजको घेरा तोडी भाग्न लागेको अवस्थामा सुरक्षा कारबाहीमा मृत्यु भएको" भन्ने ब्यहोराको जानकारी प्राप्त भई मिसिल संलग्न गरिएको रहेछ।

५. नेपाली सेना, पूर्वी पृतना, मानव अधिकार महाशाखाको मिति २०६६।०२।२० गतेको प.सं. १५१६५। मा.अ. ०६५।६६।८५ को पत्रको ... खण्ड ख मा ... ताप्लेजुङ जिल्ला, इखाबु गाविस वडा नं ५ का ... पनराज लाबुङ (लिम्बू) को मिति २०६०।०८।१९ गते दोहोरो भिडन्तमा परी मृत्यु भएको र निजको पिता ... ले राहत रकम बुझी लगेको भन्ने ब्यहोराको जानकारी प्राप्त भई मिसिल संलग्न रहेछ।

६. ...।

७. पनराज भन्ने व्यक्ति ५ नं वडाको थियो । मैले उसलाई राम्ररी चिनेको थिइनँ। २०६८।०८।१८ गते राती म मेरो घरमा सुतिराखेको थिएँ । पानराज र मेरो घरको मुनितिरको ... कति वेला

आएर मेरो घरबाहिर रहेको खाटमा सुतेका रहेछन् । राती ११ बजेतिर सेना प्रहरीले मेरो घरमा आई ढोका खोल भनी ड्याङड्याङ हिर्काएपछि मैले ढोका खोलिदिएँ, उनीहरूले मलाई मेरो श्रीमान् कहाँ भनेर सोधेकोले मैले अलैंचीबारी जानु भएको छ भनें । बाहिर खाटमा सुतेका पनराज र ... लाई सेनाहरूले पक्राउ गरेर एकछेउमा राखिसकेका रहेछन् । ... । दुवैजनालाई लिएर सेनाहरू मेरो घर तलतिर रहेको ससुरा बाको घरमा लिएर गए । दुवै जनालाई लिएर गएको एक घण्टा जतिपछि गोली पड्केको आवाज सुनें । सेनाहरू थुप्रै मेरो घरको आगनभरि थिए । भोलिपल्ट नानीहरूले त्यहाँ एक जनाको लास छ भन्थे । म हेर्न गइनँ । सेनाहरू भोलिपल्ट श्री रानी प्राविमा गएर बसे । केही सेनाहरू भोलिपल्ट लास भएको ठाउँमा गएर लासलाई उत्तानो बनाएर गएछन् । दुई दिनपछि मृतकका आफन्तहरू आएर लासलाई लिएर सद्गत गरे भन्ने ब्यहोराको ताप्लेजुङ जिल्ला ... गाविस वडा नं ... बस्ने घटनाको जानकार एक व्यक्तिको बयान मिसिल संलग्न रहेछ ।

८. ... म, परिवार र छोराछोरी गरी चार जना सुतिरहेका थियौं । अन्दाजी रातको १०.३०।११ बजेतिर बन्दुकको आवाज ड्याङड्याङ गरेको सुनें । त्यसपछि निन्द्रा लागेन । पछि १२ बजेतिर सेनाहरू घरमा आए । दैलो खोल भने । हामी उठ्न नपाई उनीहरूले लात्तले हानेर दैलो फुटाए । दोकानको दैलो पनि फुटाए । तिनीहरूले पसलमा भएका सामानहरू कति खाए कति गोजीमा राखे । बाहिरबाट सामान केही नगर भन्ने आवाज आयो । हामी सुतेको कोठा तिनीहरूले थाहा पाएनन् र खोल्न भनेनन् । सेनाहरू फर्केर गए । भोलिपल्ट हल्लाखल्ला भयो । बिहान ८ बजेतिर घटनास्थलतिर सेनाहरू देखें । सेनाहरूले फोटो खिचेको देखें । ९ बजेतिर खाना खाई स्कुल जाने तरखरमा थिए । सेनाहरू आएर घरका मानिसहरू बाहिर निस्क भन्यो । म बाहिर आगनमा निस्कें र ... । राइफल तेर्स्यायो र एक बक्सिङ हान्यो । राती कहाँ गइस् भन्यो । डोरीले हात पछाडि बाँध्यो र हिड् भन्यो । म उनीहरूले भनेतिर नै हिँडें । हिँड्दा-हिँड्दै के के सोच्नु छ, भन्नु छ भनिहाल भन्यो । रानी प्राविको कम्पाउन्डमा पुऱ्यायो । त्यहाँ पुऱ्याएर पनि के के सोच्नु छ सोचिहाल भने । अर्को सेना आएर खाना खानुस् भन्यो । मैले खाना खाइसकें भनेपछि राती कहाँ जानुभएको थियो भने । मैले हामी त्यहीं थियौं भने । माओवादी आउछन्

र के के गर्छन् भन्यो । मैले आउछन् र तरकारी चामल माग्छन् र पकाएर खाएर जान्छन् भने । कस्ता हतियार लिएर आउछन् भन्यो । म हतियार त चिन्दिनँ तर सरहरूले हतियार बोकेजस्तै बोक्छन् भनेँ । पनराजलाई चिन्छौ भन्यो । मैले चिन्छु भनेँ । विद्यालयको आइडी कार्ड देखाएर सोध्यो । कक्षा सातमा पढ्ने हाम्रो स्कुलको विद्यार्थी हो भनेँ । माओवादी हो भनेर सोध्यो ?मलाई त्यो कुरा थाहा हुँदैन । १० बजेदेखि ४.०० बजेसम्म स्कुलमा पढाउछु र त्यस्तो निगरानी पनि त्यसमाथि भएन भनेर मैले भनेँ । ... । निजको बयान यस्तो छ भनेर रिपोर्ट गऱ्यो । दस मिनेटपछि डोरी खोलीदियो र जानुस् भन्यो । त्यसपछि सेनाको टोली स्कुल छोडेर गयो । मूलबाटो भएकोले लासलाई देखेछन् । सबै गएर त्यहाँ हेर्दा पनराज भन्ने चिन्यौँ । सम्बन्धित अभिभावकलाई बोलायौँ । लासलाई हेर्दा ढाडमा सानो प्वाल छातीमा ठूलो प्वाल भएर निस्केको थियो । करङको एक भागमा पनि ठूलो प्वाल देख्यौँ । गोलीको खोका सातवटा थिए । लासलाई हेर्दा कम्ब्याटमा थिएन;स्कुलको ड्रेस र चप्पल लगाएको थियो । लासलाई सद्गत गरे । त्यो घटनादेखि सेना यो वार्डमा आएको छैन । सो घटनाभन्दा अगाडि पनि ... आएको थिएन भन्ने ब्यहोराको ताप्लेजुङ जिल्ला ... गाविस वडा नं ... बस्ने घटनाका जानकार अर्का व्यक्तिको बयान पनि मिसिल संलग्न रहेछ ।

९. राती दस बजे सेनाहरू मेरो घरमा आएर बसे । प्रहरीहरू काकाको घरमा बसे । सुरक्षाकर्मीहरू चौबीस जनाजति आएका थिए । प्रायजसो सबैसँग हतियार थियो । एक जना हतियार बेगरको थियो । सेना र प्रहरी आ-आफ्ना पोसाकमा थिए । म भुइँतलामा श्रीमती र नानीसँग सुतिरहेको अवस्थामा सेनाहरूले म तिर हतियार तेर्साई खुट्टामा समेत टेके । यो ... को घर हो भनेर सोध्यो । मेरो पनि नाम सोध्यो । ... । पछि सेनाहरू आएर हामीलाई तपाईँहरू माथि जानुस् । हामी यहाँ सुत्छौँ; जे छ त्यही दिनुस् भने । त्यसपछि हामी माथि सुत्न गयौँ । माथि तलाबाट सुरक्षाकर्मीले सुत्नका लागि ओछ्यानहरू लिएर आउँदा १०.३० बजेको समयमा एक जना मानिस भाग्दै गरेको देखेछन् । भाग्दै गरेको व्यक्ति ... त्यही ... रहेछ । घटना भएको चार दिनपछि ... थाहा भयो ।... भागेर गएको पाँच-छ मिनेटपछि गोलीको आवाज आयो । तर, गोली कतिवटा पड्कियो अन्दाज भएन । ... अहिले

मलेसियामा छ। घटना भएको भोलिपल्ट मलाई सेनाले पक्राउ गरी रानी प्रावितिर ल्याए । त्यसैले मैले लास हेर्न पाइनँ । मलाई १० बजेसम्म राखे र पछि मलाई छोडिदिए । मेरो घरबाट करिब ६-७ बजेतिर सेनाहरू त्यहाँबाट अन्यत्र गए । घटनाको भोलिपल्ट पनराज लाबुङ र ... दुई जना मेरो घरभन्दा माथिल्लो घरमा सुतेका रहेछन् भनेर जानकारी पाएँ। सेनाहरूले मलाई रानी प्राविबाट छोडेपछि म घरमा आउँदा पनराज लिम्बूलाई राती सेनाहरूले गोली हानेको र निजको सोही कारणले मृत्यु भएको थाहा पाएँ। राती गोलीको आवाज सुन्दा दोहोरो भिडन्त भएको जस्तो बुझिएन । गोलीको आवाज मैले सुन्दा मेरो घरदेखि करिब ४० मिटर परजस्तो लागेको थियो किनकि आवाज एकदम सानो र नजिकबाट हानेको जस्तो बुझियो भन्ने ब्यहोराको ताप्लेजुङ जिल्ला ... गाविस वडा नं ... बस्ने घटनाको जानकार अर्का व्यक्तिको बयान कागज पनि मिसिल संलग्न रहेछ।

१०. पनराजलाई पाँच कक्षा पढ्दाखेरि नै तत्कालीन नेकपा माओवादीको अनेरास्ववियु क्रान्तिकारीका मानिसहरू आई विद्यार्थीहरू भेला गराई उसलाई संयोजक बनाए। हामी त्यसको सदस्य थियौँ। विद्यार्थीहरू उक्त सङ्गठनमा बढ्दै गए। उसको २०५९ तिर विवाह भएको थियो । मंसिरको महिना थियो; हामी धान ल्याउन गएका थियौँ । आर्मीहरू आएको भन्ने हल्ला भयो अनि हामी भाग्यौँ । पनराजसहित अन्य दुई जना (...) वडा नं २ नं. नजिक आएछन् । हामी तीन जना माथि वडा नं ५ तिर लाग्यौँ । यो करिब ५ बजेको समय थियो। पनराजले हाम्रो नाम ठेगाना भएको खातापाता पनि लिएर गएको रहेछ । माओवादीले बोलाएपछि कार्यक्रममा जाने गर्दथ्यौँ। हामी श्री साब्लुङ निमावि भन्ने हाल पनराज निमावि राखिएको स्कुलमा थियौँ । निजको परिवारमा तीन जना दाजुभाइ एक जना श्रीमती र आमाबाबु रहेका छन्। निजकी श्रीमती हालसम्म माइतीमा नै बसिरहेकी छन्। दाजुभाइ मध्ये साहिला कक्षा सातमा र कान्छा कक्षा तीनमा पढ्दै गरेका छन्। आम्दानीको स्रोत खेतीपाती भए पनि वर्षभरि खान नपुग्ने छ। जिल्ला प्रशासन कार्यालयबाट रु. एक लाख मृतकको परिवारले राहत पाएकोमा रु. पचास हजार श्रीमतीले र रु. पचासहजार बुवाले लिएको भन्ने ब्यहोराको

ताप्लेजुङ जिल्ला ... गाविस वडा नं ... बस्ने घटनाको जानकार अन्य दुई जना व्यक्तिहरूको संयुक्त भनाइसमेतको मिसिल संलग्न प्रतिवेदनमा उल्लेख रहेछ।

११. त्यो राती सेनाहरू आएको ... ले थाहा पाएछ । मृतक पनराज र ... त्यो रात सँगै मेरो घरमा बसेका थिए । पनराज भाग्दै मेरो घरमा आएको थियो । मेरो छोरा घरमा नै बसेको थियो । पनराज मेरो घरमा आएर सेनाहरू आउँदै छ बाँच्नुपर्दछ भागौँ भनेर दुवै जना वेलुकी ७-८ बजेतिर घर छाडे । उनीहरू यहाँबाट गएर माथि २ नं.मा ... को घरमा सुतेछन् । ११ बजेतिर गोलीको आवाज आयो । सुतेको ठाउँबाट सेनाले पक्राउ गरेछ । छोरा ... सेनाको कब्जाबाट उम्कन सफल भएछ तर पनराजलाई गोली हिर्काएछ । पनराजलाई ... को बारी छेउमा लगेर मारेछन् । ... पोहरो साल चैत्रमा मलेसिया गयो । घटना घटेको चार दिनपछि मात्रै घरमा आएको थियो । छोराले घरमा आउँदा यही कुरा हामीलाई भनेको थियो भन्ने ब्यहोराको घटनाका अर्का जानकार व्यक्तिको भनाइ पनि ... मिसिल संलग्न अनुसन्धान प्रतिवेदनमा उल्लेख रहेछ।

१२. त्यो राती सेना आयो भनेर पनराजले हाम्रो घरतिर खबर लिएर आयो । चारपाँचजना जति लाठे भेला भएर माथितिर भाग्यौँ । मृतक पनराज र ... अल्छी मानेर केही माथि २ नं. मा रहेको ... को घरमा सुतेछन् । ... को घर मेरो घरबाट पाँच मिनेटको टाढामा छ। हामी निकै माथि साउने पानीमा गएर केहीबेर बस्यौँ । त्यहाँ केही समय बसेर ... को घरमुनितिर गएर सानो ओढारमा बस्यौँ । त्यहीँ बस्दाखेरि रातको अन्दाजी ११.३० बजेतिर तीनचारवटा बन्दुकको आवाज आएको थियो । त्यहाँबाट साथीहरूलाई उठाई उकालो फरासतिर लाग्यौँ । हामी त्यो टिममा छ सात जना थियौँ। भोलिपल्ट घरमा आउँदा लासलाई पुरिसकेको रहेछ । घटनास्थलमा हेर्दा खुन र गोलीको खोका थियो । ... को घरमा उनीहरू यही सुत्छु भनेपछि ... को आमासँग मैले नै ओढ्ने ओछ्याउने मागिदिएँ र उनीहरू त्यहीँ सुतेका थिए भन्ने ब्यहोराको ताप्लेजुङ जिल्ला ... गाविस वडा नं ... बस्ने घटनाको जानकार अर्का व्यक्तिको भनाइ पनि मिसिल संलग्न अनुसन्धान प्रतिवेदनमा संलग्न रहेछ।

१३. त्यो राती म आफ्नो घरमा सुतिरहेको थिएँ । राति १२-१ बजे सेनाहरू घरमा आए। घरमा आएर मलाई तिम्रा

साथीहरूलाई हामीले पक्राउ गरिसकेका छौँ । तिमी पनि माओवादीको कमान्डर छौ भन्यो । एक जनालाई समातेका छु र एक जना भागेको छ भने । मैले म माओवादी होइन । म त्यस्तो मान्छे होइन । म युकेमा भिडेर आएको हो भनेपछि मलाई नाम्लाले बाँधेर ... को घरमा लिएर गए । त्यहाँ पनि आधा घण्टाजति सोधखोज गरे । सोधखोजका क्रममा एक लात्ती हिर्काउनको लागि देखाए । मैले आफूलाई डिफेन्स गरेको थिएँ । त्यहाँबाट आधा घण्टापछि गोलीको आवाज आयो । दुई तीन फायरिङ आयो । त्योभन्दा बढी फायरिङ भएको सुनिनँ । दोहोरो भिडन्त भएको थिएन । त्यही रात गाउँका घर देखाउन भनी गाउँमा लगे । उनीहरू सबैजना सिभिलमा तर हतियार सबैसँग थियो भन्ने ब्यहोराको ताप्लेजुङ जिल्ला ... गाविस वडा नं ... बस्ने घटनाको जानकार व्यक्तिको भनाइ मिसिल संलग्न अनुसन्धान प्रतिवेदनबाट देखिन्छ ।

१४. ... ।

१५. ताप्लेजुङ जिल्ला, इखाबु गाविस वडा नं ५ सेगुवा बस्ने वर्ष १६ का पनराज लाबुङ सुब्बा (लिम्बू) लाई मिति २०६०।०८।१८ गते ताप्लेजुङ जिल्ला ... गाविस वडा नं. ... सेतोवा मा आफन्तको घरमा सुतिराखेको अवस्थामा शाही नेपाली सेनाले नियन्त्रणमा लिएर निर्मम यातना दिई गोली हानी हत्या गरेकोले घटनाको निष्पक्ष छानविन गरी क्षतिपूर्तिदिलाइपाऊँ भन्ने ब्यहोराको उजुरी मिति २०६३।०४।१९ गते आयोगको क्षेत्रीय कार्यालय, विराटनगरमा दायर भएकोमा, जिल्ला प्रहरी कार्यालयबाट प्राप्त हुन आएको लिखित जबाफमा सुरक्षाफौजको घेरा तोडी भाग्न लागेको अवस्थामा सुरक्षा कारबाहीमा मृत्यु भएको तथा श्री पूर्वी पृतना, मानव अधिकार महाशाखाबाट प्राप्त हुन आएको लिखित जबाफमा दोहोरो भिडन्तमा परी मृत्यु भएका भन्नेजबाफ देखिन्छ । ती जबाफतर्फ विचार गर्दा दुई निकायको जबाफमा एकरूपता नभएको र सो घटना प्रत्यक्ष रूपमा देख्ने र थाहा पाउने कुनै पनि व्यक्तिले सो दिन उक्त ठाउँमा दोहोरो भिडन्त नभएको केवल तीन-चारपटक गोलीको आवाज आएको भन्ने भनाइ रहेको देखिन्छ । त्यसैगरी अनुसन्धान टोलीले घटनास्थलको अवलोकन गर्दा समेत उक्त ठाउँमा दोहोरा भिडन्तको कुनै सङ्केत पाइएको छैन । घटनास्थल वरिपरि गोलीको दाग भेटिने, सुरक्षाकर्मीतर्फ कुनै क्षति भएको पनि दुवै कार्यालयको

लिखित जबाफमा उल्लेख भएको छैन । यस्ता तथ्यहरूबाट सो घटनामा माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त भएको वा सुरक्षा घेरा तोडी भाग्न खोजेको पुष्टि हुन सकेन । नेपालको विद्यमान **कानुनअनुसार जोसुकै व्यक्तिले कुनै कसुर गरेको भए पक्राउ गरी सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिई कानुनबमोजिम कारबाही गर्नुपर्नेमा निज पनराज लाबुङ (लिम्बू) नियन्त्रण पश्चात् गोली हानी मारेको देखिन्छ। सुरक्षाकर्मीद्वारा गोली चलाउनु पर्नेसम्मको अवस्था सृजना भएको थियो भन्ने कुनै स्पष्ट आधार समेत देखाउन सकेको पाइँदैन। जसबाट सुरक्षाफौजको कार्य गैरकानुनी भई तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११, १२, १४ द्वारा प्रदत्त मौलिक हक र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, नागरिक अधिकार ऐन, २०१२ को दफा १२, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ६ बाट प्राप्त अधिकार हरूको समेत उल्लङ्घन भएको देखिन्छ** भन्ने अनुसन्धान प्रतिवेदनमा उल्लेख भएको देखिन्छ।

१६. यसमा निर्णयतर्फ विचार गर्दा ताप्लेजुङ जिल्ला, इखाबुगाविस वडा नं ५ बस्ने वर्ष १६ का पनराज लाबुङ (लिम्बू) लाई ऐ जिल्ला वडा नं २ सेतोवामा आफन्तको घरमा सुतिरहेको अवस्थामा मिति २०६०।०८।१८ गते तत्कालीन शाही नेपाली सेनाले नियन्त्रणमा लिई यातना दिई हत्या गरेकाले घटनाको छानविन गरी दोषीलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइपाऊँ भनी मिति २०६३।०४।१९ गते यस आयोगमा उजुरी दर्ता भएको देखियो। यसमा जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङको मिति २०६३।०१।०६ गतेको पत्रानुसार निज पनराज लाबुङ (लिम्बू)को सुरक्षाफौजको घेरा तोडी भाग्न लागेको अवस्थामा सुरक्षा कारबाहीमा मृत्यु भएको भन्ने ब्यहोरा उल्लेख भएको । त्यसैगरी पूर्वी पृतना मानवअधिकार महाशाखा इटहरी सुनसरीको प.सं १५१६५ मा.अ.। ०६६।८५ मिति २०६६।०२।२० गतेको पत्रानुसार निज पनराज लाबुङ (लिम्बू) को मिति २०६६।०८।१९ गते दोहोरो भिडन्तमा परी मृत्यु भएको र निजको पिता ... ले राहत बुझी लगेको भन्ने ब्यहोरा उल्लेख भए पनि उक्त कुराहरूको पुष्टि हुने आधार प्रमाण देखिएन। निज पनराज लाबुङ (लिम्बू) लाई मिति

२०६०।०८।१८ गते **आफन्तको घरमा सुतिरहेको अवस्थामा तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी सुरक्षाकर्मीको सुरक्षा घेरामा रहेको व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्नुको सट्टा गोली हानी गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको समेत उल्लङ्घन भएको देखियो ।** घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. तीन लाख क्षतिपूर्ति रकममध्ये क्षतिपूर्ति बापत रकम पाएको भए सो कट्टा गरी र अघि नपाएको भए सिफारिस भएबमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

**पेस गर्ने :**

.......................

नीतु गर्तौला

मानव अधिकार अधिकृत

............... ...............

सदस्य सदस्य

.................. .................

सदस्य अध्यक्ष

इति संवत् २०६९ साल चैत्र महिना ११ गते रोज १ शुभम् ........................... ।

# राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

मानननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय
माननीय सदस्य श्री रामनगिना सिंह
माननीय सदस्य श्री गौरी प्रधान

**संवत् २०६८ सालको उजुरी नं. ८४७, के.का. ललितपुर ।**

## विषय:सुकुम्बासीहरूको न्यायोचित व्यवस्थापन सम्बन्धमा ।

**नेपाल संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को पक्षराष्ट्र भएको हैसियतले उक्त प्रतिज्ञापत्रमा उल्लेख गरिएका व्यवस्थाहरूको पूर्ण पालना गर्ने प्रमुख दायित्व राज्यको रहन्छ । कानुन विपरीत सरकारी जग्गा अतिक्रमण गरी बसोबास गरिरहेका बस्ती हटाउने विषयमा कुनै विवाद नरहे तापनि सरकारले वास्तविक सुकुम्बासीहरूका लागि हटाउनुपूर्व वैकल्पिक व्यवस्था गर्नुपर्ने देखिन्छ । उक्त बस्ती हटाउँदाको अवधिमा हटाउनुपूर्व पनि मानव अधिकारको पूर्ण पालना हुनुपर्दछ । बसोबास गरिरहेका व्यक्तिहरू खासगरी ज्येष्ठ नागरिक, बिरामी, अशक्त व्यक्तिहरू, अपाङ्गता भएका व्यक्तिहरू, गर्भवती र सुत्केरी महिलाहरू, बालबालिकाहरूको सम्बन्धमा विशेष व्यवस्थाहरू गर्नुपर्ने हुन्छ ।** (प्रकरण नं. २८)

**वर्तमान सन्दर्भमा आफ्नो वा आफ्नो परिवार वा अंसियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल राज्यभर कुनै पनि ठाउँमा घरजग्गा नभएका वा घरजग्गा जोड्न सक्ने स्रोत साधन नभएका नेपाली नागरिक व्यक्ति वा परिवारलाई सुकुम्बासी भन्न सकिने देखिन्छ ।** (प्रकरण नं. २९)

**सुकुम्बासीहरूले लामो समयदेखि बसोबास गरिरहेको भए तापनि कानुनीरूपमा उक्त स्थानमा उनीहरू स्वामित्व प्राप्तकर्ता व्यक्ति हुन नसक्ने र राज्यले कुनै पनि समयमा उक्त बसोबास गर्दै आएका सुकुम्बासीहरूले बनाएको घर-टहरा हटाउन सक्दछ । तर, सुकुम्बासीहरूले घर-टहरा बनाउन सुरु गरेकै वेला सम्बन्धित अधिकारीले रोकथाम गर्नुपर्नेमा सो नगर्नु सम्बन्धित पदाधिकारीको गल्ती हो । घर-टहरा**

**बनेका यतिका दिनपछि घर-टहरा भत्काउनु पूर्व मानवीय मूल्य मान्यताका संवेदनशीलताको विचार गरी मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको मापदण्डलाई पालना गर्दै घर-टहरा भत्काउनु पर्नेमा सो गरेको देखिन आएन। घर-टहरा भत्काएकोले विस्थापित भएका सुकुम्बासीहरूको पहिचान गरी निजहरूको बसोबासको वैकल्पिक व्यवस्था मिलाएर मात्र निजहरू बसोबास गरेको सरकारी स्वामित्वमा रहेको जग्गा खाली गराउनुपर्ने तथा घर-टहरा भत्काउँदा उनीहरूलाई हुन गएको क्षतिको मूल्याङ्कन गरी क्षतिपूर्ति दिन र अन्य ठाउँको अतिक्रमित सरकारी जग्गा खाली गराउँदा माथि उल्लेख गरिएका मापदण्ड अपनाई मात्र अतिक्रमित जग्गा खाली गराउने तर्फ कारबाही गर्नु ।** (प्रकरण नं. ३४)

१. काठमाडौँ उपत्यकाका वाग्मती किनारलगायतका विभिन्न स्थानमा बसोबास गर्दै आएका सुकुम्बासीका घर-टहरा हटाउने ... सरकारको निर्णयले सुकुम्बासीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा आघात पुगेको भन्दै न्यायोचित वैकल्पिक व्यवस्था गरी मानव अधिकारको संरक्षणका लागि विभिन्न मागसहित संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चा, नेपालबाट मिति २०६८।८।२५ मा आयोगमा उजुरी दर्ता हुन आएको रहेछ।

२. त्यस्तै काठमाडौँ उपत्यका वाग्मती किनारलगायत उपत्यकाका विभिन्न स्थानमा बसोबास गरिरहेका सुकुम्बासी घर-टहरा हटाउने भन्ने सरकारको निर्णयले बशींघाटका सुकुम्बासीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा आघात पुगेको, बालबालिकाहरू पठन पाठनबाट प्रभावित भएका, वृद्धवृद्धा, गर्भवती, अशक्त, बिरामीलगायत अपाङ्गता भएका व्यक्तिहरू मानसिक रूपमा प्रभावित भएकाले उनीहरूको मानव अधिकारको संरक्षण गरी न्यायोचित व्यवस्थापनका लागि आवश्यक पहल गरिपाऊँ भनी मिति २०६९।१।२९ मा पनि अर्को निवेदन पर्न आएको रहेछ।

३. भक्तपुर जिल्ला स्थित मनोहरा खोला किनारमा रहेको मनोहरा सुकुम्बासी बस्ती खाली गराउने भन्ने सरकारको योजना रहेको र सो बस्तीमा २०६२ सालमा सामुदायिक विद्यालय भक्तपुरबाट स्थायी तथा राहत शिक्षक दरबन्दी प्राप्त भई श्री सरस्वती

प्राथमिक विद्यालयमा अध्ययनरत बालबालिकाहरूको शिक्षाको भविष्य सुनिश्चितताप्रति के कस्तो पहल रहेको छ भनी प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय भक्तपुरलाई एसिया मानव अधिकार तथा सांस्कृतिक विकास मञ्चका तर्फबाट लेखेको पत्रको बोधार्थ पनि यस आयोगमा मिति ... मा दर्ता भएको रहेछ।

४. उल्लिखित उजुरीहरू प्राप्त हुन आएपछि आयोगबाट मिति २०६८।८।२६ गते नेपाल सरकारका ..., गृह मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय, स्थानीय विकास मन्त्रालयमा सुकुम्बासीहरूको व्यवस्थापनका लागि सरकारका के कस्ता कार्यक्रम तथा कार्ययोजनाहरू रहेका छन् ? भनी जानकारी माग गरी पत्राचार गरिएकोमा कुनै जबाफ प्राप्त हुन नआएपछि पुनः मिति २०६८।१०।२ गते ... पत्र प्राप्त भएको मितिले सात दिनभित्रमा सोको जानकारी पठाइदिनुहुन भनी ताकेता गरिएको पत्र मिसिल अध्ययनबाट देखिन्छ ।

५. सो सम्बन्धमा स्थानीय विकास मन्त्रालयले आयोगको पत्रको फोटोकपीसहित काठमाडौँ महानगरपालिकामा मिति २०६८।९।३ मा पत्राचार गरेको पत्रको बोधार्थ यस आयोगमा प्राप्त हुन आएको रहेछ । सोही मन्त्रालयले मिति २०६८।१०।६ मा काठमाडौँ महानगरपालिकासँग जानकारी माग गरी लेखेको पत्रको बोधार्थ पत्र पनि आयोगलाई प्राप्त भई मिसिल संलग्न रहेछ।

६. यसै बीचमा वास्तविक सुकुम्बासीहरूको सहीढङ्गले पहिचान गरी उनीहरूको हकहितको संरक्षणका लागि राज्यबाट सकारात्मक पहल होस् भन्ने आयोगको विचार रहेकोले सहरको व्यवस्थित र वातावरणमैत्री बसोबास सुरक्षित गर्ने र वास्तविक सुकुम्बासीको हकहित संरक्षणका लागि राज्यलगायत सवै सम्बन्धित पक्षबाट संवाद र शान्तिपूर्ण माध्यमबाट समस्याको समाधान गर्ने पहल होस् भनी आयोगबाट ... मिति २०६८।१०।६ गते जारी गरिएको प्रेस विज्ञप्ति पनि मिसिल संलग्न रहेछ । यसपछि पनि मिति २०६८।१०।११ मा पीडितपक्षबाट विभिन्न मागहरू राखी पुनः आयोगमा ज्ञापन पत्र बुझाइएको रहेछ।

७. यसपछि आयोगले मिति २०६८।१०।१३ गते सम्बन्धित सरोकारवाला मन्त्रालय तथा विभागहरू, सरकारी कार्यालय,

भौतिक योजना मन्त्रालय, नापी विभाग, गृह मन्त्रालय, काठमाडौँ उपत्यका नगर विकास समितिको कार्यालय, काठमाडौँ महानगरपालिका कार्यालय, प्रहरी आयुक्तको कार्यालय, अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति, जिल्ला प्रशासन कार्यालयलगायतका प्रतिनिधिहरूसँग आयोगमा छलफल गरी वाग्मती किनारका बस्ती हटाउने क्रममा सरकारले वास्तविक सुकुम्बासीहरूका लागि वैकल्पिक व्यवस्था गर्नुपर्ने सुझाव दिएको देखिन्छ।

८. यसै विषयमा पुनरावेदन अदालत ललितपुरमा मुद्दा दर्ता भई ... सो अदालतले मिति २०६८।८।२५ मा विपक्षीहरूलाई छलफलका लागि बोलाएको र सो अवधिसम्म निवेदकहरूको बसोबास गरिरहेको घर-टहरा नहटाउनू, नभत्काउनू, हटाउन नलगाउनू भनी अन्तरिम आदेशसमेत जारी भएको ब्यहोरा मिसिल संलग्न गरिएको देखिन्छ । त्यस्तै गरी ३५ दिनसम्मका लागि निवेदकहरूको बसोबासमा कुनै हस्तक्षेप नगरी यथास्थितिमा राख्न भनी विपक्षीहरूको नाउँमा मिति २०६८।१०।८ गते पनि अन्तरिम आदेश जारी गरिएको मिसिल संलग्न देखिन्छ । विभिन्न मितिमा सर्वोच्च अदालतबाट समेत वाग्मती नदी किनारको सरसफाइ सम्बन्धमा विभिन्न आदेशहरूसमेत भएको र ... मिसिल संलग्न रहेको देखिन्छ।

९. यस्तै काठमाडौँ उपत्यका नगर विकास समितिले काठमाडौँ उपत्यका नगर विकास योजना, कार्यान्वयन समिति, काठमाडौँलाई जानकारी माग गरी गरेको पत्राचारको बोधार्थ पत्र मिति २०६८।१०।१५ मा आयोगमा प्राप्त हुन आई मिसिल संलग्न रहेको देखिन्छ। गृह मन्त्रालय पनि मिति २०६८।११।१४ मा नदी किनारका अव्यवस्थित बसोबास र अतिक्रमण हटाउने कार्य योजनाअनुरूप हुने र सो सम्बन्धमा विभिन्न मितिमा सरोकारवाला निकायसँग बैठक बसी निर्णय गरिएका विषयहरू खुलाई पठाएको जानकारी प्राप्त हुन आई मिसिल संलग्न रहेछ।

१०. मिसिल अध्ययन गरी हेर्दा राष्ट्रिय भूमि अधिकार मञ्चले भूमिहीन सुकुम्बासी मुक्त, कमैया तथा हलियासम्बन्धी विभिन्न मागहरू राखी विरोध कार्यक्रम गरेको सम्बन्धमा आयोगबाट अनुगमन गरी आयोगबाट भूमिहीनहरूको अधिकार संरक्षणका लागि अविलम्ब उच्चस्तरीय आयोग गठन गर्ने लगायतको आवश्यक व्यवस्था गर्न मिति

२०६५।८।१२ मा नेपाल सरकारलाई सिफारिस गरेको रहेछ। त्यस्तै सो विषय विश्वव्यापी आवधिक समीक्षासम्बन्धी प्रतिवेदन सन् २०१० को जुलाई ७ मा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चआयुक्तको कार्यालय जेनेभामा आयोगबाट पेस गरिएको रहेछ। ... ।

११. आयोगले थापाथलीस्थित वाग्मती नदी किनाराका सुकुम्बासी बस्तीहरू मिति २०६९।१।२६ मा नेपाल सरकारबाट डोजर लगाई ... हटाइएको सम्बन्धामा अनुगमन गरेको, बस्ती हटाउने क्रममा प्रदर्शन गरेका व्यक्तिहरूलाई नेपाल प्रहरीले पक्राउ गरी २ नं प्रहरी गण महाराजगञ्जमा राखेकोमा आयोगको टोली पुगी पक्राउ परेकाहरूसित भेट गरी जानकारी लिएको देखिन्छ। सो सम्वान्धमा सम्बन्धित सुकुमबासीका प्रतिनिधि र नागरिक समाजका प्रतिनिधिहरूसँग परामर्श गरेको, सुकुम्बासीहरूलाई हटाउने सिलसिलामा भएको झडपमा घाइते भएका सुकुम्बासीहरूको औषधी उपचारका लागि सरकारको ध्यानाकर्षण गरेको, त्यस्तै गरी वास्तविक सुकुम्बासीको पहिचान गरी उनीहरूको यथोचित पुनःस्थापनाको व्यवस्था गर्न आयोगले सरकारसँग आग्रह, साथै सुकुम्बासी बस्तीबाट हटाइएका महिला, बालबालिका, गर्भिणी, सुत्केरी, बिरामी, अशक्त एवम् ज्येष्ठ नागरिकको उचित रेखदेख र पुनःस्थापनाको व्यवस्था मिलाउन, हिरासतमा लिइएका व्यक्तिहरूको विधि सम्मत र न्यायिक ढङ्गबाट रिहाइको माग गर्न, प्रभावित व्यक्तिहरूलाई मानवीय आधारमा राहत व्यवस्था गर्न र पुनःस्थापनाका वैकल्पिक उपायहरू अपनाउन सरकारसँग आग्रह गरी मिति २०६९।१।२६ गते जारी गरेको प्रेस विज्ञप्ति मिसिल संलग्न रहेछ।

१२. आयोगको अनुगमनबाट सुरक्षाकर्मीहरूले घर-टहरा भत्काउनु अगाडि सुकुम्बासी बस्तीमा बसोबास गर्दै आएकाहरूलाई आआफ्नो घर-टहराहरूबाट सामानहरू हटाउनका लागि माइकिङ गरिरहेको, घर-टहराहरूबाट सामानहरू हटाउने क्रममा सुरक्षाकर्मीबाट कतै-कतै सहयोग गरिरहेको समेत पाइएको, घर-टहराहरू भत्काउनुपूर्व उक्त घर-टहराभित्र मानिस रहे-नरहेको निश्चित गरेपश्चात् डोजर प्रयोग गरेको पाइएको थियो। घर-टहरा भत्काउनु अगाडि ती घर-टहराहरूबाट हटाइएका सामानहरू अव्यवस्थित तरिकाले नजिकैको खुला स्थानमा राखिएको, केही व्यक्तिहरूलाई पक्राउ गरी थुनामा राखिएको, स्कुल पोसाकमा रहेका केही बालबालिकाहरूलाई पनि प्रहरीले कब्जामा लिएको र पछि

छोडिदिएको, केही व्यक्तिहरू घाइते भएका, घर-टहरा भत्काइ सकेपछि भत्काइएका घर-टहराका समानहरू र ती घर-टहरामा बस्दै आएका विशेष गरी बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धा अशक्त, सुत्केरी, गर्भवतीहरूको अवस्थाको पहिचान गरी उनीहरूलाई मानवोचित तरिकाले खानेकुरा, अस्थायी बसोबास, पानी, शौचालय आदिको व्यवस्था गर्नको लागि नेपाल सरकारलाई आग्रह गर्नुपर्ने, नदी किनारको उक्त क्षेत्र सरसफाइ र अन्य दृष्टिकोणबाट अत्यन्तै संवेदनशील भएकाले सो क्षेत्रका विस्थापितहरूलाई स्वास्थ्य उपचारका लागि आवश्यक प्राथमिक उपचारको व्यवस्था गरिनुपर्ने देखिएको भन्ने अनुगमन प्रतिवेदन पनि मिसिल संलग्न देखिन्छ।

१३. उपत्यका नदी किनारालगायत विभिन्न स्थानमा बसोबास गरेका सुकुम्बासी बालबालिकाहरूको पठन पाठनलगायत बिरामी, अशक्त, अपाङ्गता भएका व्यक्तिहरूको सम्बन्धमा के कस्ता वैकल्पिक व्यवस्थाहरू गरिएका छन् भनी मिति २०६९।१।३१ मा उपत्यका नगर विकास प्राधिकरण, काठमाडौँमा पत्राचार गरिएको मिसिल अध्ययनबाट देखिन्छ।

१४. सुरक्षाकर्मीहरूको सहयोगमा घर-टहराहरू भत्काएको बेला प्रतिकार गर्ने सुकुम्बासी आन्दोलनकारीहरूमाथि लाठीचार्ज र अश्रुग्यास सेल प्रयोग भएको र सो अश्रुग्यास सेलको मिति समाप्त भएको भनी टिभीमा रिपोर्टिङ भएको रहेछ।

१५. घर-टहराहरू भत्काइसके पश्चात् पनि कैयौँ सुकुम्बासीहरू त्यही ठाउँमा पाल टाँगेर अमानवीय स्थितिमा बसिरहेको र कतिपय सुकुम्बासीहरूले बस्न, खान र सुत्नसमेत नसकेको अवस्था अनुगमनबाट देखिएको रहेछ।

१६. सुकुम्बासी समस्या समाधान सम्बन्धमा सरकारी स्तरबाट उनीहरूको बसोबास र बसोबाससम्बन्धी कार्यको निम्ति पानी, बिजुली इत्यादि प्रदान गरी मतदाता नामावलीमा सुकुम्बासी टोल भनी उल्लेख गर्ने, प्रारम्भमा बसोबास गर्ने वेलामा सरकारका तर्फबाट कुनै पनि रोकथाम र नियन्त्रणको प्रयास नगर्ने, सुकुम्बासीको स्थिति पत्ता लगाई उनीहरूको हकहित व्यवस्थापन गर्न बनेका भूमि सुधारलगायत उच्चस्तरीय आयोगहरूको सिफारिस व्यवहारमा कार्यान्वयन नगर्ने, वास्तविक सुकुम्बासीहरूको पहिचान गरी अतिक्रमित सरकारी जग्गा संरक्षित

गर्नका साथै उनीहरूलाई वैकल्पिक बसोबासको व्यवस्था गरिसके पश्चात् मात्र घर-टहरा भत्काउनु पर्नेमा त्यस्तो नगर्ने, सरोकारवाला सरकारी निकायहरूबीच राम्रो समन्वय नहुने जस्ता अन्तर्विरोध हुने कार्य सरकारबाट भएको देखिन्छ । साथै सुकुम्बासी बस्तीका जनताहरूलाई राजनैतिक दलहरूले भोट बैङ्कका रूपमा प्रयोग गर्दै विभिन्न आश्वासनहरू बाँडेपनि व्यवहारमा कार्यान्वयन नगर्ने गरिएको देखिन्छ।

१७. उल्लिखित अवस्थामा वर्तमान कानुनी व्यवस्थालाई दृष्टिगत गर्ने हो भने नेपालको अन्तरिम संविधान २०६३ को धारा १३(१) मा सवै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था रहेको छ । राज्यको दायित्वअन्तर्गत धारा ३३(ज) मा शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुतामा सवै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने व्यवस्था रहेको छ भने (झ) मा सुकुम्बासी, कमैया, हलिया, हरुवा-चरुवालगायतका आर्थिक सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक, सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने व्यवस्था रहेको छ । राज्यका नीतिहरूअन्तर्गत धारा ३५(१०) मा शिक्षा, स्वास्थ्य, आवास, खाद्यसम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजाति, मधेसी, दलितलगायत सीमान्तीकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्ने, उपधारा १४ मा राज्यले महिला, दलित, आदिबासी जनजाति मधेसी मुस्लिमलगायत अल्पसङ्ख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्व पीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने उल्लेख छ।

१८. त्यस्तैगरी ... मानव अधिकारको विश्वव्यापी घोषणा १९४८ को धारा २५(१), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २, बाल अधिकारसम्बन्धी महासन्धि १९८९ को धारा २७(३), महिला विरुद्ध हुने सवै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९ को धारा १४(२), नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा

१७ (१), अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ को धारा २८ मा व्यवस्था भएबमोजिम नागरिकहरूको मानव अधिकारको संरक्षण, संवर्द्धन र सुनिश्चित गर्ने प्रमुख दायित्व राज्यमा रहेको उल्लेख छ।

१९. संयुक्त राष्ट्रसङ्घीय प्रणालीअन्तर्गत The Un Special Rapporteur on adequate housing has defined the human rights to adequate housing as, "The right of every women, man, youth and child to gain and sustain a safe and secure home and community in which to live in peace and dignity" भनी उल्लेख भएको पाइन्छ। यस विषयमा The human right to adequate housing is integral to the realization of the right to live with dignity, as is the right to land. पनि भनिएको पाइन्छ। The scope of the right to adequate housing, guaranteed by article 11(1) of the International Covenant on Economic, Social and Cultural Rights, was defined by the Committee on ESCR in its General Comment 4, In order for housing to be adequate, it must, at a minimum, include the following seven core elements भनी निम्न सात वटा प्रमुख तत्त्वहरू हुनुपर्ने उल्लेख छ :

- Legal Security of tenure
- Availability of services
- Affordability
- Accessibility
- Habitability
- Location and Cultural adequacy

१) यस्तै UN Basic Principles and Guidelines on Development based Evictions and Displacement 2007 ले Scope and Nature, General Obligation, duty bearers and nature of obligations, Basic human rights principles, Preventive strategies, policies and programs, Prior to Evictions, During Evictions, After Evictions, Remedies of Forced Evictions, Compensation, Restitution and return, Resettlement and Rehabilitation, Monitoring, Evaluation and Follow up,

Role of The International Community, including International Organization को बारेमा उल्लेख गरेको पाइन्छ।

२०. उल्लिखित अवस्थामा नेपाल आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ लगायत अन्य मानव अधिकारसँग सम्बन्धित महासन्धि, प्रतिज्ञापत्रहरूको पक्षराष्ट्र हो । सो हैसियतले ती प्रतिज्ञापत्र, महासन्धिहरूमा उल्लेख गरिएका व्यवस्थाहरूको पूर्ण पालना गर्नु राज्यको दायित्व हो। सो सन्दर्भमा नागरिकहरूको मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने प्रमुख दायित्व राज्यमा रहने हुँदा सुकुम्बासी समस्यालाई राज्यले प्रभावकारी रूपमा व्यवस्थापन गर्न नसकेको अवस्था देखिन्छ।

२१. वाग्मती नदीमा स्वच्छता कायम गराउने सम्बन्धमा श्री सर्वोच्च अदालतबाट समेत आदेशहरू भएका सन्दर्भसँग पनि सो क्षेत्रमा बसोबास गरेका सुकुम्बासी समस्यालाई जोडेर हेर्नुपर्ने देखिन्छ। सर्वोच्च अदालतबाट २०५२ सालमा ... रिटमा ... निवेदकहरूको मागबमोजिम शङ्खमूल बुद्धनगरदेखि प्रसूति गृहछेउको पाञ्चायन घाटसम्म वाग्मती किनारमा अनाधिकृत रूपमा सडक बनाएको देखिएकोले त्यस्तो अनाधिकृत रूपमा बनाएको बाटोको निर्माण रोक्का राख्न यस अदालतबाट अन्तरिम आदेश जारी भइसकेको देखिएको र यसै लगायतको रिट नं ३०१७ को रिटमा संयुक्त राष्ट्र सङ्घ पार्क निर्माण समितिले समेत सडक निर्माण गर्ने नै हुँदा उक्त अनधिकृत बाटोको निर्माण गर्ने कार्य गर्न गराउन नदिनु भनी स्थानीय प्रशासन कार्यालय र काठमाडौं महानगरपालिकको नाममा जारी भएको निर्देशनात्मक आदेश पनि मिसिल संलग्न रहेछ।

२२. ... जनहित संरक्षण मञ्च समेतका तर्फबाट र प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समतेको विरुद्धमा २०६७ सालमा पुनः सर्वोच्च अदालतमा रिट दायर गरेकोमा अदालतबाट-यसै अदालतमा दर्ता भएको २०५२ सालको रिटमा वाग्मती नदीमा स्वच्छता कायम गराउने सम्बन्धमा आवश्यक र प्रभावकारी व्यवस्था गर्ने बारेमा आदेश भएकोमा अझैपनि फोहोरमैला फ्याँकी नदीलाई दुर्गन्धित गराउने कार्य र नदीको दुवैतर्फको किनारालाई असर पार्ने गरी बालुवा झिक्ने कार्य भइरहेको र नदीका

दुवै किनारामा नगर विकास समितिद्वारा निर्धारित मापदण्डभन्दा विपरीत घरटहराहरू निर्माण गर्ने गराउने कार्य भइरहेको व्यवहोरा रिट निवेदनबाट देखिएकाले यसरी वाग्मती नदी र यसका सहायक नदीहरू मनोहरा, कोट्कु, धोवीखोला, बल्खुखोला (इन्द्रमती), नख्खु कर्मनासा, विष्णुमतीलगायतका उपत्यकाभित्रका नदी-नालाहरूमा फोहोरमैला फ्याक्ने कार्य, बालुवा निकाल्ने कार्य र मापदण्डविपरीत कुनै पनि प्रकारको घर-टहरा निर्माण गर्ने कार्य अविलम्ब रोक्नू र उक्त कार्यहरू रोक्नका लागि अनुगमन गर्न प्रभावकारी संयन्त्र निर्माण गर्नू भनी स्थानीय विकास मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, काठमाडौँ, भक्तपुर र ललितपुरका प्रमुख जिल्ला अधिकारीहरू र काठमाडौँ महानगरपालिका, ललितपुर, उपमहानगरपालिका, भक्तपुर नगरपालिका र मध्यपुर ठिमी नगरपालिकाका नाममा रिट निवेदनको अन्तिम किनारा नहुन्जेलसम्म भनी मिति २०६८ साल वैशाख १९ मा जारी भएको अन्तरिम आदेश पनि मिसिल संलग्न रहेछ। तर, अन्तरिम आदेशसमेतको माग गरी पुनरावेदन अदालत पाटनमा राजु तामाङसमेतले गृह मन्त्रालयसमेतको विरुद्धमा दायर रिट निवेदनमा ... अदालतले दुवै पक्षलाई छलफलमा राखी अन्तरिम आदेश जारी हुने-नहुने सम्वान्धमा निर्णय गर्नु उपयुक्त हुने देखिएकोले सो प्रायोजनका लागि मिति २०६८।८।२५ गते ... छलफलको निमित्त उपस्थित हुन विपक्षीहरूलाई सूचना दिनु र सो अवधिसम्म निवेदकहरूलाई बसोबास गरिरहेको घर-टहरा नहटाउनू, नभत्काउनू, हटाउन नलगाउनू भनी विपक्षीहरूका नाउँमा मिति २०६८ साल मंसिर १८ गते अन्तरिम आदेश जारी गरेको आदेश पनि मिसिल संलग्न रहेछ।

२३. यसै विषयमा योम बहादुर सुब्बासमेतले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको विरुद्धमा मिति २०६८ मा श्री पुनरावेदन अदालत पाटनमा परमादेशयुक्त निषेधाज्ञा माग गरी दिएको रिटमा वाग्मती नदीको किनारासमेतका मापदण्ड विपरीत बनेका घर-टहराहरू हटाउन विपक्षीहरूले जारी गरेको सूचनासमेत रोकिपाऊँ भनी दिएको मुद्दाको निवेदक राजु तामाङसमेत विरुद्ध विपक्षी गृहमन्त्रालय सिंहदरबार काठमाडौँ समेतको निषेधाज्ञा मुद्दामा निवेदकहरूले बसोबास गरेको स्थानमा निर्विवाद हक स्थापित भएको नदेखिएकाले सुविधा र सन्तुलनको

सिद्धान्तले समेत निवेदनको अन्तिम टुङ्गो नलागेसम्मका लागि अन्तरिम आदेश गर्न मिलेन। तर, निवेदकहरूलाई हट्न दिएको ... सूचनाको अवधि बसोबास गरेको परिवारमा महिला, वृद्ध, नाबालक, बिरामी र अशक्तसमेत रहने हुँदा निवेदकहरूलाई उपयुक्त व्यवस्था गर्न सो अवधि न्यायसम्मत देखिन नआएकाले आजका मितिले ३५ दिनसम्मका लागि निवेदकहरूको बसोबासमा कुनै हस्तक्षेप नगरी यथास्थितिमा राख्नू भनी विपक्षीहरूको नाउँमा अन्तिरिम आदेश जारी गरिदिएको छ भनी मिति २०६८।८।२५ गते अदालतबाट आदेशसमेत भएको। निवेदकहरूको नाउँमा दर्ता स्रेस्ता कायम भएको नदेखिएकोले सुविधा सन्तुलनको सिद्धान्तसमेतबाट निवेदकहरूलाई मागबमोजिम पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३क(१) बमोजिम विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी गर्न मिलेन भन्ने मिति २०६८ साल माघ ८ गते भएको आदेश पनि मिसिल संलग्न रहेछ।

२४. निषेधाज्ञा माग गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौँमा दर्ता भई काठमाडौँ जिल्ला महाँकाल गाविस वडा नं ९ मा केन्द्रीय कार्यालय रहेको नेपाल बसोबास तथा बस्ती संरक्षण समाजका तर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत का.जि. महाँकाल गाविस वडा नं ९ बस्ने राजु तामाङसमेतले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को सचिवालय, सिंहदरवार काठमाडौँसमेतको विरुद्धमा पुनरावेदन अदालत पाटनमा रिट निवेदन दिएका। रिटमा, निवेदकहरूले दावी लिएको जग्गा निवेदकहरूलगायत सो स्थानमा बस्नेहरूको नभई वाग्मती, विष्णुमतीलगायत ती नदीहरूको सहायक नदी नालाहरूसमेतको नदी किनारको सार्वजनिक जग्गा भएकोले निवेदकहरू समेतको कानुन प्रदत्त निर्विवाद हक स्वामित्वको जग्गा नहुँदा उक्त जग्गाबाट हट्नको लागि प्रत्यर्थीहरूबाट मिति २०६८।८।१३ मा सार्वजनिक सूचना प्रकाशित गरेसमेतको काम-कारबाहीबाट कानुनको स्पष्ट उल्लङ्घन भएको नदेखिएको। यस स्थितिमा निषेधाज्ञाको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता नभएकाले सूचनाबमोजिम वा अन्य कुनै पनि कार्य गरी वैकल्पिक व्यवस्था नगरी प्रकाशित सूचनामा उल्लेख भएका बसोबास गरिरहेको स्थानबाट नहटाउनू, हटाउन नलगाउनू भनी प्रत्यर्थीहरू विरुद्ध नागरिक अधिकार ऐन, २०१२

को दफा १७(२) र न्याय प्रशासन ऐन २०४८ को दफा ८(२) बमोजिम निषेधाज्ञाको आदेश जारी गरिपाऊँ भन्ने निवेदकहरूको माग बमोजिम आदेश जारी गर्न मिल्ने अवस्था देखिन आएन । ... तसर्थ, माथि उल्लिखित आधार कारणबाट निवेदकहरूसमेत बसोबास गरेको स्थान नदी किनारको सार्वजनिक जग्गा निवेदकहरू समेतको कानुन प्रदत्त निर्विवाद हक स्थापित भएको नदेखिँदा निवेदकहरूको निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न मिलेन । प्रस्तुत निवेदन माग दावी खारेज हुने ठहर्छ भनी मिति २०६८ साल माघ २५ गते भएको आदेश पनि मिसिल संलग्न रहेको देखिन्छ ।

२५. उल्लिखित अवस्थाहरूमा पनि काठमाडौँ उपत्यकाका नदी किनारालगायत विभिन्न स्थानहरूमा बसोबास गर्दै आइरहेका सुकुम्बासी बस्तीमा विद्यालय खोल्न अनुमति दिएको, काठमाडों महानगरपालिका, लुमन्ती आवासको लागि सहयोग समूह नेपाल बसोबास बस्ती संरक्षण समाज र नेपाल महिला एकता समाजबीच महानगर क्षेत्र तथा त्यसको आसपास बसोबास गरिरहेका सुकुम्बासीहरूको सुरक्षित आवासको दीर्घकालीन व्यवस्था गर्न सम्पन्न भएको करारपत्र, नेपाल विद्युत् प्राधिकरण काठमाडौँका कार्यालयबाट विद्युत् जडान गर्न अनुमति दिइएको, काठमाडौँ महानगरपालिका कार्यालयबाट बस्तीका व्यक्तिहरूलाई घरतला थप गर्न स्वीकृत दिइएको, सुकुम्बासी टोलको नाममा निर्वाचन आयोगबाट मतदाता परिचयपत्र वितरण भएको, काठमाडौँ जिल्लाको ठेगानामा, काठमाडौँ जिल्ला प्रशासन कार्यालयबाट नेपालको नागरिकता प्रमाण पत्र वितरण भएको, विभिन्न राजनीतिक पार्टीका कार्यकताहरूले भूमिहीन सुकुम्बासीहरूको न्यायोचित व्यवस्थापन हुनुपर्ने सम्बन्धामा आ-आफ्नो पार्टीको तर्फबाट प्रतिबद्धता जाहेर गरिएका पत्र दिइएको लगायतका कागजातहरू उजुरीमा संलग्न रहेको देखिन्छ । यतिमात्र हैन काठमाडौँ महानगरपालिका, लुमन्ती आवासको लागि सहयोग समूह, नेपाल बसोबास बस्ती संरक्षण समाज र नेपाल महिला एकता समाजबीच महानगर क्षेत्र तथा त्यसको आसपास बसोवास गरिरहेका सुकुम्बासीहरूको सुरक्षित आवासको दीर्घकालीन व्यवस्था गर्न भनी सरकारी तथा गैससका प्रतिनिधिबाट करारपत्र सम्पन्न भएको पनि मिसिल संलग्न कागजात अध्ययनबाट देखिन्छ ।

२६. वर्षौंदेखि चुनौतीपूर्ण रूपमा नेपाली सुकुम्बासीहरूको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्यलगायतका समस्याहरू समाधानको लागि नेपाल सरकारबाट विगतमा पनि विभिन्न प्रयासहरू भएको पाइन्छ। सुकुम्बासी समस्या र समाधानको लागि विगतमा बनेका उच्चस्तरीय आयोगलगायत विभिन्न निकायले समय समयमा विभिन्न सुझाव र सिफारिसहरू नेपाल सरकारलाई पेस गरेको भए तापनि त्यसको पूर्ण समाधान हुन नसकेको अवस्था रहेको छ । ... काठमाडौँ जिल्लाभित्र वाग्मती करिडोरलगायतका क्षेत्रहरूमा सहरको व्यवस्थित बसोबास व्यवस्थापन र वातावरण संरक्षण, वाग्मती नदी सरसफाइ गरी वाग्मती नदी किनारमा युएन पार्क निर्माण गर्ने भन्ने सरकारको योजना रहेको मिसिल अध्ययनबाट देखिन्छ । सोबमोजिम काठमाडौँ उपत्यकाभित्र वाग्मती र यसका सहायक नदी नालाहरूलाई संरक्षित र प्रदूषणमुक्त बनाउने अभिप्रायले नेपाल सरकारले मिति २०६६ श्रावणमा वाग्मती कार्ययोजना २०६६-७१ स्वीकृत गरेको देखिन्छ । नदीलाई प्रदूषण तथा अतिक्रमणबाट बचाउने उद्देश्यले नदी किनारामा काठमाडौँ उपत्यका नगर विकास समितिले काठमाडौँ उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गाविसहरूमा गरिने निर्माणसम्बन्धी मापदण्ड २०६४ विपरीत बनेका संरचनाहरू एवम् सार्वजनिक जग्गाहरूमा अतिक्रमण गरी बनाइएका संरचनाहरूले अवरोध सृजना गरिरहेकोले यसले वाग्मती नदीमा प्रदूषण गरेकोले नापी नक्साबाट कायम रहेको नदीको छेउमा जोडिएका जग्गाहरूमा अतिक्रमण गरी बनाइएका संरचनाहरू हटाउनको लागि २०६८ साल मंसिर १३ गते वाग्मती नदी र यसका सहायक नदी नालाहरूका किनारमा रहेका अतिक्रमित संरचनाहरू पाँच दिनभित्र हटाउने बारेको अत्यन्त जरुरी सूचना जारी गरेको देखिन्छ। तर त्यसको वैकल्पिक व्यवस्थाका बारेमा केही बोलिएको देखिँदैन।

२७. **नेपाल संयुक्त राष्टसङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को पक्षराष्ट्र भएको हैसियतले उक्त प्रतिज्ञापत्रमा उल्लेख गरिएका व्यवस्थाहरूको पूर्ण पालना गर्ने प्रमुख दायित्व राज्यको रहन्छ । कानुन विपरीत सरकारी जग्गा अतिक्रमण गरी बसोबास गरिरहेका बस्ती हटाउने विषयमा कुनै विवाद नरहेतापनि सरकारले वास्तविक सुकुम्वासीहरूका लागि हटाउनुपूर्व वैकल्पिक व्यवस्था**

**गर्नुपर्ने देखिन्छ। उक्त बस्ती हटाउँदाको अवधिमा हटाउनुपूर्व पनि मानव अधिकारको पूर्ण पालना हुनुपर्दछ । बसोबास गरिरहेका व्यक्तिहरू खासगरी ज्येष्ठ नागरिक, बिरामी, अशक्त व्यक्तिहरू, अपाङ्गता भएका व्यक्तिहरू, गर्भवती र सुत्केरी महिलाहरू, बालबालिकाहरूको सम्बन्धमा विशेष व्यवस्थाहरू गर्नुपर्ने हुन्छ ।** सरकारले वास्तविक सुकुम्बासीहरूको पहिचानका लागि लगत सङ्कलन कार्यक्रम र राहत वितरणको कार्यक्रम ल्याएतापनि त्यति प्रभावकारी नभएको देखिन्छ । यस अवस्थामा पेस भएको मिसिल संलग्न कागजातहरूको अध्ययनबाट निम्न विषयहरूमा निर्णय दिनुपर्ने देखियो ।

क) सुकुम्बासी भनेको को हो ? यिनको पहिचानका कानुनी आधार के हुन्?

(ख) आफ्नो स्वामित्वमा न रहेको जग्गामा घर-टहरा बनाई बसोबास गर्दैमा त्यसबाट के कस्तो हक-अधिकारको सिर्जना हुन्छ ?

ग) सुकुम्बासीले बनाएको घर-टहरा बल प्रयोग गरी सरकारले भत्काउँदा के कस्ता अधिकारको हनन हुन्छ ?

घ) सुकुम्बासीहरूको हकहितमा उत्पन्न समस्यालाई मानवीय मूल्य-मान्यताअनुसार के कसरी समाधान गर्नुपर्ने हो ?

२८. पहिलो प्रश्न सम्बन्धमा विचार गर्दा नेपाल कानुनमा सुकुम्बासीको स्पष्ट पहिचान हुने गरी कहीँ कतै परिभाषा गरिएको पाइँदैन । प्रयोगात्मक नेपालीको शब्दकोष (प्रधान सम्पादक हेमाङ्ग राज अधिकारी र सम्पादक बद्री विशाल भट्टराई) २०६३ सालको दोस्रो संस्करणमा देशमा आफ्नो वा बावुबाजेको नाममा कुनै घर, जग्गा आदि नभएको व्यक्ति जनाउँछ भन्ने छ। यद्यपि शब्दकोषको अर्थ र अवधारणा कानुनीरूपमा मान्नुपर्ने बाध्यता छैन तर पनि कानुनमा स्पष्ट परिभाषा नगरिएको स्थितिमा सामान्य प्रचलनमा रहेको उपर्युक्त शब्दकोषको अवधारणा ग्रहण गर्न नमिल्ने देखिँदैन । उल्लिखित अर्थलाई आधार मान्दा **वर्तमान सन्दर्भमा आफ्नो वा आफ्नो परिवार वा अंसियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल राज्यभर कुनै पनि ठाउँमा घरजग्गा नभएका वा घरजग्गा जोड्न सक्ने स्रोत साधन नभएका नेपाली नागरिक व्यक्ति वा परिवारलाई सुकुम्बासी भन्न सकिन्ने देखिन्छ।**

२९. दोस्रो प्रश्नतर्फ विचार गर्दा अचल

सम्पत्ति अर्थात् जग्गा जसको नाउँमा दर्ता हुन्छ स्वामित्व पनि त्यही व्यक्तिको हुने कानुनी व्यवस्था देखिन्छ। आफ्नो स्वामित्व नरहेको जग्गामा घर-टहरा बनाउनु गैरकानुनी मानिन्छ । ...। सरकारी स्वामित्वमा रहेको जग्गामा त्यस्तो किसिमको निर्माण कार्य गर्दा निर्माण गर्ने व्यक्तिको हक-अधिकार त्यस्तो जग्गामा कायम हुन सक्ने व्यवस्था पाइँदैन । यस्तो अवस्थामा सरकारले ... जग्गा खाली गराई आफ्नो कब्जामा लिन सक्दछ। घर-टहरा बनाई कानुनी प्रक्रिया नै नअपनाई विद्युत् लाइन जडान गर्ने, तथा खानेपानीको लाइन जडान गराएको वा बालबालिकाको पठन पाठनका लागि पाठशाला बनाई उपभोग गरेको आधारमा व्यक्तिको हक-अधिकार कायम भयो भन्न सकिने व्यवस्था पनि देखिँदैन । ... व्यक्तिले गर्न पाउँदैन। मालपोत ऐनको व्यवस्थाले सरकारी जग्गा व्यक्ति विशेषले आफ्नो नाउँमा दर्ता गराएको भए पनि मालपोत अधिकृतले त्यस्तो दर्ता बदर गर्न सक्ने प्रावधान रहेको पाइन्छ। कानुनले स्थापन गरेको सिद्धान्तअनुसार त्यस्तो जग्गामा बसोबास गर्ने व्यक्तिको हक-अधिकार हुँदैन । हकदैयाको अभावमा त्यस्तो व्यक्तिलाई उजुरी गर्ने अधिकार पनि हुँदैन । कानुनीरूपमा स्थापित नभएको अधिकार हनन हुने अवस्था पनि हुँदैन । माथिका प्रकरणहरूमा उल्लेख भएका अदालतका आदेशहरूबाट पनि सोही निष्कर्षमा पुग्नुपर्ने अवस्था देखिँदा कानुनीरूपमा आफ्नो स्वामित्वमा नरहेको जग्गामा घर-टहरा बनाई बसोबास गर्दैमा त्यसबाट हक-अधिकारको सिर्जना हुन सक्छ भन्ने अवस्था देखिएन।

३०. तेस्रो प्रश्नतर्फ विचार गर्दा नेपालमा सुकम्वासीको समस्या नयाँ होइन । विगतमा सुकुम्बासी समस्या समाधान गर्न नेपाल सरकारले विभिन्न वेलामा उच्चस्तरीय आयोग गठन गरेको, आयोगले सुकुम्बासीहरूको लगत सङ्कलन गरी जग्गा वितरण गरेको, त्यसमा केही विवाद उत्पन्न हुँदा उजुरी लिई आयोगले विगतमा निर्णय गरी निपटारा गर्दै आएको पनि अभिलेखबाट देखिन्छ। तथापि सुकुम्बासीको समस्या समाधान हुन सकेको छैन । देशका विभिन्न भागमा यो समस्या ज्यूँका त्यूँ कायम छ । हुँदाहुँदै राजधानीमा बग्ने खोलाहरूको किनारका सरकारी जग्गाहरू सुकुम्बासी भनी अतिक्रमित भई घर बनेका देखिन्छन्। यसरी बनेका घर-टहरामा बसोबास गरेका व्यक्तिहरूको घर-टहरा हटाउन लगाई काठमाडौं

जिल्लाभित्र वाग्मती करिडोरलगायतका क्षेत्रहरूमा सहरको अव्यवस्थित बसोबास व्यवस्थापन र वातावरण संरक्षण, वाग्मती नदी सरसफाइ गरी वाग्मती नदी किनारमा यूएन पार्क निर्माण गर्ने भन्ने सरकारको योजना रहेको देखिन्छ । ...। नदी सरसफाई तथा नदी किनारका अतिक्रमित जग्गा खाली गराउन सरकारले निर्धारित गरेको अभियानलाई अगाडि बढाउने क्रममा २०६८ साल मंसिर १३ गते वाग्मती नदी र यसका सहायक नदी नालाहरूका किनारमा अतिक्रमित संरचनाहरू पाँच दिनभित्र हटाउनेबारेको जारी अत्यन्त जरुरी सूचना मिसिल संलग्न रहेको देखिन्छ । अतिक्रमित जग्गा खाली गराउन सरकारले बस्तीका घर-टहराहरू हटाउने सम्बन्धमा पुनरावेदन अदालत पाटन र सर्वोच्च अदालतमा विभिन्न मितिमा सुकुम्बासी बस्तीका घर-टहरा हटाउने सम्बन्ध लगायतमा काठमाडौँ उपत्यकाको वाग्मती नदीमा स्वच्छता कायम गर्न गराउने बारे आवश्यक र प्रभावकारी व्यवस्था गर्नेबारे आदेश, फैसला भएको मिसिल संलग्न रहेको देखिन्छ। वाग्मती करिडोरमा रहेका सरकारी जग्गामा जे जस्तो आधारमा भोगाधिकार कायम रहेको देखाउने प्रयोजनका निमित्त त्यहाँ घर-टहरा, पक्की घर बनाई बसोबास गरेका व्यक्तिहरूले सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, कसैलाई हक-अधिकार हस्तान्तरण गर्न पाउने अधिकार देखिँदैन । यसबाट अन्तरिम संविधान २०६३ को धारा १९(१) ले प्रदान गरेको मौलिक हक हनन भयो भन्न मिल्दैन तर घर-टहरा हटाउने क्रममा नागरिकहरूको आवास, शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षालगायतका अधिकार हनन हुन जाने निश्चित छ। यस्तो कार्यबाट ज्येष्ठ नागरिक र बालबालिका नकारात्मक रूपमा प्रभावित हुनुपर्ने देखिन्छ।

३१. चौथो प्रश्नतर्फ विचार गर्दा मिति २०६९।१।२६ गते थापाथलीस्थित वाग्मती नदी किनारका सुकुम्बासी बस्तीमा डोजर प्रयोग गरी बस्तीका घर-टहराहरू भत्काइएको, सुरक्षाकर्मीहरूद्वारा घर-टहराहरू भत्काउनु अगाडि सुकुम्बासी बस्तीमा बसोबास गर्दै आइरहेकाहरूलाई आ-आफ्ना घर-टहराहरू भत्काउनुपूर्व घर-टहराहरूबाट सामानहरू हटाउनका लागि माइकिङ गरिरहेको अनुगमन टोलीको रिपोर्टबाट देखिन्छ भने घर-टहराहरू भत्काउनु पूर्व घर-टहराहरूबाट हटाएका सामानहरू अव्यवस्थित तरिकाले नजिकै खुला स्थानमा

राखिएको, सो बस्तीका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिहरू, बिरामी, अशक्त, गर्भवती र सुत्केरी महिलाहरू, बालबालिकाको पठन-पाठनको हकमा प्रभावकारी वैकल्पिक व्यवस्थाहरू नगरिकन बस्ती हटाइएको देखिन्छ । वाग्मती करिडोरमा पार्क बनाउनको लागि राखेका जग्गा अतिक्रमित गरी घर-टहरा बनाउने बेलामा रोक्नुपर्नेमा सो नगर्नु, कानुनसङ्गत आधार प्रमाणविना नै त्यस ठाउँमा बसोबास देखाई नागरिकताको प्रमाणपत्र दिनु, पक्की घर बनाउनलाई महानगरपालिकाले स्वीकृत दिनु, वा यस्तै कानुन निषेधित कार्य गरी जुनसुकै कार्यालय वा पदाधिकारीबाट जस्तोसुकै प्रमाण प्राप्त गर्दैमा जग्गामा स्वामित्व कायम हुन नसक्ने निश्चित छ । तर, त्यस ठाउँमा बसोबास गरेका व्यक्तिहरू नेपालकै नागरिक हुन् भन्ने कुरामा कुनै विवाद देखिँदैन । नेपालको अन्तरिम संविधान २०६३ को धारा १३(१) मा समानताको हक, सवै नागरिक कानुनको नजरमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था रहेको छ । संविधानको धारा ३३ (ज) मा राज्यको दायित्वमा शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभूता सवै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने व्यवस्था रहेको र सोही धाराको (झ) मा सुकुम्बासी, कमैया, हरुवा-चरुवालगायतका आर्थिक सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने व्यवस्था उल्लेख भएको छ । सामाजिक रूपले पिछडिएको आदिबासी जनजाति, मधेसी, दलितलगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ भन्ने अन्तरिम संविधानको धारा ३५को उपधारा १० मा उल्लेख भएको छ । त्यसै गरी सोही धाराको उपधारा १४ मा राज्यले महिला, अपाङ्ग, आदिवासी, जनजाति, मधेसी, मुस्लिमलगायत अल्पसङ्ख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्व पीडितका लागि विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ भन्ने उल्लेख भएको विषयलाई गम्भीर रूपमा लिइनुपर्दछ ।

३२. मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २५(१) मा प्रत्येक व्यक्तिलाई स्तरयुक्त जीवनको अधिकार छ जसअर्न्तगत परिवारको स्वास्थ्य र कल्याणका लागि पर्याप्त जीवनस्तरको अधिकार छ र

यसअन्तर्गत खाना, कपडा, घर तथा औषधोपचारका सुविधाहरू र आवश्यक सामाजिक सेवाहरू पनि सम्मिलित छन् । साथै बिरामी, असमर्थता, विधवापन, बूढेसकाल वा निजको नियन्त्रण बाहिरको अरू कुनै परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार छ भन्ने उल्लेख भएको छ । आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २ ले कुनै पनि अवस्थामा पनि कुनै नागरिकलाई उसको आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गरिने छैन । धारा ११(१)मा पक्ष राष्ट्रले प्रत्येक व्यक्तिको प्रर्याप्त भोजन, लुगा तथा आवाससमेत आफू स्वयं तथा आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीविकाको अवस्थाबारे निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन् भन्ने उल्लेख भएको छ। त्यसै गरी बाल अधिकारसम्बन्धी महासन्धि १९८९ को धारा २७(३) ले बालबालिकाहरूको हकअधिकार उनको पठनपाठन पोषणयुक्त खाना, लुगा कपडा, आवासबारे संवेदनशील भई कार्य गर्न पक्षराष्ट्र सदैव प्रयत्नशील रहनुपर्दछ भनेको छ । महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्वन्धी महासन्धि २००६ को धारा २८ ले पनि पर्याप्त जीवनस्तर, सामाजिक सुरक्षा र संरक्षणको व्यवस्था पक्षराष्ट्रले मिलाउनुपर्छ भन्ने उल्लेख भएको छ । नेपाल सरकारले उल्लिखित अन्तर्राष्ट्रिय महासन्धिहरू तथा प्रतिज्ञापत्रलाई अनुमोदन गरिसकेकाले ती महासन्धि तथा प्रतिज्ञापत्रहरूमा उल्लेख भएका व्यवस्थाहरूलाई अवलम्बन गर्न प्रतिबद्ध रहनुपर्ने देखिन्छ ।

३३. काठमाडौँ जिल्लाको वाग्मती किनारालगायत मुलुकका विभिन्न स्थानमा बसोबास गरेका सुकुम्बासीहरूको घर-टहरा हटाउने सरकारको निर्णयले आर्थिक ,सामाजिक अधिकारमा आघात पुग्न गएकाले न्योयाचित बैकल्पिक व्यवस्था गरी मानव अधिकारको संरक्षण गरिपाऊँ भनी आयोगमा उजुरी दर्ता भएको देखियो । यसमा वाग्मती करिडोरका सरकारी जग्गामा घर-टहरा बनाई बसोबास गरेका सुकुम्बासीहरूलाई हटाउने क्रममा प्रहरीले अपनाएका तरिकाबाट त्यहाँ बसोबास गरिरहेका सुकुम्बासीहरू विशेषगरी बालबालिका, गर्भवती महिला, जेष्ठ नागरिक, अशक्त व्यक्तिहरू प्रति ज्यादती भएको आयोगको टोलीले दिएको अनुगमन

प्रतिवेदनबाट देखियो । **वागमती नदी किनारमा सुकुम्बासीहरूले लामो समयदेखि बसोबास गरिरहेको भए तापनि कानुनीरूपमा उक्त स्थानमा उनीहरू स्वामित्व प्राप्तकर्ता व्यक्ति हुन नसक्ने र राज्यले कुनै पनि समयमा उक्त बसोबास गर्दै आएका सुकुम्बासीहरूले बनाएको घर-टहरा हटाउन सक्दछ । तर सुकुम्बासीहरूले घर-टहरा बनाउन सुरु गरेकै वेला सम्बन्धित अधिकारीले रोकथाम गर्नुपर्नेमा सो नगर्नु सम्बन्धित पदाधिकारीको गल्ती हो । घर-टहरा बनेका यतिका दिनपछि घर-टहरा भत्काउनु पूर्व मानवीय मूल्य-मान्यताका संवेदनशीलताको विचार गरी मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको मापदण्डलाई पालना गर्दै घर-टहरा भत्काउनुपर्नेमा सो गरेको देखिन आएन । घर- टहरा भत्काएकाले विस्थापित भएका सुकुम्बासीहरूको पहिचान गरी निजहरूको बसोबासको वैकल्पिक व्यवस्था मिलाएर मात्र निजहरू बसोबास गरेको सरकारी स्वामित्वमा रहेको जग्गा खाली गराउनुपर्ने तथा घर-टहरा भत्काउँदा उनीहरूलाई हुन गएको क्षतिको मूल्याङ्कन गरी क्षतिपूर्ति दिन र अन्य ठाउँको अतिक्रमित सरकारी जग्गा खाली गराउँदा माथि उल्लेख गरिएका मापदण्ड अपनाई मात्र अतिक्रमित जग्गा खाली गराउनेतर्फ कारबाही गर्न** नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

पेस गर्नेः

.............

(मायादेवी शर्मा)

मानव अधिकार अधिकृत

................ ..............

सदस्य सदस्य

...................

अध्यक्ष

इति संवत् २०६९ साल जेठ १ गते रोज २ शुभम् ................................. ।

## राष्ट्रिय मानव अधिकार आयोगको ठहर

सम्माननीय अध्यक्ष नयनवहादुर खत्री
माननीय सदस्य सुशीला सिंह शिलु
माननीय सदस्य सुदिप पाठक
माननीय सदस्य गोकुल पोखरेल
माननीय सदस्य डा. रामदयाल राकेश

**संवत् २०६२ सालको, क्षे.का. विराटनगर**

### विषय: गैरन्यायिक हत्या ।

**नेपालको विद्यमान कानुनअनुसार जोसुकै व्यक्तिले कसुर गरेको भए पनि पक्राउ गरी सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिई कानुनबमोजिम कारबाही (Due process of law) गर्नुपर्नेमा निज भीमप्रसाद पौडेललाई पक्राउ गरी प्रचलित कानुनबमोजिम कारबाही गर्नसक्ने अवस्था हुँदाहुँदै निशस्त्र रहेको अवस्थामा गोली हानी मारेको देखिन्छ। सुरक्षाकर्मीद्वारा गोली चलाउनु पर्नेसम्मको अवस्था सृजना भएको थियो भन्ने कुनै स्पष्ट आधारसमेत देखाउन सकेको पाइँदैन। सुरक्षाफौजको उक्त गैरकानुनी कार्यले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११, १२, १४ द्वारा प्रदत्त मौलिक हक–अधिकार, नागरिक अधिकार ऐन २०१२ को दफा १२, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा ६ समेतको उल्लङ्घन हुने ।** (प्रकरण नं. १४)

१. झापा जिल्ला शरणामति गाविस वडा नं. ४ भृकुटीचोक बस्ने वर्ष ४३ का भीमप्रसाद पौडेल टिबी र दम रोगले सिकिस्त बिरामी बुबालाई ... घरमा रुँगेर बसिरहेका थिए। यस्तैमा २०६२ साल असार ११ गते बिहान अन्दाजी चार बजेको समयमा सशस्त्र सुरक्षाकर्मीहरू आई गोली प्रहार गरी निजलाई मारि दिएकाले परिवारको पनि जीवन रक्षाको माग गर्दै निर्दोष व्यक्तिको हत्या भएकाले क्षतिपूर्ति दिलाई दोषीउपर आवश्यक कानुनी कारबाही गरिपाऊँ भन्ने ब्यहोराको निवेदन मृतकका ... को मिति २०६२।३।३० मा क्षेत्रीय कार्यालय विराटनगरमा निवेदन दर्ता भएको रहेछ । यस्तै नेपाल मानव अधिकार सङ्गठनका नाउँमा दिइएको उजुरी पनि झापा टाँघनडुव्वामा रमा अधिकारीको हत्याको घटनाको लागि

आयोगबाट अनुसन्धान टोली खटिई गएको समयमा मिति २०६२।४।०१ मा प्राप्त हुन आएको रहेछ।

२. उजुरी प्राप्त भएपछि मिति २०६२।४।४ मा आयोगको टोली अनुसन्धानको लागि खटिई गएको रहेछ। अनुसन्धानको क्रममा प्राप्त बयानमा घटना भएको दिन वेलुका मेरा श्रीमान्‌ले घरको थान्कोमुन्को गरी रातको करिब ९:०० बजे खाना खाइसक्नु भयो । त्यसपछि वहाँले बा सान्है हुनुहुन्छ, केटाकेटी घरमा सुत्न सक्छन् भने आज तिमी पनि बालाई रुँग्न हिँड भन्नुभयो । छोरीले हामीलाई डर लाग्छ भनेपछि वँहा मात्र बुबालाई रुँग्न जानुभएको हो । सोही रातको करिब ३:३० बजेको समयमा मैले घरको ओछ्यानबाट नै गोली पड्केको आवाज सुनेँ । त्यसवेला म घरबाहिर निस्कन सकिनँ । बिहान अन्दाजी ५:०० बजे ससुराको घरतर्फ आउँदै गर्दा स्कुलको चौरको सुरमा सुरक्षाफौजले रोकेर तँ को होस् भनी सोधपुछ गरे । मैले यस घरकी बुहारी हुँ भनेँ । मैले बिरामी ससुराको छेउमा पुगेर हेर्दा मेरो श्रीमान्‌लाई देखिनँ । त्यसपछि घरको माथिल्लो टाँडमा चढेर दैलाबाट हेर्दा घरपछाडि दक्षिणतर्फ कोठेबारीमा श्रीमान्‌लाई ढलेको देखेँ । त्यो दृश्य देखेपछि म बेहोस भएछु । बिहान करिब आठ बजेको समयमा आँगनमा लडाएको अवस्थामा वहाँको लासलाई देख्दा निधारमा गोली लागेको देखेँ । बिहान करिब एघार बजेतिर मेरो श्रीमान्‌लाई दाहसंस्कार गर्न लगियो । दाहसंस्कार गर्दा समेत ३२ जना सुरक्षाकर्मीले निगरानी गरेका थिए। हाम्रो परिवार खेती किसानी गरी खाने एक सर्वसाधारण परिवार हो। हाम्रो एउटा भतिजो माओवादी कार्यकर्ता २०६१।७।३० मा सुरक्षा कारबाहीमा मारिएको थियो । ऊ मारिनुपूर्व कहिले काहीँ घरमा आउने गर्दथ्यो। मेरा श्रीमान् माओवादी गतिविधिमा संलग्न हुनु हुन्नथ्यो । साधारण खेती किसानी गर्ने मान्छेमाथि के कारणले यस्तो घटना घटाई मेरा श्रीमान्‌लाई मारियो थाहा छैन। मेरो परिवारमा तीन जना नाबालक छोराछोरी छन्। कमाएर खाने आठ कट्ठा जग्गा छ। त्यही जोतेर परिवारको लालन पालन गर्ने मेरा श्रीमान्‌को हत्या भएपछि अब नाबालक छोराछोरीहरूसमेतको कसरी जीवन निर्वाह गर्ने ठूलो समस्या आइपरेको छ । मेरा निर्दोष श्रीमान्‌को हत्या भएको हुँदा मेरो परिवार चलाउने जिम्मा सरकारले लिनुपर्दछ। सरकारले क्षतिपूर्ति दिनुपर्दछ र सर्वसाधारण

व्यक्तिलाई गोली हानी हत्या गर्ने सुरक्षाकर्मीमाथि कारबाही गरिनुपर्दछ भनी उल्लेख भएको ... को बयान रहेछ।

३. घटना घटेको दिन म विराटनगर गएको थिएँ । विराटनगरबाट २:०० बजेतिर सुरुङ्गातिर फर्कँदा भिमलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे भन्ने खवर सुनेपछि डरले सो दिन शरणामती गइनँ । मिति २०६२।०३।१२ गते म चारआली गणमा आफै गएर भनेँ- २०६१।७।३० मा मेरो ... दिनेश भन्ने देवेन्द्र पौडेललाई मार्नुभयो । हिजो भीमलाई मार्नुभएछ । भीम हलो जोतेर नाबालक छोराछोरी पालन पोषण गरी खाएको निर्दोष मानिसलाई मारेर के हुन्छ भनी अपरेसन मेजरलाई राखेँ । मेजरले तपाईँको भीम माओवादी नै थियो । माओवादीहरूलाई खाना खुवाउँथ्यो । नत्रभए सुरक्षाफौज जाँदा किन भाग्नु ? साथै, तपाईँले सुरुङामा बनाउँदै गरेको घर देवेन्द्रले लुटेको पैसाले बनाउँदै हुनुहुन्छ रे, हामी अनुसन्धान गर्दै छौँ भन्ने जबाफ दिए । मैले इलाम जिल्लाको लक्ष्मीपुर गाविस वडा. नं. ३ मा भएको मेरो पैत्रिक सम्पत्ति बिक्री गरी सो घर निर्माण गरेको हुँ र नपुग रकम ऋण लिएको छु । मेरो बारेमा तपाईँहरूलाई सुराक दिने मान्छेलाई उपस्थित गराउनुहोस् । प्रमाण पुगेछ भने म मेरो घर आजैदेखि राज्यलाई हस्तान्तरण गरिदिन्छु । सुराकीले प्रमाण पुऱ्याउन सकेनन् भने मेरो घर निर्माण गर्दा लागेको ऋण उनले तिर्नुपर्छ भन्दा तपाईँ अहिले जानुस् । हाम्रा मान्छे आउँदा तपाईँहरू नडराउनुहोस् । सोधेको कुरा उत्तर दिनुहोस् भन्ने जबाफ पाएँ । त्यसपछि मैले बन्दुकले नै राज्य सञ्चालन गर्नुहुन्छ भने तपाईहरूसँग जनता अवश्य नै डराउँछन् । त्यति भनी सो दिन सुरुङा आएँ र २०६२।३।१३ गते बिहान शरणामती–४ मा ... बुबाको घरमा गएँ । त्यहाँ पुगेपछि ... को हत्या भएकाले उनको श्रीमति र नाबालक छोरा किरियामा बसेको पाएँ । भीमको पाँच जनाको परिवार चौध घण्टा खटेर बिहान वेलुका छाक टार्न धौधौ परिरहेको अवस्थामा जीवन निर्वाह गरिरहेको सर्वसाधारण मान्छेलाई माओवादी भनेर सुराकीको आधारमा मारियो । बिरामी बुबालाई रुङिरहेका व्यक्तिलाई सुरक्षाकर्मीले माओवादी नै भए पनि पक्राउ गरी कानुनी कारबाही गर्नुपर्नेमा सो नगरी ४३ वर्षको मानिसलाई भाग्न प्रयास गरेको भनी गोली ठोकी हत्या गर्नु राज्यको दायित्वभित्र पर्ने कुरा होइन । अब उप्रान्त मेरो र मेरो परिवारको ज्यु-धन तथा सम्पत्तिको समेत रक्षा गरिदिन

राष्ट्रिय मानव अधिकार आयोगसमक्ष अनुरोध गर्दछु भन्ने समेतको ... को मिति २०६२ श्रावण ५ गतेको भनाइ ।

४. झापा जिल्लाको शरणामति गाविस वडा नं. ४ भृकुटीचोक निवासी भीम प्रसाद पौडेलका बाबु ... सिकिस्त बिरामी रहेकोले रातको समयमा गाह्रो पर्न सक्छ, पालो गरी बाबुलाई रुँग्न बसौँ भनी मलाई निज भीम प्रसादले बोलाएकोले घटना भएको दिन म निजका बिरामी बुबालाई रुँग्न गएको थिएँ । घरमा गई घरको तल्लो टाँडमा बिरामीलाई सुताएकै ठाउँमा सँगै बसेको थिएँ । सो दिन रातको झन्डै ३:०० बजेको समयमा एक्कासी एक जना सादा पोसाकका सुरक्षाकर्मी हामी सुतेको टाँडनजिकै आएर बोलाएपछि हामी उठ्यौँ । ती सुरक्षाकर्मीले हाम्रो नाम सोधेपछि हामीले हाम्रो नाम पनि बताइदियौँ । नाम भनिसकेपछि सुरक्षाकर्मीले हामीलाई आँगनमा ओर्लन लगाए । उनी ओर्लेको लगत्तै आँगनमा भएका सुरक्षाफौजले भाग्यो भाग्यो भन्न थालेको आवाजसँगै घरको पछाडि पूर्व दक्षिणतर्फ पुटुटु गरेको गोलीको आवाज सुनियो । यसपछि फेरि तीनवटा फायरिङ गरेको आवाज सुनियो । त्यसपछि मलाई र निज भीम प्रसादका भाइ ... लाई टाँडबाट आँगनमा ओराली छुट्टाछुट्टै सोधपुछ गरियो । मलाई भीमप्रसाद पौडेल माओवादी हो होइन भनी सोधियो । मैले निज सर्वसाधारण व्यक्ति हुन् । उनी आफ्नो घर खेती गरी खाने मान्छे हुन् भनी जबाफ दिएँ । मलाई र घर परिवारका मान्छे कसैलाई पनि लास ढलेको ठाउँमा जान दिइएन । बिहान करिब आठ बजेतिर छरछिमेकी जम्मा भई हेर्दा लास कोल्टो परेर ढलेको अवस्थामा निधारमा र घाँटीमा गोली लागेको देखियो । घटना घटिसकेपछि सुरक्षाकर्मीले घरको खानतलासी लिए । तर, घरबाट कुनै हात हतियार, सकेट बम तथा कुनै दस्तावेज केही प्राप्त गरेनन् । मृतकलाई सुरक्षाकर्मीले पक्राउ गर्नुपर्दथ्यो । पक्राउ गर्नसक्ने अवस्था थियो, तर एक्कासी सुरक्षाकर्मीद्धारा गोली प्रहार गरी मारियो । निज भीम प्रसाद पौडेलका भतिजा नाताका माओवादी कार्यकर्ता मिति २०६१।७।३० मा सुरक्षा कारबाहीमा मारिएका थिए । निज मारिनुअघि वेलाबखत हजुरबालाई हेर्न आउने गर्दथे । सोही आशङ्कामा निज भीम प्रसाद पौडेललाई मारिएको हो भन्ने मृतकका छिमेकी तथा घटनाका प्रत्यक्षदर्शी ... को मिति २०६२ श्रावण ५ गतेको बयान ।

५. म ओछ्यानमा सुतिरहेको समयमा मिति

२०६२।०३।११ गते बिहान अन्दाजी ३:३० बजेको समयमा पटट आवाज सुनियो । के भएछ भनी जुरुक्क उठेँ । त्यसपछि पनि तीन पटक ठ्याङ्ग/ठ्याङ्ग आवाज आयो, तर बाहिर ननिस्कीकन ओछ्यानमै बसिरहें । बिहानको करिब ५:१५ बजेतिर उठेर बाहिर ट्युवेलमा निस्कँदा चारपाँच जना सेना र सशस्त्रको ड्रेस लगाएको सुरक्षाकर्मी मेरो घरमा पुगेर घरमा को हुनुहुन्छ भनेर सोधे। मैले हाम्रो घर परिवारको बारेमा बताएँ। मलाई भीम पौडेललाई चिन्नुहुन्छ भनी सोधे । मैले कहाँको भीम पौडेल भनी सोधेपछि स्कुल छेउको भनी जबाफ दिए । मैले किन नचिन्नु गाउँको मान्छेलाई भनी जबाफ दिएँ। ऊ कस्तो मानिस हो भनी फेरि प्रश्न गरे र मैले ऊ खेती किसान गर्ने मानिस हो। खेतीमा हलो बोकेर यतैबाट हिँड्छ भनी जबाफ दिएँ । फेरि मलाई ऊ कहिलेदेखि माओवादी भएको हो भनी प्रश्न गरियो। मैले त्यो मलाई थाहा छैन, ऊ खेती किसान गर्ने मान्छे हो भनी पुनःजबाफ दिएँ । सो जबाफ दिएपछि त्यहाँ घटना भयो तपाईं गाउँलेहरू एकछिन भेला हुनु पऱ्यो भनी भनेकोले म मुख कुल्ला गरेर आउँछु भनेर कुल्ला गरिसकेपछि घटना घटेको घरमा गएँ। पछि घटना भएको घरमा चारपाँच जनाको समूहमा रहेका सुरक्षकर्मीले एक–आपसमा सोचेको परेन अर्कै पर्‍यो भनेर कुरा गरेको सुनें । सो दिन पहिला २०/२५ जना सुरक्षाकर्मी र पछि दस-एघार बजे १५० जना जतिको सङ्ख्यामा सुरक्षाकर्मी आएका थिए । सो टोलीमा सादा पोसाकका सुरक्षाकर्मी पनि थिए। भन्ने ... बस्ने ... को मिति २०६२ श्रावण ५ गतेको बयान।

६. आषाढ ११ गते बिहान अन्दाजी ३.३० बजेको समयमा घरको पूर्वपट्टिको झ्यालबाट फायरिङ भएको आवाज सुनियो । करिब ४ बजे तिर दुई जना सशस्त्र र एक जना आर्मीका सुरक्षाकर्मी मेरो घरमा गई एक छिन तल आउनुहोस् भनी मलाई बोलाए। म कपडा लाएर तल ओर्लेपछि ल जाऔँ स्कुलतिर भनेर लिएर गए । स्कुलतर्फ बाटामा जाँदै गर्दा माओवादी कत्तिको आउछन्? के के गर्छन् ? विदेशबाट आएको छोराले ल्याएको पैसाबाट कति चन्दा दिनुभयो भनी मलाई प्रश्न गरे। मैले खै आएका पनि छैनन्, हामीले चन्दा पनि दिएका छैनौं भनी जबाफ दिएँ। घटना भएको घरमा पुगेपछि तपाईं पनि बस्नुस् भने । घरमाथि चढेर हेर्दा लास लडेको देखें। गाउघरका धेरै मान्छे जम्मा भए । केटाकेटीहरू रुन कराउन

थाले। पुलिसको असहीलाई तपाईँहरूले अनर्थ गर्नुभयो भन्दा नभागेको भए हान्ने थिएनौँ । तलाई घेरा हालेको छ नभाग भन्दा नमानेर भागेपछि सेनाले गोली फायरिङ गरेको हो भन्यो। ओछ्यानमा पक्रेर उठाएको मान्छे कसरी भाग्यो ? निर्दोष मान्छे मार्नुभयो भनेर पटक-पटक भनेँ। म भु.पू. ... प्रतिनिधि हुँ; क्षतिपूर्ति दिइन्छ दिइँदैन भनेर सोध्दा त्यो थाहा भएन तर एकपटक चारआली आउनुहोस् भनेर जबाफ दिए। तपाईँहरू पोस्टमार्टम गर्नुहुन्छ कि सद्‌गत गर्नुहुन्छ भनेपछि लास कहाँ छ भनी सोधेँ र उनीहरूले लास बारीमा रहेको ईसारा गरी देखाए भन्ने मृतकका ... को मिति २०६२ श्रावण ५ गतेको बयान।

७. आषाढ ११ गते बिहान चाडै नुहाई-धुहाई गरेर घरको तलपट्टि गाईका लागि दाना बनाउदै थिएँ । मेरो घर घटनास्थलबाट ... मिटर ... मूल सडकमा छ। सो समयमा सातआठवटा गोली पड्केको आवाज सुनेँ। जसमध्ये दुईवटा गोलीको आवाज अलि फरक थियो । त्यो नै निजमाथि चलाइएको गोली हुन सक्छ । गोली पड्कँदा चौरीमा लडाइँ भए जस्तो लाग्यो। अलि उज्यालो भएपछि राँगा लिएर खेतमा जाँदै गर्दा सुरक्षाकर्मीहरूले तपाईँ राँगा वाधेर यता आउनुस् भने। म पनि राँगा बाँधेर आएँ र अरू मान्छेहरू पनि आए। केही सुरक्षा फौज लास राखेको ठाउँमा कुरिरहेका थिए । बीस गज परैबाट हेर्नुस् लास; नजिक जान पाइँदैन भनेर जान दिएनन्। परबाट हेर्दा लास घोप्टे परेर कोल्टो परेको थियो। तपाईँहरूले गोली चलाउनुभयो अब के गर्नुहुन्छ भनेर सोद्धा केही बोलेनन् । निजबाट माओवादीसम्बन्धी केही दस्तावेज र सामानहरू बरामद भएको देखिनँ भन्ने ... बस्ने वर्ष ७३ का ... को मिति २०६२ श्रावण ५ गतेको बयान।

८. भीमप्रसाद पौडेल माओवादी गतिविधिमा संलग्न भएको मान्छे हो । हामीले निजको गतिविधिबारे सूचना पाएपछि सो क्षेत्रमा search operation गराएको हो । घटनाका दिन सुरक्षाफौज निजको घर पुग्दा निजले सुरक्षा घेरा तोडी भाग्ने कोसिस गऱ्यो। सुरक्षाफौजले हल्टभन्दा पनि नमानेकोले गोली चलाउँदा निजको मृत्यु भएको हो। लाससद्‌गत गर्न निजका आफन्तलाई वुझाइएको हो । पोस्टमार्टम गरिएन, अन्य कागजपत्र मुचुल्काहरू गरिएको छ भन्ने ब्यहोराको सहायक प्रमुख जिल्ला अधिकारी प्रेमनारायण शर्मा, जबरजङ्ग गण चाआरलीका कर्णेल

सुरेश कार्की, जिल्ला प्रहरी कार्यालय झापाका एस.पी. केशरीराज घिमिरे र अनुसन्धानका एस.पी. मीनबहादुर के.सी.ले संयुक्तरूपमा घटनाका बारेमा दिएको जानकारी।

९. मिति २०६२ आषाढ ११ गते बिहानकरिब ३.३० बजेको समयमा search operation मा करिब १००/१५० को सङ्ख्यामा आएका संयुक्त सुरक्षाफौजले बिरामी बुबालाई रुँगेर बसेको घरलाई घेराउ गरी दुई जना सादा पोसाकका सुरक्षाकर्मी घरको आँगनमा आई सुतिरहेका मानिसलाई बाहिर बोलाए । सुरक्षाकर्मीले बोलाएपछि निज भीमप्रसाद पौडेल उठेर आँगनमा ओर्लिएर आफ्नो परिचयसमेत दिइसकेपछि निजलाई पक्राउ गर्नुपर्ने भए तत्काल पक्राउ गर्नुपर्नेमा सुरक्षाकर्मीले घरको पूर्व-दक्षिणतर्फ लगी गोली हानी मारिएको देखिन्छ। सो घटनाका सम्बन्धमा प्रत्यक्षदर्शी र सुन्नेजान्ने आदिका बयान तथा भनाइबाट समेत यस कुराको पुष्टि हुन्छ । भीमप्रसाद पौडेललाई गोली हानी निजको मृत्यु भइसकेपछि बिरामी रुँग्न सँगै सुतेका ... लाई सुरक्षाकर्मीद्वारा निज भीमप्रसाद पौडेल माओवादी भए-नभएको, निजको घरमा माओवादी आउने गरेको-नगरेको सोधपुछ गरेकोमा निज सर्वसाधारण खेती किसानी गर्ने मानिस भएको र निजको भतिजो नाताका माओवादी कार्यकर्ता मिति २०६१।७।३० मा सुरक्षाकर्मीको कारबाहीमा मारिएका, निज मारिनुभन्दा अघि बेलाबखत हजुरबालाई हेर्न आउने सम्म गरेको तर भीमप्रसाद पौडेल त्यस्तो गतिविधिमा संलग्न नभएको जबाफ सुरक्षाकर्मीलाई दिएको र घर खानतलासी लिँदा समेत घरबाट माओवादी सम्बन्धी कुनै दस्तावेज फेला नपरेको घटना घटिसकेपछि घटनास्थलमा जम्मा हुन सुरक्षाकर्मीद्वारा गाउँलेहरूलाई बोलाइएको जम्मा गरिएका गाउलेहरूसँग निज भीमप्रसाद पौडेलको बारेमा सोधिँदा निज खेती किसानी गर्ने मानिस हुन्; माओवादी गतिविधिमा संलग्न रहेको वा भएको कुरा देखिएको थिएन भन्ने भनाइ सुरक्षाकर्मीलाई राखेको । घटना बारेमा देख्ने-वुझ्ने मानिसहरूको भनाइसमेतले सुरक्षाकर्मीको भीमप्रसाद पौडेलमाथि भाग्न लाग्दा कारबाही गरिएको कुरालाई खण्डन गर्दछ । घटनास्थलमा चारपाँच जनाको समूहमा रहेका सुरक्षाकर्मीले भीमप्रसाद पौडेलमाथिको कारबाहीलाई सोचेको मान्छे परेनछ भनी एकआपसमा कुराकानी गरेको सुनेको भनी घटनाबारेमा

वताउने व्यक्तिको भनाइबाट समेत गलत सूचनाको आधारमा सुरक्षाकर्मीद्वारा भीमप्रसाद पौडेललाई गोली हानी मारिएको थप पुष्टि हुन आउँछ भन्ने आयोगको अनुसन्धान टोलीको मिति २०६२ श्रावण २४ को अनुसन्धान प्रतिवेदन।

१०. उक्त घटनाकासम्बन्धमा अनुसन्धान गर्न गएको टोलीले मिति २०६२।४।५ मा थप जानकारी लिन खोज्दा सहायक प्र.जि.अ.लगायत सुरक्षा निकायका प्रमुखहरू सीमासम्बन्धी बैठकमा भारततर्फ गएकाले थप जानकारी दिन सम्बन्धित निकायका कर्मचारीले असमर्थता जनाएको र घटनासम्बन्धी सम्पूर्ण विवरण तथा जानकारी उपलव्ध गराइदिन जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालय झापालाई मिति २०६२।४।७ मा लेखिएको पत्रको जबाफ मिति २०६२।४।२४ सम्म पनि प्राप्त नभएकोले यस कार्यालयबाट पुनः मिति २०६२।४।२५ मा ताकेता पत्र लेखिएको । मिति २०६२।५।१४ मा जिल्ला प्रहरी कार्यालय झापाबाट राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगरलाई प्राप्त पत्रमा मिति २०६२।३।११ गते रातीको ३ः३० बजेको समयमा सुरक्षाफौजको सर्चको क्रममा सुरक्षाफौजको घेरा तोडी भाग्न गएको हुँदा सुरक्षाफौजको कारबाहीमा निजको टाउको र ढाडमा गोली लागि मृत्यु हुन गएको भन्ने जबाफ प्राप्त भएको रहेछ।

११. मिति २०६२ साल असार ११ गते राती अन्दाजी ३ः३० बजेको समयमा झापा जिल्ला शरणामति गाविस वडा नं. ४ बस्ने वर्ष ४३ को भीमप्रसाद पौडेललाई सुरक्षाकर्मीहरूले घर घेरा हाली घरबाट बाहिर बोलाई परिचय मागी परिचय दिइसकेपछि भाग्न लगाई गोली प्रहार गरी मारिएकाले परिवारको जीवन रक्षाको माग साथै निर्दोष व्यक्तिको हत्या भएकाले क्षतिपूर्ति दिलाई दोषीउपर आवश्यक कानुनी कारबाही गरिपाऊँ भन्ने ब्यहोराको मृतकको ... को मिति २०६२।३।३० मा क्षेत्रीय कार्यालय विराटनगरमा निवेदन परेको देखिन्छ । यस घटनाको सम्बन्धमा आयोगको अनुसन्धान टोलीले गरेको अनुसन्धानमा, टोलीले बयान लिएका व्यक्तिहरूको भनाइ, पत्रपत्रिकामा प्रकाशित समाचार आदि विभिन्न तथ्यहरूका आधार समेतबाट मृतकलाई बिहान ३ः३० बजे सुरक्षाकर्मी निजको बुबाको घरमा गई घर घेरी निजलाई बाहिरबोलाई, निजले

परिचय दिइसकेपछि घरको दक्षिण-पूर्व घरबारीमा भाग्न लगाई सुरक्षाकर्मीको कब्जामै रहेको अवस्थामा टाउको र ढाडमा गोली हानी मारेको भन्ने घटनाका प्रत्यक्षदर्शीसमेतको भनाइ रहेको देखिन्छ।

१२. सो घटना सम्बन्धमा जिल्ला सुरक्षा निकायको भनाइमा भने मृतक निज भीमप्रसाद पौडेल माओवादी गतिविधिमा संलग्न भएको मान्छे हो । हामीले निजको गतिविधिको बारेमा सूचना पाएपछि सो क्षेत्रमा सर्च अपरेसन गराइएको हो। घटनाका दिन सुरक्षाफौज निजको घर पुग्दा निज सुरक्षा घेरा तोडी भाग्न खोज्दा सुरक्षाफौजले हल्ट भन्दा पनि नमानेकोले गोली चलाउँदा निजको मृत्यु भएको हो । लास सद्गत गर्न निजका आफन्तलाई बुझाइएको हो; पोस्टमार्टम गरिएन । अन्य कागजपत्रको हकमा मुचुल्काहरू गरिएको छ भन्ने भनाइ रहेको पाइयो। घटनास्थलको प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदनलगायतका कागजातहरू उपलब्ध गराइदिन अनुरोध गरी २०६२।४।७ मा पत्र पठाएकोमा मिति २०६२।५।१५ मा प्राप्त जबाफमा लास बुझिलिएको कागज र लास जाँच प्रकृति मुचुल्काको कागज मात्र प्राप्त हुन आएको देखिन्छ।

१३. **नेपालको विद्यमान कानुनअनुसार जोसुकै व्यक्तिले कसुर गरेको भए पनि पक्राउ गरी सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिई कानुनबमोजिम कारबाही** (Due process of law) **गर्नुपर्नेमा निज भीमप्रसाद पौडेललाई पक्राउ गरी प्रचलित कानुनबमोजिम कारबाही गर्नसक्ने अवस्था हुँदाहुँदै निःशस्त्र रहेको अवस्थामा गोली हानी मारेको देखिन्छ । सुरक्षाकर्मीद्वारा गोली चलाउनु पर्नेसम्मको अवस्था सृजना भएको थियो भन्ने कुनै स्पष्ट आधारसमेत देखाउन सकेको पाइँदैन। सुरक्षाफौजको उक्त गैरकानुनी कार्यले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११, १२, १४ द्वारा प्रदत्त मौलिक हक-अधिकार, नागरिक अधिकार ऐन २०१२ को दफा १२, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा ६ समेतको उल्लङ्घन भएको** देखिँदा मानव अधिकार आयोग ऐन २०५३ को दफा १३ को (१) र (२) नं. बमोजिम दोषी सुरक्षाकर्मीको पहिचान गरी आवश्यक कानुनी कारबाही गर्न तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७

को नियम १७ बमोजिम पीडितका हकवाला परिवारलाई रु १,००,०००।- (अक्षेरेपी एकलाख रूपियाँ) क्षतिपूर्ति उपलव्ध गराउन श्री ५ को सरकारलाई सिफारिस गरी लेखी पठाउने ठहर्छ।

यो निर्णयको जानकारी पीडित पक्षलाई समेत दिनू।

**पेस गर्ने :**

.......................
(यज्ञप्रसाद अधिकारी)
प्रमुख, संरक्षण महाशाखा

.......... .......... ..........
सदस्य सदस्य सदस्य

............... ..............
सदस्य अध्यक्ष

इति संवत् २०६२ साल मंसिर १४ गते रोज ३ शुभम् ...............................।

# राष्ट्रिय मानव अधिकार आयोगको ठहर

सम्माननीय अध्यक्ष श्री नयनबहादुर खत्री
माननीय सदस्य सुशीला सिंह शिलु
माननीय सदस्य श्री सुदिप पाठक
माननीय सदस्य श्री गोकुल पोखरेल
माननीय सदस्य श्री डा.रामदयाल राकेश

**संवत् २०६० साल, के.का., ललितपुर**

**विषय : बेपत्ता सम्बन्धमा ।**

**प्रत्येक नागरिकको जीवन, स्वतन्त्रता, समानता र सम्मानका अधिकारहरू प्रत्याभूत गर्ने र त्यस्ता अधिकार हरूको कतैबाट उल्लङ्घन भएको अवस्थामा उपचारको उचित व्यवस्था गर्ने दायित्व राज्यको हुन्छ । यसको विपरीत सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पार्ने कार्यबाट पीडितको नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ मा उल्लिखित कानुनबमोजिम बाहेक कुनैपनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने, धारा १४(५) बमोजिम पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना दिनुपर्ने, त्यस्तो व्यक्तिलाई कानुन व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने, धारा १४(६) बमोजिम पक्राउ परेको व्यक्तिलाई २४ घण्टाभित्र अधिकारप्राप्त अधिकार ीसमक्ष पेस गर्नुपर्ने समेतका मौलिक हकहरू र नागरिक तथा राजनैतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा ९(१) मा उल्लिखित प्रत्येक व्यक्तिको स्वतन्त्रता तथा जीवनको सुरक्षाको अधिकार, स्वेच्छाचारी पक्राउ अथवा थुना विरुद्धको अधिकार, कानुनद्वारा स्थापित आधार तथा कार्यविधिबाहेक स्वतन्त्रताबाट वञ्चित नगरिने अधिकार तथा धारा ९(२) मा बमोजिम पक्राउ गर्ने समयमा पक्राउ परेको व्यक्तिलाई पक्राउको कारण जान्न पाउने अधिकारहरूको समेत उल्लङ्घन हुने।** (प्रकरण नं. ८)

१. चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं.१३ बस्ने ज्ञानेन्द्र त्रिपाठीलाई मिति २०६०/६/९ गते काठमाडौंको शान्तिनगर गेटबाट सादा पोसाकका सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेकाले निजको स्थिति सार्वजनिक गरी जीवन रक्षा गरिपाऊँ भन्ने समेत ब्यहोराको ... उजुरी मिति २०६०।६।१२ गते दर्ता

भएको देखिन्छ ।

२. सो सम्बन्धमा आयोगबाट मिति २०६०।०६।२१ मा जानकारी माग गरी तत्कालीन शाही नेपाली जङ्गी अड्डा, मानव अधिकार शाखालाई पत्र पठाई रक्षा मन्त्रालयलाई वोधार्थ पत्र पठाइएको, यसै सम्बन्धमा मिति २०६०।८।१०, मिति २०६१।३।१०, मिति २०६१।४।२८ मा रक्षा मन्त्रालयलाई ताकेता पत्र पठाइएको, मिति २०६२।१२।२ मा निज ज्ञानेन्द्र त्रिपाठीसमेतको बारेमा जानकारी माग गरी  जिल्ला प्रशासन कार्यालय काठमाडौँ र जिल्ला प्रहरी कार्यालय काठमाडौँमा पत्र पठाइएको, यसै सम्बन्धमा मिति २०६२।१२।२ गते तत्कालीन शाही नेपाली जंङ्गी अड्डा, मानव अधिकार सेल तथा जिल्ला प्रशासन कार्यालय काठमाडौँमा पत्र पठाई गृह मन्त्रालय तथा रक्षा मन्त्रालयलाई बोधार्थ दिइएकोमा हालसम्म कुनै निकायबाट जबाफ प्राप्त हुन आएको देखिँदैन ।

३. अनुसन्धानको क्रममा मिति २०६१।१२।६ गते आयोगबाट खटिएको अनुगमन टोलीले दि फेमस महेन्द्र दल गण .... मा राखिएका ..., ... र ... लाई भेट्दा निजहरूले आफूहरूलाई भैरवनाथ गण महाराजगञ्जमा राखिएको अवस्थामा निज ज्ञानेन्द्र त्रिपाठीलाई समेत आफूसँगै राखिएको र मिति २०६०।९।५ गते राती सेनाद्वारा शिवपुरीतर्फ लगिएको भन्ने जानकारी गराएको । निजहरूले मिति २०६२।६।२ गते आयोगकाको टोलीलाई दिएको बयानमा निज ज्ञानेन्द्र त्रिपाठीसमेतलाई आफूहरूसँगै भैरवनाथ गण महाराजगञ्जमा थुनामा राखिएको भन्ने उल्लेख गरेको पाइन्छ ।

४. जिल्ला ... गाविस वडा नं. १ घर भई ... कारागार ... काठमाडौँमा थुनामा रहेका ... ले आयोगका अधिकृतसमक्ष मिति २०६२।५।६ मा बयान दिई आफूलाई सुरक्षाकर्मीले पक्राउ गरी भैरवनाथ गणमा राखेको अवस्थामा निजलाई समेत भैरवनाथ गणमा थुनामा राखिएको अवस्थामा भेटेको भन्ने उल्लेख गरेको पाइन्छ । यसैगरी जिल्ला ... गाविस वडा नं. ६ घर भई ... मा थुनामा रहेका ... ले आयोगका अधिकृतसमक्ष बयान दिई आफूलाई सुरक्षाकर्मीले पक्राउ गरी भैरवनाथ गणमा राखिएकोमा सो गणमा चितवनका ज्ञानेन्द्र त्रिपाठीसमेतलाई भेटेको भन्ने उल्लेख गरेको पाइन्छ ।

५. जिल्ला ... गाविस वडा नं. २ बस्ने ... ले आयोगका अधिकृतसमक्ष बयान गरी आफूलाई मिति २०६०।८।१७ गते सुरक्षाकर्मीले पक्राउ गरी भैरवनाथ

गणमा राखेकोमा सो गणमा आफूले ज्ञानेन्द्र त्रिपाठीसमेतलाई भेटेको भन्ने बयान दिएको पाइन्छ । यसैगरी जिल्ला ... वडा नं. ७ बस्ने ... ले आयोगका अधिकृतसमक्ष बयान गरी आफूलाई मिति २०६०।६।२९ गतेदेखि २०६१।१०।४ गतेसम्म भैरवनाथ गणमा राखिएको, यस क्रममा आफूले ज्ञानेन्द्र त्रिपाठीलाई सो गणमा थुनामा राखेको अवस्थामा भेटेको र निजलाई ... सँगै राखिएको र ... ले नै आफूलाई ज्ञानेन्द्र त्रिपाठी भनी चिनाउनुभएको, त्यहीँ चिनजान भई निजको घर चितवन भएको थाहा पाएको र उमेर अन्दाजी २८ बर्ष जति भएको भन्ने उल्लेख गरेको पाइन्छ ।

६. आयोगमा विभिन्न मितिमा आफूहरूलाई भैरवनाथ गणमा राखेको भनी त्यहाँको अवस्थाको बारेमा बयान गर्ने व्यक्तिहरूको बयानमा उल्लेख भएका भैतिक सामग्री र अवस्थाहरू कतिसम्म ठीक छन् भन्ने सम्बन्धमा अनुसन्धान गर्न गएको आयोगको टोलीले मिति २०६२।१२।८ गते भैरवनाथ गणको स्थलगत अवलोकन गर्दा बयानमा उल्लेख भएका अधिकांश भौतिक अवस्था मिलेको भन्ने प्रतिवेदन प्राप्त हुन आएको देखिन्छ। राष्ट्रसङ्घीय मानव अधिकार उच्चायोगको नेपालस्थित कार्यालयले मे. २००६ मा प्रकाशित गरेको भैरवनाथ गणमा स्वेच्छाचारी थुना, यातना तथा बेपत्तासम्बन्धी प्रतिवेदनको ४९ नम्बरमा २६ सेप्टेम्बर २००३ मा ज्ञानेन्द्र त्रिपाठीलाई पक्राउ गरी भैरवनाथ गणमा राखेको उल्लेख भएको पाइन्छ ।

७. जिल्ला चितवन रत्ननगर न.पा. वडा नं. १३ बस्ने ज्ञानेन्द्र त्रिपाठीलाई मिति २०६०/६/९ गते काठमाडौँको शान्तिनगरबाट सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको भनी मिति २०६०/६/१२ मा पीडितको ... को निवेदन आयोगमा पर्न आएको, सो सम्बन्धमा सम्बन्धित निकायहरूमा लेखापढी गर्दा कुनै जानकारी प्राप्त हुन नआएको, आयोगबाट अनुसन्धानको क्रममा विभिन्न स्थानहरूबाट पक्राउमा परी भैरवनाथ गण महाराजगञ्जमा राखिएका सात जनाले निज ज्ञानेन्द्र त्रिपाठीलाई आफूहरूसँगै भैरवनाथ गण महाराजगञ्जमा थुनामा राखेको अवस्थामा भेटेको भनी आयोगमा बयान गरेको ।

८. **प्रत्येक नागरिकको जीवन, स्वतन्त्रता, समानता र सम्मानका अधिकारहरू प्रत्याभूत गर्ने र त्यस्ता अधिकार**

**हरूको कतैबाट उल्लङ्घन भएको अवस्थामा उपचारको उचित व्यवस्था गर्ने दायित्व राज्यको हुन्छ । यसको विपरीत सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पार्ने कार्यबाट पीडितको नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ मा उल्लिखित कानुनबमोजिम बाहेक कुनैपनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने, धारा १४(५) बमोजिम पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना दिनुपर्ने, त्यस्तो व्यक्तिलाई कानुन व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने, धारा १४(६) बमोजिम पक्राउ परेको व्यक्तिलाई २४ घण्टाभित्र अधिकारप्राप्त अधिकारीसमक्ष पेस गर्नुपर्ने समेतका मौलिक हकहरू र नागरिक तथा राजनैतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा ९(१) मा उल्लिखित प्रत्येक व्यक्तिको स्वतन्त्रता तथा जीवनको सुरक्षाको अधिकार, स्वेच्छाचारी पक्राउ अथवा थुनाविरुद्धको अधिकार, कानुन**द्वारा स्थापित आधार तथा कार्यविधि **बाहेक स्वतन्त्रताबाट वञ्चित नगरिने अधिकार तथा धारा** ९(२) **मा बमोजिम पक्राउ गर्ने समयमा पक्राउ परेको व्यक्तिलाई पक्राउको कारण जान्न पाउने अधिकारहरूको समेत उल्लङ्घन भएको पाइन्छ ।** त्यसैगरी २०६० चैत्र १३ गते जारी “मानव अधिकार तथा मानवीय कानुनको कार्यान्वयनमा नेपाल सरकारको प्रतिबद्धताको नं.३ मा उल्लिखित कसैलाई पनि विनाकारण पक्राउ वा नजरबन्दमा राखिने छैन, गैरकानुनी वा विनाकारण पक्राउ र जबर जस्ती बेपत्तालाई रोक्न उपायहरू अवलम्बन गरिने छन् भन्ने समेतका माथि उल्लिखित संवैधानिक व्यवस्था, कानुनी प्रावधानहरू तथा प्रतिबद्धता र मानव अधिकरका सिद्धान्तहरूको उल्लङ्घन हुन गएको देखिन्छ ।

९. अतः जिल्ला चितवन रत्ननगर न.पा. वडा नं. १३ बस्ने ज्ञानेन्द्र त्रिपाठीलाई मिति २०६०।६।९ गते कोटेश्वर तीनकुनेबाट वानेश्वर शान्तिनगर गइरहेको बेला गिरफ्तार गरी बेपत्ता पारेको भनी मिति २०६०।६।१२ मा आयोगमा उजुरी परेको । भैरवनाथ गण महाराजगंजमा सँगै हिरासतमा रहेका व्यक्तिहरूले आयोगमा दिएको बयानसमेतका आधारमा निज सैनिक हिरासतमा रहेको बुझिन आएकोले स्थिति सार्वजनिक गरी कानुनी प्रक्रियामा लैजान र आवश्यक अनुसन्धान गरी दोषीलाई

कारबाही गर्न नेपाल सरकारलाई लेखी पठाउने ठहर्छ।

यो निर्णयको जानकारी पीडित पक्षलाई समेत दिनू।

**पेस गर्ने :**

.............................
यज्ञप्रसाद अधिकारी
प्रमुख, संरक्षण महाशाखा

............. .............
सदस्य सदस्य

............. .............
सदस्य सदस्य

.............
अध्यक्ष

इति संवत् २०६३ साल असार २० गते रोज ३ शुभम् ..............................।

# राष्ट्रिय मानव अधिकार आयोगको ठहर

सम्माननीय अध्यक्ष श्री नयनबहादुर खत्री
माननीय सदस्य श्री सुशीला सिंह शिलु
माननीय सदस्य श्री सुदिप पाठक
माननीय सदस्य श्री गोकुल पोखरेल
माननीय सदस्य डा. रामदयाल राकेश

**सम्वत २०६१ साल, के.का., ललिपुर**

## विषय: यातना ।

**जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालयबाट निजलाई अनुसन्धानको क्रममा पक्राउ गरी कावासोती ब्यारेकमा राखिएको र केही दिनपछि निर्दोष सावित भएकाले आफन्तको जिम्मामा छोडिएको भन्ने जबाफ प्राप्त भएको र पिडितले प्रस्तुत फरेन्सिक बिशेषज्ञको प्रतिवेदनबाट निजलाई यातना दिएको देखिएको तथा पीडितलाई पक्राउ गरेको समय र निजले यातना पाएको भनी उल्लेख गरेको समय मिल्दोजुल्दो देखिएको भनी उल्लेख भएबाट सुरक्षाकर्मीले निजलाई यातना दिएको प्रमाणित हुन्छ।** (प्रकरण नं. १३)

१. जिल्ला ... बस्ने बर्ष २८ का श्री ... प्राथमिक विद्यालय ...गाविस वडा नं. ... का शिक्षक ... लाई मिति २०५५।१०।२८ गतेदेखि फाल्गुन ५ गतेसम्म कावासोती ठानामा राखी यातना दिइएको, २०५८ साल फाल्गुन १२ गतेदेखि चैत्र ८ गतेसम्म चितवन जिल्लामा रहेको कसरा ब्यारेकमा राखी यातना दिँदा शारीरिक रूपमा ज्यादै अशक्त भएको, हातखुट्टा र आँखामा पट्टी बाँधी गिटीमा घिसार्नेदेखि आलो घाउमा सिस्नो लगाउनेसम्मको कार्य सेनाद्वारा गरिएको साथै मिति २०६१।११।२३ गते बिहान ६:०० बजे नवलपरासीको ... बाट विद्यालय गएको समयमा सुरक्षाफौजले पक्राउ गरी विनाकारण हिरासतमा राखी अनावश्यक प्रश्न सोध्ने, बर्बर यातना दिने जस्ता कार्य गरी शारीरिकरूपमा अशक्त बनाएकाले मानव अधिकारको संरक्षण गरी दोषीलाई कारबाही गरी उचित क्षतिपूर्ति दिलाइपाऊँ भनी आयोगमा निवेदन दर्ता हुन आएको रहेछ।

२. निवेदन दर्ता भएपछि आयोगबाट मिति २०६१।१२।०३ मा रक्षा मन्त्रालय, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय मानव अधिकार एकाइ, शाही नेपाली

सेना, जङ्गी अड्डा, मानव अधिकार शाखा, जिल्ला प्रशासन कार्यालय नवलपरासीमा निजलाई पक्राउ गरी यातना दिनुपर्ने कारण माग गरी पत्राचार गरिएको रहेछ।

३. जिल्ला प्रशासन कार्यालय नवलपरासीको मिति २०६२।०३।०१ को प्राप्त पत्रमा– निज ... लाई सुरक्षाफौजको कर्डन एन्ड सर्च कारबाहीमा प्रगतिनगर इलाकामा आतङ्ककारी तथा बिध्वंशात्मक कार्यमा शंकास्पद देखी निजलगायत अन्य दुई जना पक्राउ परेका हुन् । पक्राउपछि अनुसन्धान गर्दा निज ... निर्दोष देखिएकाले निजलाई मिति २०६१।११।२७ गते निजकै ..., कावासोती ... का ...र ... का ... को रोहबरमा जिम्मा लगाई कावासोती पोस्टमै छोडिएको र पक्राउ पश्चात् कुनै यातना नदिइएको" भन्ने ब्यहोरा भएको पत्र प्राप्त भएको रहेछ । यस्तै मिति २०६२।०४।३१ मा गृह मन्त्रालय, शान्ति सुरक्षा शाखाबाट निजलाई सोधपुछको क्रममा सुरक्षाफौजको वेस क्याम्प कावासोतीमा राखी सोधपुछ कार्य समाप्त भएपछि मिति २०६१।११।२७ गते निजको ... नाता पर्ने ... को जिम्मामा बुझाइएको भन्ने विवरणसहितको पत्र प्राप्त भएको रहेछ।

४. पीडितले यातना पीडित सरोकार केन्द्र (सिभक्ट) मा उपचार गराएको अभिलेखबाट देखिन्छ। मिति २०६२।०२।१३ को यातना पीडित सरोकार केन्द्र नेपालको पत्रानुसार मेडिकल अधिकृत ... ले निजको स्वास्थ्य परीक्षण गर्दा निम्न प्रकारका शारीरिक तथा मानसिक समस्याहरू देखिएको र हालसम्म पनि निजको उपचार भइरहेको व्यहोरा उल्लेख रहेछ। उक्त अभिलेखअनुसार निज पीडितलाई शारीरिकरूपमा शरीर दुख्ने र रिँगटा लाग्ने समस्या भएको र मानसिक रूपमा छटपटी हुने, डर लागिरहने, डर लाग्दो सपना देख्ने समस्या रहेको उल्लेख गर्दै रोगको निदान Acutestress reavtion and Multiple Abrasions बाट हुने र त्यसको लागि औषधी उपचार, मनोविमर्श सेवा, फिजियोथेरापी सेवा र Forensic consultation आवश्यक भएको ब्यहोरा पनि उल्लेख रहेछ।

५. त्रिवि शिक्षण अस्पताल, मेडिकल क्याम्पस महाराजगञ्जको फरेन्सिक

बिभागबाट मिति २०६१।१२।०४ मा प्राप्त प्रतिवेदनमा निज ... को शरीरमा ब्लन्ट फोर्सबाट चोटपटक रहेको पाइएको र घटना सम्झनासाथ उत्तेजित हुने भएकाले निजलाई मनोचिकित्सकसित परामर्श लिई उपचार गराउनुपर्ने देखिएको भनी लेखी आएको रहेछ । फरेन्सिक बिभागबाट मिति २०६२।०२।१३ मा लेखी आएको अर्को पत्रमा निजको शरीरमा निम्नलिखित घाउचोट रहेको र निजले शरीरका घाउचोट कुटपिटबाट भएको तथा Age of injiury र निजले सुरक्षाकर्मीले कुटेको भनी उल्लेख गरेको समयसँग मिल्न गएको भन्ने चिकित्सकको प्रतिवेदन रहेछ।

- कुमको माथिल्लो भागमा 8cm × 1.5cm को घाउको खत
- घाँटीको भागमा 18cm ×1.5cm को आलो घाउ
- बायाँ छातीमा 10cm × 2cm को आलो घाउ
- पाखुराको माथिल्लो भागमा 6cm×1.5cmको घाउको खत

६. यसैगरी शरीरका विभिन्न भागमा आलो तथा पुरानो घाउका खत तथा दागहरू रहेको पाइएको पनि उल्लेख रहेछ।

७. मिसिल अध्ययनगरी हेर्दा निज ... कीर्तिपुरमा डेरा गरी त्रिभुवन बिश्वविद्यालयमा अध्ययनरत रहेको समयमा र यसपछि पनि पुनः मिति २०६२।०८।१४ गते बेलुकी ६:०० बजे सादा पोसाकमा आएका सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता बनाएकाले अवस्था सार्वजनिक गरी जीवन रक्षा गरिपाऊँभनी नेपाल मानव अधिकार सङ्गठन र ... ले मिति २०६२।०८।२८ मा आयोगमा पुनः निबेदन दर्ता गराउनु भएको रहेछ । निजको पक्राउ हुनुको कारण निजले आयोगमा उजुरी दर्ता गराएका प्रमाणहरू र यातना पीडित सरोकार केन्द्रमा मनोविमर्श सेवा प्राप्त गरेका कागजातहरू निजका साथमा फेला परेका कारण भएको भनी उजुरीकर्ता ... ले उल्लेख गरेका रहेछन् ।

८. उक्त उजुरी दर्ता भएपछि तत्काल आयोगबाट शाही नेपाली जङ्गी अड्डा मानव अधिकार शाखामा सम्पर्क गर्दा निज ... लाई छानवीन तथा अनुसन्धान केन्द्र सुन्दरीजलमा राखिएको जानकारी प्राप्त भएको । आयोगको पहलमा रिहा भएपछि निजले मिति २०६२।१०।२०

मा आफू आयोगको पहल र सहयोगका कारण रिहा भएकाले आयोगलाई धन्यबाद पत्रसमेत दिएका रहेछन् ।

९. कावासोती ब्यारेकमा तत्कालीन प्रहरी निरीक्षक धिरज प्रताप सिंहले मिति २०५६।१०।२८ गतेदेखि फाल्गुन ४ गतेसम्म थुनामा राखी घन्टौँसम्म मुखमा कपडाले थुन्ने र हात खुट्टा बाँधी पैतालामा हानी शारीरिक यातना दिएको परिणाम हाल देब्रे खुट्टाको पैतालाले राम्रोसित हिँड्न सक्दिनँ । सो समयमा खुट्टामा पिन गाड्नेसमेत गरेका थिए । त्यसपछि २०५८ साल फाल्गुन १३ मा कसरा ब्यारेक चितवनअन्तर्गत नन्दपुर पोस्टका तत्कालीन क्याप्टेन रोहित गुरुङको नेतृत्वमा रहेको टोलीले पक्राउ गरेको पाँच मिनेटपछि आँखामा पट्टी बाँधी, हातखुट्टा बाँधी, ढुङ्गाको गेगरमा घिसारिएको, शरीरमा खुर्सानी र सिस्नो पानी लगाइएको र पानीमा टाउको पटक पटक डुबाई मूर्च्छित बनाए । यो क्रम २५ दिनसम्म चलिरह्यो । मलाई फर्जी प्रमाण देखाई माओबादीको गलत आरोप लगाएका थिए । त्यसपछि २६ औं दिन मलाई तारेखमा छोडिदिए । म अशक्त बनिसकेको थिएँ । तत्काल मैले कहीं पनि उजुरी गर्न सकिनँ । त्यसपछि २०६१।१०।२३ गतेसम्म ८५ पटक नन्दपुर पोस्टअन्तर्गत कलुवामा तारेख खेपें । मिति २०६१।१०।२८ गते ... बिद्यालयमा पढाइरहेको बेलामा सैनिक जवानहरूले स्कुलमा नै घेरा हाले । हाम्रा प्रधानाध्यापकले मेरो शिक्षकले कक्षामा पढाइरहेको बेला पक्रन मिल्दैन भन्दा ४:०० बजे ब्यारेकमा पठाइदिनु भनी उनीहरू गए । त्यसपछि २०६१।११।२३ गते प्रगतिनगरबाट ... लाई बिहान ६:०० बजे आँखामा पट्टी बाँधी कावासोती ठाना पुऱ्यायो । हाम्रो हातमा हतकडी र खुट्टामा डोरीले बांधेको थियो । त्यहाँ पुऱ्याएपछि नाकमा पानी हाल्ने, पिन घोच्ने, खुर्सानी नाकमा हालिदिने जस्ता क्रियाकलाप जारी राखेका थिए । त्यसपछि सोही महिनाको २७ गते बेलुका ७:०० बजे छोडिदिए । त्यसपछि म मेरा सबै शुभचिन्तकको सल्लाहले काठमाडौँ आई आयोगमा उजुरी हालेको हुँ । हाल म विस्थापित भई कीर्तिपुर, काठमाडौँमा छु । हाल म आफ्नो जिल्ला फर्कन सक्ने अवस्थामा छैन । यस बिषयमा दोषीलाई कडा कारबाही गरी उचित क्षतिपूर्ति दिलाइ पाउँ भन्ने मेरो माग रहेको छ भन्ने पीडितको भनाइ मिसिल संलग्न रहेछ ।

१०. ... पेसाले शिक्षक हुनुहुन्छ । वहांलाई २०५६ सालमा पहिलोपटक आफूलाई सुरक्षाकर्मी बताउने सादा पोसाकमा आएका मानिसहरूले पक्राउ गरेको हो । त्यसपछि २०५८ सालमा देशमा सङ्कटकाल लागेको बेला पुनः पक्राउ गर्यो । २०६१ सालमा पनि प्रगतीनगरमा आफ्नै घरायसी कामकाजले ... को घरमा गएको अवस्थामा युनिफाइड कमान्डका सुरक्षाकर्मीहरूले पक्राउ गरी कावासोती थानामा लगे । निजलाई हरेक पटकको पक्राउमा जबरजस्त बयान गराउने, परिवारलाई भेटघाट गर्न नदिने, कुटपिट गर्ने जस्ता क्रूर ब्यबहार गर्दथे । ७ दिन कावासोती थानामा राखेर छोड्दा निजको अनुहार निलो पहेंलो, पैतालामा र पिँडुलामा निल डामहरू तथा कसैको साहाराविना हिँडुडुल गर्न नसक्ने अवस्थामा थिए । सिँगान फाल्दा निजको नाकबाट रगत बग्दथ्यो । नारायणघाट अस्पतालमा उपचार गराएपछि मात्र पानी खान सक्नुभयो । त्यसबेला सुरक्षाकर्मीले दिएका यातनाको असरबाट पटक पटक झस्किने, निद्रामा बरबराउने, गोडा दुख्ने, राम्ररी हिँड्न नसक्ने लक्षणहरू हालसम्म पनि देखिइरहेका छन् । हाल उनी शरीर तातो पानीले सेक्ने, खाना राम्रोसित नपच्ने, पेट पोल्ने समेत हुने गरेको छ । वहां हालसम्म पनि औषधी सेवन गरिरहनु भएको छ । वहांलाई सुरक्षाकर्मीले माओबादीको आरोप लगाएको थियो । मैले बुझ्ेसम्म वहां एक शिक्षण पेसामा संलग्न शुद्ध विचार भएको व्यक्ति हो । निजलाई मैले १० वर्ष अघिदेखि एक कुशल शिक्षकको रूपमा चिन्दछु । निज हाल आफ्नो जिल्ला फर्कने स्थितिमा हुनुहुन्न आफ्नो शिक्षण पेसा नै त्यागेर विस्थापीत भई जीवन-यापन गरिरहेको हुनुहुन्छ । निजलाई सुरक्षाकर्मीले दिएको यातनाका कारण निजको स्वास्थ्यमा दीर्घकालीन असर पुगेको देखिन्छ भन्ने ... को भनाइ पनि मिसिल संलग्न रहेछ ।

११. म ... लाई २०५६ सालदेखि नै चिन्दछु । वहां मेरो ... पनि हो । श्री ... प्रा.बि. ... र श्री ... मा.बि. ... मा अध्यापन गराई रहनुभएको थियो । निजलाई अध्यापन गराइरहेको बेलामा सादा पोसाकमा आएका प्रहरीले बिद्यालयबाटै काम छ भनी आफ्नै घरको बाटो गरी ... बजारतिर लगेका थिए । त्यसको ६ दिनपछि वहां फर्कनुभयो । वहांका शरीरमा प्रशस्त निलडाम देखिएका

थिए । वहां शारीरिक तथा मानसिक रूपमा अशक्त देखिनुहुन्थ्यो । त्यसपछि पनि वहांलाई २०५८ सालमा घरमा बसिरहेको बेलामा शाही नेपाली सेनाका जवानहरूले लगेर एक महिनासम्म थुनामा राखी चरम यातना दिई छाडेका थिए । वहांका खुट्टा तथा पैतालाहरू फुटेर छियाछिया परेका देखिन्थे । वहाँ आफै हिँडडुल गर्न नसक्ने अवस्थामा हुनुहुन्थ्यो । हामी सबै मिलेर मेडिकल अस्पताल लगी उपचार गर्यौं । त्यसपछि पुनः संयुक्त सुरक्षाफौजको एक टोलीले २०६१ साल फाल्गुन महिनामा पक्राउ गरी थुनामा राखी यातना दियो । जसको प्रमाण तथा असर हालसम्म पनि देख्न सकिन्छ। सुरक्षाकर्मीले दिएको यातनाका कारण वहाँलाई दीर्घकालीन असर पुगेको छ । वहाँ एक कुशल शिक्षक भएकाले आयोगले सही रूपमा छानवीन गरी एक पीडीतलाई न्याय र क्षतिपूर्ति दिलाओस् । निज सुरक्षाकर्मीको धम्कीका कारण बिस्थापित भएका कारण आयोगले निजलाई पुनः आफ्नै जिल्लामा फर्की अध्यापन गर्नसक्ने वातावरण सिर्जना गरोस् भन्ने चाहन्छु भन्ने ... को भनाइ पनि मिसिल संलग्न रहेछ।

१२. जिल्ला नवलपरासी ... बस्ने बर्ष २८ का श्री ... प्राथमिक बिद्यालय ... गाविस वडा नं. ... का शिक्षक ... लाई मिति २०५५।१०।२८ गतेदेखि फाल्गुन ५ गतेसम्म कावासोती ठानामा राखी यातना दिइएको, मिति २०५८ साल फाल्गुन १२ गतेदेखि चैत्र ८ गतेसम्म चितवन जिल्लामा रहेको कसरा ब्यारेकमा राखी यातना दिँदा शारीरिक रूपमा ज्यादै अशक्त भएको हातखुट्टा र आँखामा पट्टी बांधी गिटीमा घिसार्ने, आलो घाउमा सिस्नो लगाउने कार्य सेनाद्वारा गरिएको साथै मिति २०६१।११।२३ गते बिहान ६:०० बजे नवलपरासीको प्रगतिनगरबाट विद्यालय गएको समयमा सुरक्षाफौजले पक्राउ गरी विनाकारण हिरासतमा राखी यातना दिने जस्ता कार्य गरी शारीरिकरूपमा अशक्त बनाएको भनी निजले उल्लेख गरेको र सो घटनाको बारेमा स्थानीय शिक्षक, सामाजसेवी, सामाजिक कार्यकर्ता, गाविस सचिव, निवर्तमान गाविस अध्यक्ष तथा सदस्यहरू, पूर्व सांसद, स्वाश्थ्य कार्यकर्ता गरी जम्मा सोह्र जना व्यक्तिहरूले हस्ताक्षर गरी आयोगमा पेस गरेको देखिन्छ । निज पीडित ... सोही जिल्लाको श्री ... बिद्यालयमा

लामो समयदेखि शिक्षण पेसामा संलग्न रहेको देखिन्छ।

१३. एक शिक्षकलाई सुरक्षाकर्मीले बिनाकारण पक्राउ गरी गैरकानुनी रूपमा शारीरिक तथा मानसिक यातना दिएको निजले पेस गरेका मेडिकल प्रतिवेदनबाट पुष्टि भएको छ। **जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालयबाट निजलाई अनुसन्धानको क्रममा पक्राउ गरी कावासोती ब्यारेकमा राखिएको र केही दिनपछि निर्दोष सावित भएकाले आफन्तको जिम्मामा छोडिएको भन्ने जबाफ प्राप्त भएको र पिडितले प्रस्तुत फरेन्सिक बिशेषज्ञको प्रतिवेदनबाट निजलाई यातना दिएको देखिएको तथा पीडितलाई पक्राउ गरेको समय र निजले यातना पाएको भनी उल्लेख गरेको समय मिल्दोजुल्दो देखिएको भनी उल्लेख भएबाट सुरक्षाकर्मीले निजलाई यातना दिएको प्रमाणित हुन्छ।**

१४. यसरी पीडित तथा प्रत्यक्षदर्शीको बयानबाट निज पीडित ... शिक्षक रहेका र निजलाई सुरक्षाकर्मीले बिनाकारण विद्यालयबाट नै पक्राउ गरी चरम यातना दिएका कारण हालसम्म पनि औषधी सेवन गरिरहेको र निद्रामा झस्किने तर्सिने जस्ता समस्याबाट पीडित रहेको भन्ने तथ्यलाई फरेन्सिक बिशेषज्ञको प्रतिबेदनले समेत प्रमाणित गरेको छ।

१५. सुरक्षाकर्मीको उपर्युक्त कार्य तथा ब्यबहारबाट नेपाल अधिराज्यको संबिधान २०४७ को धारा १२ र १४, मानव अधिकारसम्बन्धी बिश्वव्यापी घोषणापत्र १९४८ को धारा ५, नागरिक तथा राजनीतिक अधिकारसम्बधी अनुबन्ध १९६६ को धारा ७, यातना तथा अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड सजायविरुद्धको महासन्धि १९८४ को धारा २ को उल्लङ्घन भएको देखिन्छ । अतः पीडित व्यक्तिलाई पर्न गएको शारीरिक वा मानसिक पीडाको मात्रा र त्यसको गम्भीरता, शारीरिक वा मानसिक क्षति र त्यस्तो क्षति भएको कारणबाट पीडित व्यक्तिको आयआर्जन गर्न सक्ने क्षमतामा भएको ह्रास, उपचार गराउँदा लागेको तथा उपचार गराउन लाग्ने अनुमानित खर्चसमेतको आधारमा यातना दिने सुरक्षाकर्मीलाई आवश्यक अनुसन्धान गरी कडा कारबाही गर्न तथा राष्ट्रिय मानव अधिकार आयोग

उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम १८ बमोजिम क्षतिपूर्ति ५०,०००।- उपलब्ध गराई सोको पचास प्रतिशत पीडकबाट भराउने गरी नेपाल सरकारलाई लेखी पठाउने निर्णय गरियो।

यो निर्णयको जानकारी पीडित पक्षलाई समेत दिनू।

**पेस गर्ने :**

....................
यज्ञप्रसाद अधिकारी
प्रमुख, संरक्षण तथा अनुगमन महाशाखा

| .......... | .......... | .......... |
|---|---|---|
| सदस्य | सदस्य | सदस्य |

| ................ | ............. |
|---|---|
| सदस्य | अध्यक्ष |

इति सम्वत २०६३ साल जेष्ठ २३ गते रोज ३ शुभम् .................................।

## केन्द्रीय कार्यालय

हरिहर भवन, ललितपुर

इमेल : nhrc@nhrcnepal.org

फोन : ०१-५०१००१५/१६/१७/१८

वेबसाइट : www.nhrcnepal.org

फ्याक्स : ०१-५५४७९७३, ५५४७९७५

हटलाइन : ०१-५०१००००

## क्षेत्रीय कार्यालयहरु

विराटनगर, बरगाछी

फोन : ०२१-४६१९३१,४६१०९३

फ्याक्स : ०२१-४६११००

जनकपुर, देवीचोक

फोन : ०४१-५२७८११, ५२७८१२

फ्याक्स : ०४१-५२७२५०

पोखरा, जनप्रिय मार्ग

फोन : ०६१-४६२८११, ४६३८२२

फ्याक्स : ०६१-४६५०४२

नेपालगञ्ज, शान्तिनगर

फोन : ०८१-५२६७०७, ५२६७०८

फ्याक्स : ०८१-५२६७०६

धनगढी, उत्तर बेहेडी

फोन : ०९१-५२५६२१, ५२५६२२

फ्याक्स : ०९१-५२५६२३

## उपक्षेत्रीय कार्यालयहरु

खोटाङ्, दिक्तेल

फोन : ०३६-४२०२८४

रुपन्देही, बुटवल

फोन : ०७१-५४६९११

फ्याक्स : ०७१-५४७७६२

जुम्ला, खलङ्गा

फोन : ०८७-५२०२२२